# देश र जनताको नि:स्वार्थ सेवा नै नेमकिपाको अपराध ?

भक्तपुर । "तकियामुनि सर्प राखेर सुत्दा कुनै पनि समयमा सर्पले डस्छ । ठीक त्यसरी नै कामदारवर्गको अहितमा लागेकाहरू नेमकिपामा अटन सक्दैनन् ।"

उक्त विचार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले श्रमिक बचत तथा ऋण सहकारी संस्थाले आयोजना गरेको 'भक्तपुर काण्ड' को विरोध एवम् भर्त्सना कार्यक्रममा भाद्र ६ गते व्यक्त गर्नुभएको हो ।

"देश र जनताको नि:स्वार्थ सेवामा लागेको नेमकिपाविरुद्ध पञ्चायती सरकारले भक्तपुर काण्डको षडयन्त्र गर्‍यो । जोताहा किसानहरूको पक्ष लिएकोले पार्टीको प्रभाव बढ्ने डरबाट तर्सेर जनविरोधी पञ्चायती सरकार षड्यन्त्रमा लाग्यो । नेमकिपाका नेता कार्यकर्तालाई फाँसीको समेत माग गरेको पञ्चायती व्यवस्था जनआन्दोलनकै बलमा ढलेको हो । समाजमा दुई थरी मानिस हुन्छन्, एक थरी गुणको बदला गुण तिर्ने र अर्को थरी गुणको बदला बैगुनी बन्ने । भक्तपुरका केही पञ्चहरूले नेमकिपाको गुणलाई बैगुन गरेका थिए," उहाँले अगाडि भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "शासक दलका नेता कार्यकर्ताहरू नै सहकारीको बचत हिनामिनामा संलग्न भएका छन् । सहकारी संस्थामा भएको अनियमितताको विरोधमा २०२५-२६ सालमा भक्तपुरमा भएको विरोधको इतिहासबाट पार्टी कार्यकर्ताहरू सचेत हुनु जरुरी छ ।"

"सहकारी संस्थाले स्थानीय जनताको आर्थिक उन्नयनका लागि साना कुटीर उद्योग खोल्नु जरुरी छ । स-साना उद्योग, व्यवसायले स्थानीय जनताको रकम स्थानीयकै हातमा पुग्छ । कृषि उत्पादन बढाउन र पशुपालन व्यवसायमा पनि सहकारी संस्थाले लगानी गर्नुपर्छ," उहाँले भन्नुभयो ।

कम्युनिस्ट पार्टीका कार्यकर्ताहरूले व्यक्तिगतभन्दा सामूहिक स्वार्थलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले पुँजीवादी विचारलाई त्याग्नु कम्युनिस्ट कार्यकर्ताहरूको कर्तव्य भएकोले सहकारीका सदस्यहरू पनि सामूहिक स्वार्थमा लाग्नु जरुरी छ भन्नुभयो ।

श्रमिक बचत तथा ऋण सहकारी संस्थाको महिला तथा बालबालिका उत्थान उपसमितिका संयोजक रामलक्ष्मी

बाँकी पृष्ठ १२ मा

साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क ३१ ✪ ९ भदौ २०८३, मङ्गलबार ✪ 25 August 2026, Tuesday ✪ मूल्य रू. १०।-

## भनपाद्वारा सञ्चारकर्मीहरूप्रति आभारी कार्यक्रम

# 'सञ्चार माध्यममा भक्तपुर नपा' पुस्तकबारे परिचर्चा

भक्तपुर । भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चार माध्यममा 'भक्तपुर नपा' र 'सञ्चार माध्यममा भक्तपुर नपा २' पुस्तकको परिचर्चा तथा लेखक, पत्रकार र सञ्चारकर्मीहरूलाई धन्यवाद ज्ञापन कार्यक्रम भाद्र ७ गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले पुस्तकका लेखक, पत्रकार तथा विभिन्न सञ्चार माध्यममा आबद्ध सञ्चारकर्मीहरूलाई धन्यवाद ज्ञापनसहित सम्मानपत्र तथा मायाको चिनो वितरण गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेंले आफ्नो अनुहार हेर्न ऐना आवश्यक भएजस्तै नगरपालिकाले गरेका कामका सकारात्मक पक्ष र कमी-कमजोरी औँल्याउन सञ्चारकर्मीहरूको भूमिका आवश्यक पर्ने बताउनुभयो ।

उहाँले नगरपालिकाका कामका सकारात्मक र नकारात्मक पक्षबारे आलोचनात्मक दृष्टिकोण आवश्यक रहेको उल्लेख गर्दै जनताबाट प्राप्त रचनात्मक सुझावले नगरपालिकालाई थप व्यवस्थित रूपमा अगाडि बढ्न प्रेरणा मिल्ने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "हरेक मुद्दामा अपराधी विजयी हुन नपाउने दिन आउनेछ, साना-साना स्वार्थभन्दा माथि उठेर जनताको हितमा काम गर्ने सोचले समाज समृद्ध बन्ने छ । भक्तपुरका सम्पदाबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत चर्चा भइरहेको छ ।"

भक्तपुर नगरपालिकाले नयाँ पुस्तालाई विदेशी भाषा सिकाएर विदेशी पर्यटकलाई भक्तपुर घुमाउन सहज वातावरण सिर्जना गरिरहेको उल्लेख गर्दै




उहाँले नगरपालिकाले आफ्ना कमी-कमजोरी सुधार्दै अझ राम्रो काम गर्दै जानु जरुरी छ भन्नुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आफूहरू दोस्रो कार्यकालको अन्तिम वर्षमा रहेको उल्लेख गर्दै कार्यकालको अन्तिम दिनसम्म पनि जनताको सेवा गर्न नछोड्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाका गतिविधि, अभ्यास र उपलब्धिहरूलाई पत्रकार, लेखक तथा अनुसन्धानकर्ताहरूले विभिन्न सञ्चार माध्यममार्फत जनताबिच पुर्‍याउन महत्त्वपूर्ण योगदान गरेको बताउँदै सम्पूर्णलाई धन्यवादज्ञापन गर्नुभयो ।

उहाँले भक्तपुरको विकासमा राजनीतिक दलका नेता तथा कार्यकर्ता, पूर्व र वर्तमान जनप्रतिनिधि र नि:स्वार्थ भावनाले काम गर्ने स्थानीय जनताको महत्त्वपूर्ण योगदान रहेको उल्लेख गर्नुभयो ।

प्रमुख प्रजापतिले २०५९ सालदेखि २०७४ सालसम्म जनप्रतिनिधिविहीन हुँदा भक्तपुरको विकास करिब ३०-४० वर्ष पछाडि परेको, २०७४ र २०७९ सालको स्थानीय तह निर्वाचनपछि भक्तपुरको विकासलाई व्यवस्थित र सन्तुलित ढङ्गले अगाडि बढाउने प्रयास भइरहेको बताउनुभयो ।

उहाँले पञ्चायती व्यवस्थाकै समयमा पनि भक्तपुर नगर पञ्चायतले शिक्षा प्रचार, सरसफाइ अभियान सञ्चालन तथा आर्थिक गतिविधिलाई पारदर्शी बनाउँदै छुट्टै पहिचान कायम गरेको र 'सय वर्षपछिको भक्तपुर' पुस्तकलाई आधार मानी नगरपालिकाले विकास निर्माणको कार्य अगाडि बढाइरहेको बताउनुभयो ।

बाँकी पृष्ठ १२ मा

# कुलतको असर भावी सन्तानमा पर्न सक्ने हुँदा सचेत हुन आवश्यक

भक्तपुर । दिदीबहिनी समूह भनपा ४ को आयोजनामा भाद्र ६ गते च्वङा गणेश स्थान, सल्लाघारीमा एक प्रशिक्षण कार्यक्रम भयो ।

नेमकिपाका सचिव प्रेम सुवालले स्वस्थ निरोगी जीवन बाँच्न खानपिनमा सुधार गर्नुपर्ने र विषादीयुक्त तरकारी र खाद्य सामग्री सेवनमा सतर्कता अपनाउनुपर्ने आवश्यकताबारे चर्चा गर्नुभयो । आमाबुबाले धूमपान, मद्यपान र लागूपदार्थ सेवन गरे पुस्तौँसम्मका सन्तानहरूमा नकारात्मक मानसिक वा शारीरिक असर पर्ने अध्ययनले देखाउँछ भन्दै उहाँले पढ्न नसके पनि राम्रो काम गर्ने, बोली वचन राम्रो भएमा संस्कार भएको मानिन्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "नेमकिपाले देश र जनताको सेवाबाहेक अरू कुनै स्वार्थ राखेको छैन । २०१९ सालमा पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले नगरपालिकामा निर्वाचित हुँदादेखि अहिलेसम्म नि:स्वार्थरूपमा जनताको काम गर्दै आइरहेको छ ।"

पार्टी सङ्गठनमा लागेका कार्यकर्ताका छोराछोरीहरूको विवाह नहुने, बुहारी नपाइने भन्ने समाज अहिले पनि रहेको बताउँदै उहाँले मुख्य कुरो समाज परिवर्तनका लागि लाग्ने हो भन्नुभयो ।

नयाँ पुस्तालाई सही बाटोमा हिँडाउन आफूहरूले पनि असल काम गर्न जोड दिँदै सचिव सुवालले भदौ २३ र २४ का दोषीहरूलाई सजाय दिनुपर्ने भनाइ राख्दै जेनजी सरकार पनि विदेशीकै इसारामा चलिरहेको हुनाले अहिले पनि देशको स्थिति अन्यौलमा नै रहेको चर्चा गर्नुभयो ।

ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले भदौ ९ कालो दिनको संस्मरण गर्दै दिदी बहिनीहरूको एकताले नै राज्यको षड्यन्त्रमा जेल परेका अग्रजहरूलाई रिहाइ गर्न ठुलो बल पुगेको बताउनुभयो । उहाँले पाँचवर्ष कानुन अध्ययन गरिसकेपछि अन्तर्राष्ट्रिय अदालतमा समेत बहस गर्न सकिने जानकारी गराउँदै विदेश पढ्न जाने विद्यार्थीहरूलाई सम्झाइबुझाइ गर्न घर-घरमा जाने काम गर्दै आइरहेको बताउनुभयो ।

अनलाइन जागीरमा ठगीका मुद्दाहरू धेरै बढिरहेको हुनाले सचेत हुन आग्रह गर्दै उहाँले पैसाको लागि किशोरीहरूले आफ्नो पाठेघरमा भएको अण्ड (डिम्व) समेत बेच्ने गरेको, साइबर अपराध र चेक बाउन्सका मुद्दाहरूमा धेरै महिलाहरू फसिरहेको हुनाले कानुनी ज्ञान राख्नुपर्ने आवश्यकतामाथि प्रकाश पार्नुभयो ।

स्थानीय हरिसुन्दर सुवालले शिक्षा, स्वास्थ्य, सरसफाइमा भक्तपुरमा भएको परिवर्तनमा अग्रज पुस्ताले गरेको योगदान अविस्मरणीय रहेको चर्चा गर्दै आपसी मेलमिलाप, मित्रता र एकताले नै आदर्श समाज स्थापनाका आधार भएको पुष्टि गर्नुभयो ।

दिदीबहिनी समूह भ.न.पा. ४ अध्यक्ष कृष्णलक्ष्मी दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा रामलक्ष्मी दुवालले पनि बोल्नुभयो ।

# क्रान्तिकारिताबिना कोही व्यक्ति युवा नहुने

भक्तपुर । २६ औँ अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा भक्तपुर नगरपालिका-७ नं. वडा कार्यालयको आयोजनामा भाद्र ५ गते विद्यार्थी सम्मान तथा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले युवा उमेरले मात्र नभई विचारले हुने बताउनुभयो । उहाँले युवामा परिवर्तनकारी तथा क्रान्तिकारी विचार हुनुपर्ने धारणा राख्दै प्रतिगामी सोचको विरोध गर्नुपर्ने विचार राख्नुभयो ।

राजतन्त्र पुन:स्थापनाको मागलाई प्रतिगामी सोचको संज्ञा दिँदै उहाँले विगतमा जनतालाई धोका दिने राजनीतिक प्रवृत्तिको आलोचना गर्नुभयो । जनताको हित र देशको स्वाधीनताका पक्षमा दृढतापूर्वक उभिन सक्ने व्यक्ति नै वास्तविक अर्थमा युवा हुने उहाँको भनाइ थियो ।

प्रमुख प्रजापतिले गैरसरकारी संस्था ( एनजीओ) तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था ( आइएनजीओ) का गतिविधिप्रति जनता सचेत हुनुपर्ने बताउनुभयो । देश निर्माणका लागि विदेशी सहयोगमा मात्र निर्भर नभई नेपाली आफैँले आफ्नो देश निर्माण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाले नगर क्षेत्रका सम्पदाहरूको मर्मत तथा जीर्णोद्धार स्थानीय जनतासँगको सहकार्यमा गर्दै आएको उल्लेख गर्दै उहाँले यसबाट सम्पदा संरक्षणमा स्थानीय जनताको अपनत्व बढेको बताउनुभयो ।

उहाँले विगतमा लामो समय सरकारमा रहेका राजनीतिक दलहरूले सार्वजनिक सरकारी कलकारखाना तथा उद्योगहरू कौडीको मूल्यमा बिक्री गरी बन्द गराएको आरोप लगाउँदै त्यसको समीक्षा जनताले गर्नुपर्ने आवश्यक रहेको बताउनुभयो ।

देशका उद्योग, कलकारखाना र उत्पादनका क्षेत्रलाई पुनर्जीवित गरी युवालाई स्वदेशमै रोजगारीका अवसर उपलब्ध गराउनुपर्ने उहाँको भनाइ थियो ।

भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले लाखौँ युवा विदेशमा राखेर देशको विकास सम्भव नहुने बताउनुभयो । उहाँले स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न सरकारले रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर आफैँमा एउटा विश्वविद्यालयसरह रहेको उल्लेख गर्दै उहाँले भक्तपुरका हरेक विषयवस्तु तथा सम्पदा अध्ययन र विद्यावारिधिका लागि महत्त्वपूर्ण विषय बन्न सक्ने बताउनुभयो । युवाले विदेशमा अवसर खोज्नुको सट्टा स्वदेशमै प्राप्त ज्ञान, सीप र क्षमताको उपयोग गर्नुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा भक्तपुर युवा टीमका सचिव रामेश्वर मचामसी, सहिद स्मृति पुस्तकालयका अध्यक्ष नारायणप्रसाद मचामसी, अध्यक्ष दीपक खिचाजू र बिनु वनमालाले शिक्षा, मेरिना लवजूले आयुर्वेदिक चिकित्सा, सुशीला ताहामताले कानुन, किरण किसीले अन्तर्राष्ट्रिय सम्बन्ध, किशोर गोसाईंले अर्थशास्त्र, बलराम गोसाईंले जनप्रशासन र सविन ख्याजूले कृषि विषयमा आफ्नो अनुभव र विचार राख्नुभएको थियो ।

कार्यक्रममा विभिन्न विषयमा स्नातकदेखि विद्यावारिधि पूरा गरेका ३५ जना विद्यार्थीलाई सम्मान गरिएको थियो । विद्यार्थी सम्मानसँगै युवाको वर्तमान अवस्था, देश विकासमा युवाको भूमिका र स्वदेशमै अवसर सिर्जना गर्नुपर्ने आवश्यकताबारे प्रवचन तथा छलफल गरिएको थियो । कार्यक्रमले युवालाई देश निर्माणमा सक्रिय सहभागी गराउने र आफ्नो ज्ञान तथा सीप स्वदेशमै उपयोग गर्न प्रेरित गरेको आयोजकले जनाएको छ ।

# षड्यन्त्रकारी पञ्चायती आफ्नै षड्यन्त्रमा फसेर अन्त्य

भक्तपुर । नेपाल क्रान्तिकारी किसान सङ्घ चाँगुनारायण नपा वडा नं. ७, बागेश्वरीको आयोजनामा नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्न पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र 'भक्तपुर काण्ड' को विरोध तथा भर्त्सना कार्यक्रम भाद्र ६ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपा जिल्ला समिति भक्तपुरका उपाध्यक्ष न्हुछेभक्त फोजुले नेमकिपाले देश र जनताको हितमा नि:स्वार्थ रूपमा सेवा गरेको कारण पञ्चहरूलाई डाहा र इर्ष्या भई भक्तपुर काण्ड गराई नेमकिपाका नेता तथा कार्यकर्तालाई फसाइएको हो भन्नुभयो ।

उहाँले पुँजीवादी व्यवस्था जालीफटाहा र षड्यन्त्रकारीहरूको सञ्चालक समिति भएकोले भक्तपुर काण्डजस्तो अर्को काण्ड गराई नेमकिपाका कार्यकर्ताहरूलाई फेरि फसाउने सम्भावनालाई ध्यानमा राखी कार्यकर्ताहरू सचेत, सङ्गठित र सङ्घर्षशील हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

'जो आगोसँग खेल्छ, ऊ आगोमै मर्छ, जो पानीसँग खेल्छ, ऊ पानीमै मर्छ' भनेझैँ नेमकिपालाई समाप्त पार्न बुनेको षड्यन्त्रमा षड्यन्त्रकारी पञ्चायती व्यवस्था आफै २०४६ सालको जनआन्दोलनबाट समाप्त हुनपुग्यो, उहाँले भन्नुभयो ।

उहाँले रास्वपा सरकारले देश र जनताको हितमा रोजगार तथा सीपमूलक कार्यक्रमहरू ल्याउन नसकेको कारण बर्सेनि लाखौँ युवाहरू रोजगारको निम्ति बिदेसिन बाध्य भएको बताउनुभयो ।

देशमा समाजवाद हुँदै साम्यवादी व्यवस्था स्थापनाको लागि नेमकिपाको स्थापना भएकोले उक्त व्यवस्थाको लागि कामदारवर्गका जनतालाई राजनीतिक, सैद्धान्तिक, वैचारिक र व्यवहारिक रूपमा परिपक्व बनाउने कार्यमा लाग्नुका साथै सचेत, सजग, सङ्गठित र सङ्घर्षशील भावना जगाउने कार्यमा लागिपरेको कुरा उहाँले उल्लेख गर्नुभयो ।

नेमकिपा जिल्ला समिति भक्तपुरका सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य गीता काफ्लेले वाग्मती प्रदेशमा भएका विकृति, विसङ्गति, बेथिति, अनियमितता, भ्रष्टाचार र पक्षपातको विषयमा चर्चा गर्नुभयो । उहाँले राजनीतिक र सैद्धान्तिक रूपमा परिपक्व बन्न देश-विदेशका सर्वहारावर्गका महान् गुरुहरूको जीवनी, लेख, रचना तथा पार्टी प्रकाशनहरू अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो ।

नेक्राकिसङ्घ चानपा - ७ वागेश्वरीका अध्यक्ष कुमारप्रसाद सुवालको सभापतित्वमा भएको कार्यक्रममा गणेश सुवाल र अर्जुन काफ्लेले पनि भक्तपुर काण्डको विरोध तथा भर्त्सना गर्नुभयो ।



राजनीतिक पार्टीसित सही राजनीतिक दृष्टिकोण हुनैपर्छ । सही राजनीतिक दृष्टिकोण नहुनु भनेको शरीरमा चेतना नहुनुजस्तै हो ।

-माओ त्सेतुङ

## सम्पादकीय

# वर्तमान सरकारबारे उसैलाई बोल्न देऔँ

वर्तमान शासक दल रास्वपा र पुराना शासक दलहरूबारे टीका टिप्पणी गरेमा सरकारमा भाग नलिने दलको कुरा भन्ने गरिन्छ । आफूले पनि काम नगर्ने अरूलाई पनि काम गर्न नदिने दलको टीका टिप्पणी र खाली विरोध गर्छन् पनि भन्ने गरिन्छ । प्रजातन्त्र र संसद्मा विरोध र आलोचनाका महत्त्वलाई 'गाली' को रूपमा हेर्ने दृष्टिकोणलाई बदल्नु जरुरी छ । त्यसकारण, रास्वपाकै सांसद, पार्टी कार्यकर्ता, मन्त्री, नेता र समर्थकहरूकै भनाइलाई पत्रपत्रिकाको सहयोगमा जनतामा प्रस्तुत गर्नु समीचीन हुने देखिन्छ ।

'सरकारका साढे पाँच महिना, नागरिकदेखि आफ्नै सांसदसम्म असन्तुष्ट' 'एउटै दल, फरक फरक बोली', 'नयाँ शक्तिमा पुरानै शैलीको जोखिम ।' ( राजधानी-६ भदौ २०८३), तस्बिरहरूसँगै पूर्ण विवरण समाचार पत्रिकाहरूले छापेका छन् ।

'रास्वपामा पनि पहुँचवालाहरूलाई नै अवसर', 'पुराना कार्यकर्ता पाखा' यसरी एकै दिनको एकै पत्रिका हेर्दा शासक दलको स्थितिबाट रास्वपाले कसरी देशमा प्रगति गर्ला भन्ने सचेत जनतामा चिन्ता हुनु आश्चर्यको विषय होइन ।

हुन त बेलायतको संसद् र संसदीय व्यवस्था युरोपमा पुरानोमध्ये एक मानिन्छ तैपनि समय अगाडि बढ्दै गएपछि बेलायती प्रजातान्त्रिक व्यवस्थाले त्यहाँका अत्यन्त बहुमत जनताको समस्याको समाधान गर्न नसकेका समाचारहरूमा पढ्न पाइन्छ । त्यस्तै संरा अमेरिकाकै संसद् भनिने (कङ्ग्रेस) समेत चालू संसद्मा वा संसदीय समितिमा 'घूस' को लेनदेन हुन्छ । मारपिट र दङ्गाफसादसमेत हुन्छ । टीभीमा हामी नेपाली जनताले हेर्ने गर्दै छन् । तर, नेपालमा भर्खर ४०-५० वर्षको अभ्यास । अर्को भाषामा दुई पुस्तामा पश्चिमी संसदीय प्रजातन्त्रका सबै खराबी 'दर्शन' गर्दै छन् ।

२ भदौ २०८३ को 'नयाँ पत्रिका' ले लेख्यो- 'संसदीय इतिहासमै प्रधानमन्त्रीका नाममा पहिलो रुलिङ', 'प्रश्नोत्तरका लागि पनि रुलिङ, अब १० भदौमा प्रधानमन्त्रीसँग प्रश्नोत्तर' तर थप शङ्का र परिणामबारे पनि जिज्ञासा देखियो- 'रुलिङ कार्यान्वयन नभए के हुन्छ ?'

२ भदौ २०८३ को 'राजधानी' ले पनि शीर्षक लेख्यो-प्रधानमन्त्रीलाई जवाफ दिन सभामुखको रुलिङ र 'अढाइ महिनापछि बल्ल रुलिङ ।'

रास्वपाको आन्तरिक मामलामा अल्मलिँदै गर्दा पुराना शासक दलहरूको नेतृत्वको निम्ति महाधिवेशनका विवाद चलिरहँदा जनताको ध्यानलाई 'चुनावमा होमियो रास्वपा' भन्दै नेका, एमाले, समाजवादी र कम्युनिस्ट पार्टीजस्ता हिजोका शासक दलहरूबारे समाचार दियो -'पुराना दल आन्तरिक किचलोमै' भन्दै 'क्यान्डिडेट क्लब' को घोषणा गर्दै रास्वपाले माग्यो गाउँपालिका तहमा उम्मेदवार' तिर ध्यान दिलाउन खोज्दा पनि (नयाँ पत्रिका-२ भदौ २०८३) जनताको आँखा २ भदौ २०८३ को 'नागरिक दैनिक' बाट ओझेल पार्न सकेन ।

'नागरिक' ले लेख्यो - 'चरम ढिलासुस्तीमा तीन नमुना पुल ।' समाचार रौतहटको थियो-२०६६ सालमा शिलान्यास भएको वडहर्वानस्थित वाग्मती नदी पुल, २०७१ असार २९ गते शिलान्यास भएको टिकुलिया घाटस्थित लालबकैया नदी पुल र २०७३ असार २८ गते ठेक्का सम्झौता भएको गंगापिपरा पुल अधुरै छन् ।' 'नागरिक' थप्छ- 'पुल निर्माण गति हेर्दा सरकारको निर्णय कार्यान्वयन क्षमतामाथि प्रश्न उठेको छ । एउटै आयोजनामा पटक-पटक म्याद थप्नु समय लम्बिँदा लागत बढ्नु र जनताले दु:ख पाइरहनुले विकास निर्माणमा सरकारको कमजोरी छताछुल्ल भएको छ ।' साँच्चै एउटै तस्बिरले पनि वर्तमान सरकार मात्रै होइन पुराना दलहरूका सरकारहरूका क्रियाकलापलाई पनि कटाक्ष गर्छ ।

नयाँ सरकारले हामी नयाँ छौँ, पुराना सरकारहरूको भालुको कम्पटलाई हामी हुँदैनौँ भन्न पाउँदैन । पुराना अधुरा योजनाहरूसमेत नयाँ सरकारहरूले पनि आफ्नो नयाँ जोश र क्रियाशिलता देखाउन सकेनन् भन्ने जनताको गुनासो बन्द हुनेछैन ।

यी सबै विषय जनताको माझमा छलफल हुँदै गर्दा २ भदौ २०८३ को 'कान्तिपुर' ले लेख्यो- 'प्रधानमन्त्री निरन्तर अनुपस्थित भएपछि संसद् आउन सभामुखले मिति तोके । 'हरेक महिना पहिलो साताको एक दिन सांसदसँग प्रश्नोत्तर गर्नुपर्ने नियम प्रधानमन्त्री बालेनले बेवास्ता गर्दै आएका' र 'विपक्षी दलहरूले १७ जेठको अभिव्यक्ति र सरकारको कामकाज विषयमा प्रधानमन्त्रीको जवाफ माग्दै बैठक अवरोध गर्दै आएका थिए ।'

माल पाएर के गर्ने चाल पाए पो भन्ने उखान यही चरितार्थ हुन्छ ।

जनताले सरकारमा रहेका व्यक्तिहरू युवक हुन् वा ज्येष्ठ भनी तुलना गर्दैनन्, बरु नयाँ सरकारको काम कुरो र रङ्गढङ्गलाई हेर्छन् । यसकारण, राजनैतिक कार्यकर्ताहरू अमेरिकामै पढेका हुन् वा युरोपमा पढेका हुन् वा विदेशीको आशीर्वाद पाएका हुन्- मुख्य कुरो देश र जनताको सेवालाई प्राथमिकता दिनु आवश्यक छ । घमण्डले फुलेर पदमा बस्ने होइन बरु काम देखाउनुमा प्राथमिकता राम्रो होस् भनी जनता कल्पना गर्छन् ।

# 'भक्तपुर काण्ड' कालो दिनको भर्त्सना गरौँ

✍ प्रज्ज्वल

**नेमकिपाले जनतालाई राजनीतिकरूपले सचेत र सङ्गठित बनाउँदै देश र जनताको सेवा गर्ने राजनीतिलाई प्राथमिकतामा राखी आन्दोलन एवं गतिविधि गर्दै आएको छ । एमाले, माओवादी, नेकपा (एस), राजमोलगायत आ–आफूलाई कम्युनिस्ट भएको दाबी गर्छन् । तर, सरकारमा गएर ती पार्टीहरूले मजदुर र किसानलाई स्वदेशमा रोजगारी दिएनन् भने विद्यालय एवं कलेजमा अध्ययनको अवसर पनि दिएनन् । यसकारण, पुँजीवादी सरकारमा गएका ती पार्टीहरू नाममा कम्युनिस्ट भए पनि व्यवहारमा कम्युनिस्ट रहेनन्, अर्थात् पुँजीवादी पार्टी नै साबित भए ।**

नेमकिपाका अग्रजहरूले पञ्चायती सामन्तवादको विरोधमा किसान आन्दोलन गर्नुभयो भने पञ्चायती निर्वाचनमा भाग लिएर देश र जनताको नि:स्वार्थरूपमा सेवा पनि गर्नुभयो । मोहियानी हक, भर्पाई आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, बाली काट्नेलगायत किसान आन्दोलनमा नेमकिपाको महत्त्वपूर्ण योगदान थियो । कम्युनिस्टको नाममा भारतको नक्सलवादी आन्दोलन र नेपालको झापा आन्दोलनमा भएको व्यक्तिहत्याको पार्टीका अग्रजहरूले खण्डन गर्नुभयो भने व्यापक जनतालाई राजनीतिक रूपले सचेत र सङगठित गर्नुभयो ।

२०४५ भदौ ५ गते गएको भूकम्पमा पीडितहरूको उद्धार कार्यमा नेमकिपाका नेता कार्यकर्ताहरू लागिरहनुभएको थियो । नेमकिपाले देश र जनताको नि:स्वार्थपूर्वक सेवा गरेको पञ्चायती सरकारलाई मन परेन । पञ्चायती सरकारले भूकम्प पीडित राहत वितरण कार्यमा पक्षपात गर्न लगाई एउटा व्यक्तिलाई बलिको बोका बनायो भने त्यही निहुँमा नेमकिपाका नेता कार्यकर्ताविरुद्ध झूटा ज्यान मुद्दा लगायो ।

पञ्चायती सरकारले २०४५ साल भदौ ९ गते राज्यस्तरको षड्यन्त्र (भक्तपुर काण्ड) रची नेमकिपाका नेता र कार्यकर्ताविरुद्ध झूटा ज्यान मुद्दा लगायो । पार्टीभित्र घुसेका प्रतिक्रियावादीहरूले भारत प्रवासको बेला २०३५ सालमा गोरखपुरमा पनि पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) माथि गोली प्रहार गरी नेमकिपालाई समाप्त पार्ने दुष्प्रयास गरेका थिए ।

प्रतिक्रियावादीहरूको सबै षड्यन्त्रलाई चकनाचुर पार्न पार्टी कार्यकर्ताहरू सदा सचेत भएर सङ्घर्षमा लाग्नु जरुरी छ । प्रतिक्रियावादीहरूले तत्कालीन राजालाई नेमकिपाविरुद्ध 'भारतीय विस्तारवादको समर्थक' भनी झूटा सूचना दिएका थिए । जब कि भारतीय विस्तारवादले नेपालको सुस्तामा अतिक्रमण गरेको विरोधमा नेमकिपाको पहिलो जुलुस भक्तपुरमा निस्केको थियो । २००७ सालयता भारतीय विस्तारवाद र एकाधिकार पुँजीले राजतन्त्र, राणा शासन, काङ्ग्रेस, एमाले, माओवादीलगायतको सरकारहरूलाई आफ्नो कठपुतलीजस्तै बनाएको घामजतिकै स्पष्ट विषय हो । यतिबेला रास्वपा सरकारसमेत प्रतिक्रियावादीहरूको गोटी बनिरहेको पुष्टि हुँदै छ ।

दोस्रो विश्वयुद्धअघि सन् १९३३ मा जर्मनीका फासीवादी सरकार हिटलरले आफ्ना मान्छेलाई संसद् भवनमा आगो लगाउन दिए । त्यसको दोष कम्युनिस्टमाथि लगाउँदै हिटलरको सरकारले कम्युनिस्टहरूलाई व्यापक गिरफ्तारी र दमन गरेको थियो । देश र जनताको नि:स्वार्थरूपमा सेवा गर्ने पार्टी र नेताहरूविरुद्ध प्रतिक्रियावादीहरूको षड्यन्त्र र दमन भइरहने त्यो पनि एउटा उदाहरण थियो । नेमकिपाविरुद्ध २०४५ साल भदौ ९ को कालो दिन 'भक्तपुर काण्ड' त्यस्तै दमन थियो । यो सरकारी दमनको विरोध एवम् निन्दा पार्टीले गर्दै आएको छ ।

"जो आगोसँग खेल्छ, आगोमै मर्छ, जो पानीसँग खेल्छ, पानीमै मर्छ" भनेजस्तै नेमकिपाविरुद्ध षड्यन्त्र गरेको पञ्चायती सरकार आफै २०४६ सालको जनआन्दोलनमा समाप्त भयो र बहुदलीय व्यवस्था पुन:स्थापना भयो । तर, प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रमा समेत सरकारमा गएका पुराना र नयाँ भनिएका पार्टीहरूसमेतले देश र जनताको नि:स्वार्थरूपमा सेवा गरेनन् । 'गाँसगुसे एकै नासे' साबित भयो ।

सन् १८१६ को सुगौली सन्धिमा महाकाली नदीपारिमात्र भारतको भूमि पर्ने उल्लेख छ । भारतले सन् १९६२ मा नेपाली भूमि कालापानीमा भारतीय सेना तैनाथ गर्‍यो । त्यसबेला भारतले गोर्खा भर्तीमा गएका नेपाली श्रीप्रसाद बुढाथोकीसमेतलाई कालापानी खटाएको बारे बुढाथोकी स्वयम्ले परराष्ट्र मन्त्रालयमा प्रतिवेदन पेस गरेका थिए । नेका, एमाले र माओवादी पटक पटक सरकारमा पुगे । तर, कालापानीबाट भारतीय सेना फिर्ता गरिएन ।

नेका, एमाले, सदभावना, राप्रपालगायतले २०५३ सालमा संसद्को दुईतिहाइ बहुमतबाट 'महाकाली नदी एकीकृत विकास सन्धि' पारित गरे । यो सन्धिमा महाकाली नदीको अधिकांश भागमा भारतको समेत साझा हुने उल्लेख गरियो । यसरी उल्लेख हुनु सुगौली सन्धिविपरीत हो । नेमकिपाले देशघाती महाकालीसन्धिको विपक्षमा मत दिएको थियो । नेपाली जनताले यो सन्धि खारेज गराउन सङ्घर्ष चालू राख्दै छन् । भारतीय विस्तारवादले नेपाली भूमि अतिक्रमण गरेको विरोधमा जनताको आन्दोलन रोकिएको छैन ।

नेमकिपाले जनतालाई राजनीतिकरूपले सचेत र सङ्गठित बनाउँदै देश र जनताको सेवा गर्ने राजनीतिलाई प्राथमिकतामा राखी आन्दोलन एवं गतिविधि गर्दै आएको छ । एमाले, माओवादी, नेकपा (एस), राजमोलगायत आ-आफूलाई कम्युनिस्ट भएको दाबी गर्छन् । तर, सरकारमा गएर ती पार्टीहरूले मजदुर र किसानलाई स्वदेशमा रोजगारी दिएनन् भने विद्यालय एवं कलेजमा अध्ययनको अवसर पनि दिएनन् । यसकारण, पुँजीवादी सरकारमा गएका ती पार्टीहरू नाममा कम्युनिस्ट भए पनि व्यवहारमा कम्युनिस्ट रहेनन्, अर्थात् पुँजीवादी पार्टी नै साबित भए ।

*२०८३ भाद्र ८ गते*

# दैनिक उपभोग्य वस्तुमा चर्को मूल्यवृद्धि हुँदा सरकार किन मौन ?




शुक्र

दैनिक उपभोग्य वस्तुको अस्वाभाविक मूल्यवृद्धिले सर्वसाधारण जनताको ढाड भाँचेको छ । छिमेकी देश भारतबाट आयात हुने चिनी, दाल, चामल, खाने तेललगायतको मूल्य गत चैतको तुलनामा एक तिहाइसम्म बढ्यो । दशैं तिहारको मुखैमा दैनिक उपभोग्य वस्तुको चर्को मूल्यवृद्धि हुँदासमेत सरकार मौन किन ?

गत चैतमा १ नं. धनियाँ पाउडर प्रतिकिलो ३०० रुपैयाँ रहेकोमा हाल ४०० रुपैयाँ पुगेको छ । मासको दाल १७५ रुपैयाँबाट २१५ रुपैयाँ, मुसुरो १५० रुपैयाँबाट १८० रुपैयाँ, मसिनो चामल ९५ रुपैयाँबाट ११० रुपैयाँ, त्रिशुलीको पोखरेली चामल ११० रुपैयाँबाट १२० रुपैयाँ, चिनी १०० रुपैयाँबाट ११५ रुपैयाँ पुर्‍याइयो ।

चना दाल १५५ रुपैयाँबाट १७० रुपैयाँ, खानेतेलतर्फ सनफ्लावर तेल प्रतिलिटर २२५ रुपैयाँबाट २५५ रुपैयाँ, भुटेको तोरीको तेल ४४० रुपैयाँबाट ४६० रुपैयाँ, काँचो तोरीको तेल ३७५ रुपैयाँबाट ३९० रुपैयाँ, काँचो तोरीको तेलको अर्को दर पनि २७५ रुपैयाँबाट २९५ रुपैयाँ, डाल्डा घिउ प्रतिकिलो २५५ रुपैयाँबाट २८० रुपैयाँ पुर्‍याइयो ।

सेतो भटमास १४० रुपैयाँबाट १७० रुपैयाँ र अर्को दर १२० रुपैयाँबाट १४५ रुपैयाँ, ताइचिन चिउरा ११० रुपैयाँबाट १२० रुपैयाँ, चामलको खस्रो पिठो ९० रुपैयाँबाट ९५ रुपैयाँ, सानो चना १३० रुपैयाँबाट १४५ रुपैयाँ र काँचो बदाम २४५ रुपैयाँबाट २६० रुपैयाँ, राजमा २६० रुपैयाँबाट २६५ रुपैयाँ पुर्‍याइयो ।

बेसार पाउडर ५०० रुपैयाँबाट ५२५ रुपैयाँ, जिरा पाउडर ५७० रुपैयाँबाट ७७५ रुपैयाँ पुर्‍याइयो । पाँच महिनामा जिरा प्रतिकिलो २ सय ५ रुपैयाँले किन महँगियो ? के सरकारसँग यसको उत्तर छ र ? चामल प्रतिबोरा ५ सय रुपैयाँसम्म मूल्यवृद्धि भएको खुद्रा व्यापारीहरू बताउँछन् । भारतबाट मूल्यवृद्धि भएको उनीहरू बताउँछन् । बजार व्यवस्थापनमा सरकारको उपस्थिति कमजोर भएकोले बिचौलिया र कालोबजारीको मनोमानी रहेको उपभोक्ता अधिकारकर्मीहरू बताउँछन् ।

पछिल्लो समय बर्डफ्लुलाई बहाना बनाएर माछा–मासुको अचाक्ली मूल्य बढाइयो । खसीको मासु प्रतिकिलो ५०० रुपैयाँसम्म र राँगाको मासु प्रतिकिलो ४०० रुपैयाँसम्म महँगिएको छ । बर्डफ्लु रोगले किसानको लगानी नउठ्दा हालको अण्डाको मूल्य अहिलेसम्मकै उच्च छ । अण्डा प्रति क्रेट (३० गोटाको) मूल्य ६५० रुपैयाँसम्म पुग्दा पनि सरकार कानमा तेल हालेर बसेको छ ।

संविधान र प्रचलित कानुनले बजार अनुगमनको अधिकार स्थानीय तहलाई दिएको छ । केही स्थानीय तहले आकलझुकल अनुगमन गर्छ तर अधिकांश स्थानीय तहले बजार अनुगमनमा ध्यान दिएकै छैन । नियमित बजार अनुगमन हुँदा बिचौलिया र कालोबजारीहरूले मनोमानी गर्न पाउँदैनन् ।

# पत्रकार, लेखक र साहित्यकारको लेखले जनताको सेवा गर्नमा थप हौसला प्रदान

नेपालको संविधान लागू भएपछि २०७४ र २०७९ मा गरी स्थानीय तहका दुईपटक निर्वाचनहरू सम्पन्न भए । ती दुवै पटकको निर्वाचनमा भक्तपुर नगरपालिकामा प्रमुख, उपप्रमुख र वडाध्यक्षदेखि वडा सदस्यसम्म सबै वडामा नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरू विजयी भए ।

निर्वाचनको बेला नेपाल मजदुर किसान पार्टीको स्थानीय तह निर्वाचन घोषणापत्रमार्फत जनताबिच गरिएका प्रतिबद्धताहरू हामी निर्वाचित जनप्रतिनिधिहरूले एक एक गरी पूरा गर्दै छौँ । हामी जनप्रतिनिधिको रुपमा कार्यरत हुँदा पत्रकार, लेखक, सम्पादक, अनुसन्धानकर्ता मित्रहरूले भक्तपुर नगरपालिकाले गरेका कामहरूको सूक्ष्म अध्ययन र विश्लेषण गरी विभिन्न विषयमा खोजमूलक लेख, रचना तथा समाचारहरू प्रकाशित गरी भक्तपुरलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रसम्म चिनाउने काम गर्नुभयो । हाम्रो पहिलो कार्यकाल २०७४ सालदेखि २०७९ सालसम्म राष्ट्रिय दैनिक, साप्ताहिक र अनलाइन पत्रिकाहरूमा प्रकाशित महत्त्वपूर्ण लेखहरूलाई सङ्ग्रह गरी 'सञ्चारमाध्यममा भक्तपुर नपा' पुस्तक २०७८ चैतमा प्रकाशित गर्यौं । दोस्रो कार्यकालको २०७९ देखि २०८३ असारसम्ममा भक्तपुर नगरपालिकासम्बन्धी प्रकाशित विशेष लेखहरूको सङ्ग्रह गरी 'सञ्चार माध्यममा भक्तपुर नपा २' प्रकाशित गर्यौं । ती दुवै पुस्तकलाई भक्तपुर नगरपालिकाले विभिन्न क्षेत्रमा गरेका कामको तस्बिरको रूपमा लिएको छ ।

भक्तपुर नगरपालिकाका गतिविधि, अभ्यास र उपलब्धिहरूलाई पत्रकार, लेखक, अनुसन्धानकर्ताहरूको दृष्टिबाट विश्लेषण गरी यहाँहरूले आ-आफ्नो सञ्चार माध्यममार्फत जनताबिच पुर्‍याउन योगदान गर्नुभयो । त्यसका लागि तमाम पत्रकार, लेखक, सम्पादक र अनुसन्धानकर्ता सबैप्रति भक्तपुर नगरपालिका हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

भक्तपुर आजको अवस्थामा सहजै आइपुगेको भने होइन । यसको आफ्नै इतिहास छ । यहाँका राजनीतिक दलका नेता, कार्यकर्ता, पूर्व र वर्तमान जनप्रतिनिधिहरू र निःस्वार्थ रूपले सेवाका भावना भएका हजारौँ स्थानीय जनताको योगदानको परिणाम आजको भक्तपुर हो । विगतमा स्थानीय निकायलाई अहिलेको जस्तो संवैधानिक र कानुनी अधिकार थिएन । त्यतिबेला हाम्रा अग्रज जनप्रतिनिधिहरूले स्वायत्तताको अभ्यास गरी देशको उदाहरणीय नगर बनाउनुभएको थियो । त्यसलाई हामी निरन्तरता दिँदै अझ अगाडि बढाउने कोशिश गर्दै छौँ । भक्तपुरको विकासका लागि प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्ने ती तमाम अग्रजहरूप्रति पनि उच्च सम्मान व्यक्त गर्दछौँ ।

शिशु स्याहार केन्द्रदेखि स्नातकोत्तर तहसम्म शिक्षाको बन्दोबस्त गर्ने, घरघरमा गएर स्वास्थ्य सेवादेखि वडा वडामा स्वास्थ्य केन्द्रको स्थापना र १०० शय्याको नगर अस्पताल सञ्चालन गरी जनतालाई स्वास्थ्य उपचारमा सहज पहुँच पुर्‍याउने र मौलिक प्रविधि प्रयोग गरी फोहोरलाई कम्पोस्ट मल बनाएर आयको स्रोत बनाउने तथा मूर्त र अमूर्त सम्पदाहरू स्थानीय स्रोत र साधनहरूको प्रयोग गरी मौलिक शैलीमै निर्माण गर्ने भक्तपुर नगरपालिकाको छुट्टै पहिचान बनेको छ । पूर्ण स्वायत्तता र आत्मनिर्भरताको अभ्यास गर्ने, पारदर्शिता र भ्रष्टाचारमुक्त भक्तपुर नगरपालिकाको अर्को पहिचान हो ।

पार्टीहरू प्रतिबन्धित भएको निरङ्कुश पञ्चायती व्यवस्थाको समयमा समेत निर्वाचनलाई जनताको सेवामा उपयोग गर्ने नेपाल मजदुर किसान पार्टीको नीतिअनुसार नगर पञ्चायत निर्वाचनमा भाग लिएर हाम्रा अग्रजहरूले शिक्षा प्रचार, सफाइ अभियान सञ्चालन र नगर पञ्चायतका सबै आर्थिक गतिविधिहरू पारदर्शी गर्दै भक्तपुर नगर पञ्चायतले जनताबिच छुट्टै छवि कायम गर्न सफल भएको थियो । आजको मासिक 'भक्तपुर' त्यतिबेलाको पञ्चायत पत्रिकाको निरन्तरता हो ।

जनताको मौलिक र राजनीतिक अधिकारको माग र भ्रष्टाचारको विरोध गर्दै जनतामा राजनीतिक चेतना बढाउने कार्य गरेको कारण त्यतिबेला नेपाल मजदुर किसान पार्टी पञ्चहरूको तारो बन्यो । २०४५ साल भदौ ९ गते राज्यस्तरबाट षड्यन्त्र गरी भक्तपुर काण्ड रचियो । नेपाल मजदुर किसान पार्टीका नेता नारायणमान बिजुक्छेँ (रोहित), रापस गोविन्द दुवाल, प्रधानपञ्च आशाकाजी बासुकलालगायत नगर पञ्चायतका अधिकांश जनप्रतिनिधि र नेमकिपाका नेता कार्यकर्ताहरूलाई ज्यान मुद्दा लगाई नगर पञ्चायत भङ्ग गरी मण्डलेहरूको हातमा सुम्पेको थियो । २०४६ सालको जनआन्दोलनबाट देशमा बहुदलीय व्यवस्था पुनःस्थापनापछिमात्रै नेमकिपाका नेता कार्यकर्ताहरू जेलबाट छुट्नुभयो । आजभन्दा ३८ वर्षअघि घटेको त्यो घटनालाई आज पनि हामीले बिर्सेका छैनौँ । फेरि पनि राज्यको तर्फबाट त्यस्ता षड्यन्त्र जालझेलहरू हुन सक्नेबारे नयाँ पुस्तालाई सचेत पार्न विभिन्न कार्यक्रमहरूका साथ भर्त्सना कार्यक्रमहरू भइरहेका छन् ।

२०५० सालमा पहिलोपटक भक्तपुर नगरपालिकाले विदेशीहरूसँग प्रवेश शुल्क लिने निर्णय गर्दा जनप्रतिनिधिहरूले तत्कालीन सरकारको ठूलो दबाब व्यहोर्नुपर्‍यो । भक्तपुरका मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण, शिक्षा र स्वास्थ्य तथा भौतिक पूर्वाधारहरू निर्माणमा खर्च गर्ने स्पष्ट उद्देश्यका साथ उठाउन सुरु गरेको प्रवेश शुल्क रोक्न अनेकौँ बाधा व्यवधानहरू खडा गरिएका थिए । जनप्रतिनिधिहरू अलिकति पनि विचलित नभई त्यसलाई निरन्तरता दिँदै जाँदा पर्यटन शुल्क आज भक्तपुर नपाको एउटा महत्त्वपूर्ण आर्थिक स्रोतमध्ये एक बनेको छ । त्यसले धेरै नगरपालिकालाई पनि आफ्नो क्षेत्रमा शुल्क लगाउने बाटो खोलिदियो ।

**जनताको मौलिक र राजनीतिक अधिकारको माग र भ्रष्टाचारको विरोध गर्दै जनतामा राजनीतिक चेतना बढाउने कार्य गरेको कारण त्यतिबेला नेपाल मजदुर किसान पार्टी पञ्चहरूको तारो बन्यो । २०४५ साल भदौ ९ गते राज्यस्तरबाट षड्यन्त्र गरी भक्तपुर काण्ड रचियो । नेपाल मजदुर किसान पार्टीका नेता नारायणमान बिजुक्छेँ (रोहित), रापस गोविन्द दुवाल, प्रधानपञ्च आशाकाजी बासुकलालगायत नगर पञ्चायतका अधिकांश जनप्रतिनिधि र नेमकिपाका नेता कार्यकर्ताहरूलाई ज्यान मुद्दा लगाई नगर पञ्चायत भङ्ग गरी मण्डलेहरूको हातमा सुम्पेको थियो । २०४६ सालको जनआन्दोलनबाट देशमा बहुदलीय व्यवस्था पुनःस्थापनापछिमात्रै नेमकिपाका नेता कार्यकर्ताहरू जेलबाट छुट्नुभयो । आजभन्दा ३८ वर्षअघि घटेको त्यो घटनालाई आज पनि हामीले बिर्सेका छैनौँ । फेरि पनि राज्यको तर्फबाट त्यस्ता षड्यन्त्र जालझेलहरू हुन सक्नेबारे नयाँ पुस्तालाई सचेत पार्न विभिन्न कार्यक्रमहरूका साथ भर्त्सना कार्यक्रमहरू भइरहेका छन् ।**




सुनिल प्रजापति, प्रमुख भनपा

त्यसरी स्थानीय निकायको स्वायत्तताको पक्षमा आवाज उठाउँदा धेरै पत्रकार, लेखक र सम्पादक साथीहरूले नगरपालिकाको पक्षमा समाचार, लेख र सम्पादकीयहरू लेखेर सहयोग गर्नुभएको थियो । सङ्कटको बेला सहयोग गर्ने ती सबैलाई हामीले स्मरणमा राखेका छौँ ।

भक्तपुर नगरको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, पर्यटनजस्ता जनताका आधारभूत विषयहरूमा २०५६ सालबाट विकासमा फड्को मारेको पाउन सकिन्छ । जतिबेला नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले 'सय वर्षपछिको भक्तपुर' लेख सार्वजनिक गर्नुभयो । २०५९ सालमा मात्र त्यो पुस्तकको रूपमा प्रकाशित भयो । बौद्धिक जगतदेखि सर्वसाधारण जनताको मनमस्तिष्कमा बस्न सफल त्यस लेख नै भक्तपुर नगरपालिकाको दीर्घकालीन विकासको आधार बन्यो । भक्तपुर नगरपालिकाले २०८२ चैतमा पुस्तकको तेस्रो संस्करण प्रकाशित गरेको छ । त्यही पुस्तकलाई आधार बनाइ नगरपालिकाले विकासको गतिलाई अगाडि बढाइरहेको छ र बढाइरहनेछ । २०५८ साल माघ २१ गते भक्तपुरका बुद्धिजीवीहरूबिच एक कार्यक्रममा भक्तपुरमा १५ वर्षभित्र एक घर एक स्नातक बनाउने अध्यक्ष बिजुक्छेँको घोषणाले भक्तपुरको शैक्षिक विकासले तिव्रता पायो ।

सय वर्षपछिको भक्तपुर लेख प्रकाशित भएकै वर्ष २०५६ सालमा ख्वप माविको जग हालियो । २०५८ सालमा ख्वप कलेज र ख्वप इ. कलेजहरूको स्थापना भयो । विकास क्रम जारी रहेकै बखत २०५९ साल साउनदेखि देशभरि स्थानीय निकायहरू जनप्रतिनिधिविहीन बनाइयो । देशभर अन्योल भइरहेको बेला अध्यक्ष बिजुक्छेँले तत्कालीन जनप्रतिनिधिहरूलाई एउटा निर्देशन दिनुभयो - अर्को निर्वाचितहरू नआएसम्म पहिलेकै जनप्रतिनिधिहरूले सेवामा निरन्तरता दिनुपर्ने । यसले अनेकौँ बाधा अड्चनबिच पनि भक्तपुरको विकासले निरन्तरता पाइरह्यो । २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ, त्यसपछि शारदा कलेज र मावि सञ्चालन भयो । अहिले २०७९ मा स्थापना भएको ख्वप कलेज अफ लसमेत गरी ७ वटा शैक्षिक संस्थाहरू सञ्चालनमा छन् । ती शैक्षिक संस्थाहरूमा देशभरका साढे सात हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् । शिक्षाले सबै क्षेत्रमा परिवर्तन ल्याउँछ भन्ने भक्तपुर एक उदाहरण हो ।

'सञ्चार माध्यममा भक्तपुर नपा' र 'सञ्चार माध्यममा भक्तपुर नपा २' मा सङ्ग्रहित लेखहरूमा पनि अधिकांश लेखक, पत्रकारहरूले त्यस पुस्तकलाई सन्दर्भ सामग्रीको रूपमा लिएको पाउँदा ज्यादै खुसी लाग्यो ।


१५ वर्षसम्म देशभर स्थानीय निकायमा जनप्रतिनिधिविहीन हुँदा भक्तपुरको विकास ३०-४० वर्ष पछि पर्‍यो । २०७४ साल र २०७९ को निर्वाचनपछि भक्तपुरको विकासलाई अगाडि बढाउने प्रयास गर्दै छौँ । दोस्रो कार्यकालको पनि हामी अन्तिम वर्षमा छौँ । हाम्रो कार्यकाल करिब नौ महिनामात्र बाँकी छ । हामीले कार्यकालको अन्तिम दिनसम्म पनि जनताको सेवा गर्न छोड्नेछैनौँ ।

भक्तपुरलाई पत्रकार भवानी बरालले आफ्नो लेखमा भेटिकन सिटीसँग तुलना गर्नुभएको छ । उहाँ गोरखापत्रमा लेख्नुहुन्छ - 'भ्रष्ट अनियमितताका अनुयायी, लाचार सिद्धान्तच्युत दल, तिनका प्रतिनिधिलाई भविष्यको भेटिकन भक्तपुरको बाटो नजाने गाउँ नै हो ।' भक्तपुरलाई बाहिरी विश्वमा चिनाउने अभियन्ताको रुपमा परिचित जर्मनी वास्तुकलाविद् निल गोत्सेले संसारकै ठूलो जीवित सङ्ग्रहालयको उपमा दिनुभएको छ । उहाँ भन्नुहुन्छ - 'यो भक्तपुरमा बाटोमै माटोको काम हुन्छ, यही गल्लीमा ढुङ्गा काट्ने काम भइरहेको हुन्छ, काठ वा कलाका अरु काम बाटैमा भइरहेका हुन्छन् । बिस्केट जात्रा भन्नुस् या नवदुर्गा पूजा, भक्तपुरभन्दा ठूलो लाइभ म्युजियम अर्को के हुन सक्ला ?' अर्का पत्रकार उपेन्द्र लामिछानेले 'नागरिक दैनिक'मा प्रकाशित लेखमा भक्तपुरलाई फूलसँग तुलना गर्नुभएको छ - 'उपदेशक बन्नु त फूलजस्तै । जसले केही बोल्दैन तर उसलाई हेरेर सबैले सिक्छन् ।'

यस्ता थुप्रै उपमाहरू भक्तपुरलाई दिइएको छ । ती दुवै पुस्तक हाम्रा लागि एक ऐनासरह छन् । हामीले गरेका कामको स्वतन्त्र पत्रकार, लेखक, सम्पादकहरूले कसरी मूल्याङ्कन गर्नुभएको छ भन्ने बुझ्न सजिलो भएको छ । यसमा हामीले थप सुधारका लागि गर्नुपर्ने सुझाव र कमी कमजोरीहरूको आलोचनात्मक टिप्पणी पनि छन् । त्यसले यहाँका कर्मशील जनता र सही नेतृत्वको उचित मूल्याङ्कन गरेको जस्तो लाग्छ । पत्रकार, लेखक र साहित्यकारहरूको लेखहरूले हामीलाई जनताको सेवा गर्ने भावनामा हौसला र ऊर्जा प्रदान गरेको छ ।

अन्त्यमा, सबै लेखक, पत्रकार, सम्पादकहरूप्रति पुनः हामी हार्दिक आभार प्रकट गर्दछौँ । आगामी दिनमा पनि भक्तपुर नगरपालिकाको कामलाई रचनात्मक सल्लाह र सुझावहरूका साथ लेख र समाचारहरू लेखेर प्रचार प्रसार गर्नुहुने अपेक्षा गर्दछौँ ।

*(२०८३ भदौ ७ गते भक्तपुर नगरपालिकाको आयोजनामा 'सञ्चार माध्यममा भक्तपुर नपा' र 'सञ्चार माध्यममा भक्तपुर नपा २' पुस्तकको परिचर्चा तथा लेखक, पत्रकार र सञ्चारकर्मीहरूलाई धन्यवाद ज्ञापन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*



अन्तर्वार्ता

# सङ्गठनभित्र घुसाइएका व्यक्तिहरूबाटै त्यो घटना घटाइएको हुन सक्छ !

*(नेमकिपाका अध्यक्ष का. रोहितको शरीरमा अद्यापि गोली (Pellet) छ भन्ने कुरा धेरै कमलाई मात्र ज्ञात छ। आजभन्दा तेत्तीस वर्षअगाडि अर्थात् सन् १९७८ अगस्त ३१ (२०३५ भदौ १५) को दिन का. रोहितको ज्यान लिने उद्देश्यले गोली हानिएको थियो। नेमकिपा र यसको नेतृत्वलाई नष्ट गर्ने सुनियोजित षड्यन्त्र दशकौं अगाडिदेखि हुँदै आएको यो घटनाले पनि पुष्टि गर्छ। भारतको गोरखपुरमा भएको त्यही गोली काण्डको सेरोफेरोमा रही का. रोहितसँग हाम्रा प्रतिनिधि प्रसूनले गर्नुभएको वार्तालाप प्रस्तुत छ-सं.)*

**❑ गोली लागेको मिति र समय ?**

रातभरि किसान भेलाको छलफलमा थिएँ; पार्टी अफिसमा आएर पल्टिएको मात्र के थिएँ; निदाइहालें। दायाँ हात तकिया बनाएको थिएँ; बायाँ हात र बायाँ तिघ्राको माथिल्लो भागमा गोली लागेको थियो। समय लगभग बिहानको १०-१०:३० बजेको होला ! हातमा घडी थिएन।

**❑ गोली लागेपछिको अवस्था बताउनुहुन्छ कि ?**

म निदाएको थिएँ। ठूलो आवाजले म बिउँझैं; धुवाँले कोठा पूरै भरिएको थियो। एकैछिनमा हावाको कारण ढोका देखियो; ढोका नाघ्न खोज्दा मैले असजिलो अनुभव गरेँ; बायाँ खुट्टाले ढोकाको सङ्घार नाघ्न गाह्रो भयो। हेरेँ लुङ्गी प्वाल परेको थियो; रगत बगिरहेको थियो; बायाँ हातको बूढी औँलासहितको हत्केला सुन्निएर रगत बग्दै थियो। बाहिर मानिसहरू जम्मा भइसकेका थिए। मैले 'के भो' भन्दा एक जना मानिसले 'स्टोभ पड्केको' बतायो। तत्काल रिक्साबाट मलाई त्यहाँका मानिसहरूले क्लिनिकमा पुऱ्याए।

डाक्टरले तत्काल सलाइन पानी चढाउन सुरु गरे। डाक्टरले सोध्दा मैले 'स्टोभ पड्केको भन्छन्' भनेँ। थप सोध्दा मैले भनेँ, "म एक्लै सुतेको थिएँ।"

**❑ कहाँ-कहाँ गोली लाग्यो ?**

हात र तिघ्राको माथिल्लो भागमा लागेको रहेछ। गोरखपुर अस्पतालमा मलाई एक्स-रे पनि देखाइएको थिएन। पछि दरभङ्गा अस्पतालमा लिइएको एक्स-रेमा हातमा एउटा र तिघ्रामा २-३ वटा पिलेट (Pellet) वा गोली देखियो। गोरखपुरमा तिघ्राको एउटा गोली झिकिएको थियो र सिसीमा राखिएको थियो। त्यो गोरखपुर अस्पतालमै राखियो।

**❑ गोली लागिसकेपछि के भयो ? कसरी जोगिनुभयो ? कसरी अस्पताल पुग्नुभयो ?**

क्लिनिकको डाक्टरले २-३ बजेतिर सरकारी अस्पतालमा जान भने; माने भन्ने व्यक्तिले मलाई रिक्साबाट अस्पतालमा पुऱ्याउन खोज्दा पैसा नभएर उनी पैसा लिन गए; म बाटो छेउको रुखमुनि रिक्सामै थिएँ। रगतले रिक्साको पाउदानी भरिएको थियो। झन्डै आधा - एक घण्टापछि प्रहरी पुग्यो; मलाई प्रहरी कार्यालयमा लग्यो। डेरा खोजिदिने 'भान्जा' हरूलाई प्रहरीले नराम्ररी पिटे। मैले भनेँ- "म नेपालको कम्युनिस्ट हुँ; हामी प्रजातन्त्रको निम्ति लड्दै छौँ; यिनीहरूको केही दोष छैन; डेरा खोजिदिएका हुन्; म पार्टीको नेता हुँ।" हाम्रो कार्यालयमा छापा मारी खानतलासी लिइसकेको रहेछ; धेरै देशीविदेशी कम्युनिस्ट साहित्य बरामद गऱ्यो। त्यसबेला भारतको नक्सलवाडी आन्दोलनको बारेमा लेख्ने उद्देश्यले पुस्तक, पर्चा र दस्ताबेजहरू जम्मा गरिएको थियो। सुरुमा प्रहरीले मलाई पनि 'भारतीय नक्सलवाडी' सम्झेको थियो; मैले त्यो आरोप अस्वीकार गरेको थिएँ।

बयानपछि मलाई गोरखपुरको सरकारी अस्पताल लगियो। त्यसबेला ४-५ बजेको होला; डाक्टरले हातको पट्टी खोलेर हेर्नासाथै 'बारुदको गन्ध' भनी कागतमा टिप्यो। तब मलाई गोली लागेको शङ्का भयो।

**❑ के तपाईं पनि हतियार बोक्नुहुन्थ्यो ?**

म हतियार बोक्दिनथेँ। साथै, कार्यालयमा कुनै हतियार नराख्न पनि आदेश दिएको थिएँ।

**❑ गोली लाग्नुभन्दा अगाडि तपाईंको कसैसँग विवाद भएको थियो ?**

व्यक्तिगतरूपले मसँग बाझ्ने गरी कसैसँग झगडा भएको थिएन तर एक रात अगाडिको बैठकमा केही व्यक्तिहरूले व्यक्तिहत्या र मनिएक्सन अर्थात् डकैती गर्नेजस्ता अराजकतावादी प्रस्ताव अगाडि सारेका थिए। त्यो नीतिलाई बैठकको बहुमतले अस्वीकार गरेको थियो।

**❑ गोली काण्डपछि छानबिन भयो या भएन ?**

अस्पतालमा मलाई नदुख्ने वा अचेत हुने औषधि खुवाइएको थियो; जहिले बिउँझे पनि बत्ती बलिरहेको हुन्थ्यो। अस्पताल भर्ना भएको भोलि वा पर्सिपल्ट डाक्टरहरू र मेजिस्ट्रेट अफिसका अधिकारीहरू मेरै शय्यामा छलफल गर्दै थिए। मलाई नेपाल सरकारले सुपुर्द गर्न मागेको छ; फर्कने हो वा होइन भनी सोध्दा मैले भनेको थिएँ; "म राजनीतिक शरणमा छु; म अहिले नेपाल फर्कन्नँ।"

सम्भवत: २-४ दिनपछि अधिकारीहरूले मलाई 'भात पकाउने को हो; उसको आँखा कस्तो छ र खुट्टा कस्तो छ' भनी सोधेका थिए। 'म सुतिरहेको थिएँ, मैले केही देखिनँ' भन्ने नै जवाफ थियो।

**❑ कोही पक्राउ परेनन् ?**

कोही पक्राउ भएन। तर, गोली हान्ने व्यक्ति भारत सरकारलाई थाहा हुनैपर्छ। मुद्दा 'एटेम्ट टु मर्डर' थियो वा मलाई हत्या गर्ने उद्देश्यको थियो।

**❑ राजनीतिक प्रतिशोधको कारणले भएको होला ?**

हाम्रो उद्देश्य गोरखपुरमा नेपालीहरूमाझ सङ्गठन विस्तार गर्ने थियो। सम्भवत: हाम्रै सङ्गठनभित्र घुसाइएका व्यक्तिहरूबाटै त्यो घटना घटाइएको हुन सक्छ।

**❑ अशोक भन्ने व्यक्ति र तपाईं दुईजना कोठामा बसेर पेस्तोल हेरिरहँदा या चलाइरहँदा घटना घटेको कुरा पनि बाहिर ल्याइएको छ नि ?**

सुतिरहेको व्यक्तिले कसरी पेस्तोल खेलाउँछ ? साथै, नसुतेको अवस्थामा कसरी हात र तिघ्रामा एकैबाजी गोली लाग्छ। सम्भवत: गोली झ्याल वा ढोकाबाट हानेको हुनुपर्छ। यदि कसैले घटनाबारे ढाँट्ने प्रयास गर्छ भने त्यो उसको अपराध लुकाउने मनोविज्ञान मात्रै हुन सक्छ।

**❑ अस्पतालमा भारतीय प्रहरीबाट कस्तो व्यवहार भयो ?**

भारतीय प्रहरीको २४ सै घण्टा कडा पहरा हुन्थ्यो।

**❑ उपचारमा संलग्न चिकित्सकहरूको घटनाबारे कस्तो अनुमान थियो ?**

सुरुमा चिकित्सकहरू र साधारण जनता मविरुद्ध हतियार व्यापारी, बम बनाउने आदि आरोपसहितका पत्रपत्रिकामा गाली गरिएको विषय पढ्न बाध्य थिए।

पछि प्रतिवाद गरेपछि उनीहरूले म एक राजनीतिक कार्यकर्ता भएको बुझे। त्यहाँको एकजना नर्सले सानो सेतो चक्की 'सुताउने औषधि हो नखाऊ' भनी सल्लाह दिइन्। उनीबाटै मैले त्यहाँ 'कम्युनिस्ट' वा वामपन्थी चिकित्सक पत्ता लगाएँ र आफ्नो स्वास्थ्यको स्थिति थाहा पाएँ। पुँजीवादी व्यवस्था भएको हुँदा पैसा नदिनेहरूको राम्रो उपचार हुँदैनथ्यो। घाउ पाक्यो; कपास, गज र कैँची आदि राम्रो सफा (sterelised) गरिएको हुँदैनथ्यो। पछि हाम्रै उपचारकर्मी भाइ आएपछि घाउको राम्रो उपचार भयो।

**❑ तत्कालीन परिवेशमा पार्टीका अन्य नेता-कार्यकर्तालाई हतियार बोक्ने छुट थियो त ?**

हतियार बोक्ने र राख्ने पार्टीले कहिल्यै निर्णय गरेको थिएन।

**❑ शरीरमा अझै गोली वा गोलीका टुक्रा बाँकी छन् ?**

हातमा एउटा गोली (pellet) र तिघ्रामा २-३ वटै पेलेट बाँकी भएको एक्स-रेमा देखिन्थ्यो।

**❑ स्वास्थ्यमा केही असर पारिरहेको छ कि ?**

शरीरको तौल घट्दा गोली छालाको नजिक पुग्ने होला; बायाँ कोल्टो फेरी सुत्ने बेलामा अप्ठेरो वा घोचेको अनुभव हुन्छ। सर्जनहरूको सल्लाहअनुसार अहिले घाउ बनाएर निकाल्ने होइन; केही गरी पाक्यो र दु:ख दियो भने मात्र निकाल्नु आवश्यक हुन्छ। बाहिरबाट गोली पस्दा तातिएर पसेको हुन्छ; त्यसलाई शरीरको झिल्लीले छोपेर राखेको हुन्छ आदि। अप्ठेरो नभएसम्म आफूमा गोली भएकै बिर्सिन्छु।

**❑ यो घटनाबारे तपाईंले खासै चर्चा गर्नुभएको पाईंदैन, किन ?**

यो त चर्चाको विषय नै भएन; दु:ख पनि दिएको छैन; घटना घट्यो; त्यसको राजनीतिक शिक्षा लिइयो। अराजकतावादी दृष्टिकोण कम्युनिस्ट आन्दोलनको निम्ति घातक विचार हो। साम्राज्यवादीहरूले रुसी - समाजवादी क्रान्तिमा फूट ल्याउने र जर्मनीको राइखस्टाग वा संसद्को आगलागीमा हिटलरहरूले कम्युनिस्टविरुद्ध अराजकतावादीहरूलाई नै प्रयोग गरेका थिए।



**नारायणमान बिजुक्छैं (रोहित)**
अध्यक्ष नेमकिपा

**❑ त्यो घटनाको दस वर्षपछि फेरि तपाईंको फाँसीको माग भयो; संयोग मात्र हुन् या ती दुई घटनाबिच तादात्म्यता छ ?**

नि:स्वार्थरूपले देश र जनताको सेवा गर्ने शक्तिलाई देशी वा विदेशी प्रतिक्रियावादीहरूले आफ्नो शत्रु सम्झनु, आँखाको कसिङ्गर सम्झनु र आफ्नो स्वार्थको बाधा सम्झनु नौलो कुरा होइन। हरेक युग, समय र समाजमा प्रतिगामी र प्रगतिशील विचारको बिचमा सङ्घर्ष भइरहन्छ। तर, बिहानीलाई रोक्न झ्याल ढोका थुनेर बसे पनि पश्चिमको झ्याल ढोकाको कापकापबाट पनि प्रकाश छिर्ने गर्छ। संसारका सबै काग काला भएजस्तै संसारका सबै प्रतिक्रियावादीहरू अनेक छलछाम र षड्यन्त्र गर्छन्। हाम्रो विरोधमा अहिले पनि प्रतिक्रियावादीहरू सक्रिय छन्।

**❑ फेरि दस-बाऱ्ह वर्षपछि नेमकिपाको नेतृत्व सिध्याउन योजनाबद्ध रूपमा भक्तपुरमा गोली काण्ड भयो। यी सबै घटनाक्रमलाई कसरी हेरिरहनुभएको छ ?**

पुराना कथा र लोककथाहरूमा नकारात्मक शक्तिहरूले आ-आफ्ना रूपहरू फेरेर आक्रमणका योजनाहरू बनाइरहन्छन्। आज पनि ती वर्ग शत्रु र राजनीतिक शत्रुहरूले ठूल्ठुला पार्टीहरूको पर्दाभित्र बसी हामीमाथिको आक्रमण र विरोधलाई चालू नै राखेका छन्; राख्नेछन्। यो सङ्घर्ष खुला र गुप्तरूपले समाजमा वर्ग र विचारमा भिन्नता भएसम्म चालू रहन्छ।

*(मजदुर किसान, भदौ-असोज, २०६८)*

# ग्यास आपूर्ति तथा महँगी नियन्त्रण गर्न युवाहरूले बुझाए कैलालीमा ज्ञापनपत्र



कैलाली। नेपाल क्रान्तिकारी युवा सङ्घ कैलाली जिल्ला समितिले बुधबार एलपी ग्यासको सहज आपूर्ति, कालाबजारी तथा बढ्दो महँगी नियन्त्रण सम्बन्धमा जिल्ला प्रशासन कार्यालय कैलालीका प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारको ध्यानाकर्षण गरायो।

विगत एक महिनादेखि खाना पकाउने ग्यासको सहज आपूर्ति हुन नसक्दा सर्वसाधारणको दैनिक जीवन प्रभावित भएको छ। अत्यावश्यक वस्तुमा कृत्रिम अभाव, कालोबजारी तथा अस्वाभाविक मूल्य असुल्ने प्रवृत्तिले आम नागरिकको जीवन कष्टकर बनाएको अवस्थामा सरकारी निकायबाट प्रभावकारी अनुगमन, नियमन र आपूर्ति व्यवस्थापन गर्नको निम्ति नेक्रायुसङ्घले सरकारको ध्यानाकर्षण गराएको हो।

नेपाल क्रान्तिकारी युवा सङ्घ कैलाली जिल्ला समितिका अध्यक्ष प्रेमबहादुर सिजापतिको नेतृत्वमा गएको टोलीले सरकारलाई जनताप्रति जिम्मेवार बन्न सचेत गराउँदै कैलालीका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझायो। ज्ञापनपत्रमा निम्न ६ बुँदे माग पूरा गर्न सरकारको ध्यानाकर्षण गराइएको छ :

१. खाना पकाउने एलपी ग्यासको नियमित, पर्याप्त,पारदर्शी र सहज आपूर्ति तत्काल सुनिश्चित गरियोस्।
२. ग्यासको कालोबजारी, कृत्रिम अभाव तथा तोकिएको मूल्यभन्दा बढी मूल्य असुल्ने दोषीमाथि कडा कानुनी कारबाही गरियोस्।
३. खाद्यान्न, तरकारी, इन्धनलगायत दैनिक उपभोग्य अत्यावश्यक वस्तुको अस्वाभाविक मूल्यवृद्धि तत्काल नियन्त्रण गरियोस्।
४. कालोबजारी, कृत्रिम अभाव र बिचौलियाको चलखेल नियन्त्रण गर्न नियमित, प्रभावकारी तथा परिणाममुखी बजार अनुगमन गरियोस्।
५. अत्यावश्यक वस्तुको आपूर्ति तथा वितरण प्रणालीलाई पारदर्शी, व्यवस्थित, प्रभावकारी र उपभोक्तामैत्री बनाइयोस्।
६. नेपालका नदीनालाबाट सरकार आफैले विद्युत् उत्पादन गरी नेपाली जनतालाई सहुलियत मूल्यमा बिजुली उपलब्ध गराई खाना पकाउने ग्यास आयातमा भइरहेको व्यापार घाटा घटाइयोस्।

# एलपीजी ग्यास सहज गर्न काभ्रेमा नेक्रायुसङ्घको ज्ञापन

काभ्रे। एलपी ग्यासको सहज आपूर्ति, कालोबजारी तथा बढ्दो महँगी नियन्त्रण सम्बन्धमा नेपाल क्रान्तिकारी युवा सङ्घ काभ्रे र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ काभ्रेले जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकका प्रजिअ गोपालकुमार अधिकारीलाई नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र पेस गरे।



विगत एक महिनादेखि खाना पकाउने एलपी ग्यासको चरम अभावका कारण आम नागरिकले दु:ख पाइरहेका छन्। खाना पकाउने ग्यासजस्तो अत्यावश्यक वस्तुको नियमित र सहज आपूर्ति हुन नसक्दा सर्वसाधारणको दैनिक जीवन प्रत्यक्ष रूपमा प्रभावित भएको छ। अत्यावश्यक वस्तुमा कृत्रिम अभाव सिर्जना गर्ने, कालाबजारी गर्ने तथा अस्वाभाविक मूल्य असुल्ने प्रवृत्तिले आम नागरिकको जीवन कष्टकर बनाएको छ। यस्तो अवस्थामा सम्बन्धित सरकारी निकायबाट प्रभावकारी अनुगमन, नियमन र आपूर्ति व्यवस्थापन हुन आवश्यक छ। जनताको चुलो बल्ने अवस्थाको सुनिश्चितता गर्नु राज्यको दायित्व हो।

नेपाल क्रान्तिकारी युवा सङ्घ काभ्रे जिल्ला समिति र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ काभ्रे जिल्ला समिति सरकारलाई जनताप्रति जिम्मेवार बन्न तथा आम नागरिकको चाहना, भावना र आवश्यकतालाई गम्भीरतापूर्वक सम्बोधन गर्न सचेत गराउँदै ६ बुँदे माग नेपाल क्रान्तिकारी युवा सङ्घ काभ्रेका अध्यक्ष ओमप्रसाद मानन्धरले जिल्ला प्रशासन कार्यालय काभ्रेका प्रजिअ गोपालकुमार अधिकारीसमक्ष पेस गर्नुभएको हो।


# 'भक्तपुर काण्ड' र राइखस्टाग आगलागी मुद्दाबारे एक चर्चा

● समा

समय आजभन्दा ३८ वर्ष अगाडिको हो । तत्कालीन निरङ्कुश पञ्चायती राज्यसत्ताले नेपाल मजदुर किसान पार्टीको तेजोबध गर्न एउटा राजनीतिक षड्यन्त्र रचेको थियो । नेपालको राजनीतिक इतिहासमा त्यो घटनालाई 'भक्तपुर काण्ड'को रूपमा स्मरण गरिन्छ । २०४५ भदौ ९ को त्यो घटनालाई कालो दिनको रूपमा भर्त्सना गरिन्छ ।

'भक्तपुर काण्ड' नेपालको राजनीतिक इतिहासमा कामदार जनतामाथि राज्यसत्ताको दमन, अत्याचार, क्रुरता निरङ्कुशताको इतिहास हो । भक्तपुर काण्ड नेमकिपाको राजनीतिक विचार, वर्गीय आन्दोलन र जनसेवाको राजनीति दबाउन पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र थियो । प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर देश र जनताको नि:स्वार्थ सेवा गर्ने र चुनावको उपयोग गर्ने नेमकिपाको नीति र सिद्धान्तविरुद्ध निर्मम प्रहार थियो 'भक्तपुर काण्ड' । नेमकिपाले २०१९ सालदेखि नै राजनीतिक, शैक्षिक, सांस्कृतिक गतिविधि सघन बनाइसकेको थियो । विशेषत: भक्तपुरमा नेपाल मजदुर किसान सङ्गठनको जनताकेन्द्रित गतिविधि पञ्चहरूलाई मन परेको थिएन । नेमकिपा भने जनतामाझ दिनप्रतिदिन लोकप्रिय बन्दै थियो । भक्तपुरको हकमा त्यो लोकप्रियता निर्वाचनको मतमा बदलिँदै गयो । नेमकिपाका जनप्रतिनिधिहरू निर्वाचित हुँदै थिए । भक्तपुरमा बहुदलवादीहरू जित्दै थिए । पञ्चायती व्यवस्थाभित्र गई व्यवस्थाविरुद्ध लडेर जनताको सेवा गर्ने नेमकिपाको आन्दोलन सशक्त बन्दै थियो । २०४५ सालको पृष्ठभूमि हेर्ने हो भने भक्तपुरमा पञ्चायतइतर अर्थात् फरक राजनीतिक विचारको जग बनिसकेको थियो । देशैभरि पञ्च, राजावादीहरूले चुनाव जितेको बेलामा भक्तपुरमा सत प्रतिशत बहुदलवादीहरू जितेका थिए । यो राजनीतिक परिवर्तनका लागि नेमकिपाले थालेको किसान आन्दोलन, मोहियानी हक सुरक्षण आन्दोलन, भर्पाई आन्दोलनसँगै सफाइ आन्दोलनको योगदान ठुलो छ । ती आन्दोलनहरूले जनतामा निकै सकारात्मक छाप छोड्यो । वास्तवमा ती आन्दोलनहरूले जनताको आर्थिक जनजीविकामै महत्त्वपूर्ण परिवर्तन ल्यायो । नेमकिपाले थालेको शैक्षिक आन्दोलन अर्को महत्त्वपूर्ण पाइला थियो । २०१९ सालअघिबाटै नेमकिपाले स्कूल जीवन नपाएका किसानलाई साक्षरता कक्षा सुरु गरिसकेको थियो भने २०२०-२१ तिरबाट महिलाहरूलाई प्रौढकक्षा र साक्षरता कक्षा थालेको थियो । स्थानीय निकायमा नेमकिपाका जनप्रतिनिधिहरू निर्वाचित भइसकेपछि परीक्षाहरू चिट चोर्ने विकृति रोक्यो, निमावि तहसम्मको विद्यालय शिक्षा नि:शुल्क गऱ्यो । त्यतिमात्र होइन विद्यालय र कलेज सञ्चालनको आधार तयार गर्‍यो । पञ्चायती राज्यसत्ता एवम् शासकहरूलाई त्यो स्वीकार्य थिएन । त्योभन्दा बढी पञ्चायती शासकलाई नेमकिपाको कम्युनिस्ट विचार सह्य थिएन । राजा, राणा र पञ्चहरूको दमनको त्यो व्यवस्थाविरुद्ध कम्युनिस्टहरूको गतिविधि तिनका लागि ठुलो टाउको दुखाइ बनेको थियो । त्यसकारण, नेमकिपाको कम्युनिस्ट विचार र सिद्धान्तनिष्ठ राजनीति दबाउने दाउ खोज्दै थिए पञ्चहरू । यतिकैमा २०४५ सालमा प्राकृतिक भूकम्प भयो । त्यसैलाई राजनीतिक भूकम्पमा बदल्ने षड्यन्त्र पञ्चहरूले गरे । नेमकिपाले कारबाही गरिसकेका एक कुपात्रलाई बलिको बोका बनाई नेमकिपाको समूल नष्ट गर्ने कुत्सित प्रयत्न गरे ।

'भक्तपुर काण्ड' जस्तो घटना विश्व राजनीतिमा के पहिलो थियो ? विश्व राजनीतिको इतिहास पल्टाउने हो भने सदैव सत्य र राम्रो काम गर्ने, जनपक्षीय काम गर्नेहरूमाथि खराब पक्ष अर्थात् शासकहरूले आक्रमण, षड्यन्त्र र अत्याचार गरेको भेटिन्छ । कम्युनिस्ट आन्दोलनको कुरा गर्ने हो भने त झन् प्रतिक्रियावादी तत्त्वहरू हरदम कम्युनिस्ट आन्दोलन कमजोर पार्न र दबाउन षड्यन्त्र गरिरहेका हुन्छन् । समाजवादी क्रान्ति सफल भइसकेका देशहरूमा समेत पुँजीवादको पुन: स्थापनाका निम्ति भएका षड्यन्त्रहरू पेरिसकम्युन र सोभियत रुसको इतिहासबाट थाहा हुन्छ । कम्युनिस्ट आन्दोलन दबाउन साम्राज्यवादी शक्तिहरू कति उद्यत्त हुन्छन् भन्ने बुझ्न ल्याटिन अमेरिका, अफ्रिकाको इतिहास र वर्तमानतिर दृष्टि लगाए पुग्छ । कम्युनिस्टहरूलाई समाप्त पार्न जर्मनीमा भएको एउटा घटना भने 'भक्तपुर काण्ड'सँग मिल्दोजुल्दो छ ।




आजभन्दा ९ दशकअघि हिटलर नाजीहरूले जर्मनीका कम्युनिस्टविरुद्ध रचेको त्यो षडयन्त्रको नाम हो, राइखस्टाग आगलागी मुद्दा । सन् १९३० मा विश्वले एउटा ठुलो आर्थिक मन्दी अर्थात् ग्रेट डिप्रेसनको सामना गर्नुपर्यो । जर्मनी त्यो आर्थिक सङ्कटमा नराम्ररी कमजोर बन्यो । कठिन र कठोर आर्थिक निर्णयहरूले पनि त्यहाँको सरकार जोगाउन सकिएन र नाजीहरूले त्यसको फाइदा उठाए । त्यसपछि सन् १९३३ जनवरी ३० मा नाजी हिटलर चान्सलरको रूपमा नियुक्त भए । सन् १९२० को संसदीय चुनावमा करिब ६ प्रतिशत मात्र मत ल्याएका नाजीहरूले १९३२ सम्ममा एकतिहाइ मत ल्याए । तर, नाजीहरूको उदयले जनता खुसी थिएनन् । हिटलरको धार्मिक साम्प्रदायिकता र कट्टर राष्ट्रवादी व्यवहारले जनता आक्रान्त थिए । हिटलर नाजीले धमाधम यहुदी, समाजवादी, ट्रेडयुनियनवादीहरू लखेट्न थाले । 'हाम्रो रगत भनेको आर्य रगत हो जहाँ जहाँ आर्य रगत छ त्यहाँ हामी हुन्छौं । आर्य रगत पवित्र रगत हो' भन्ने फासीवादी विचार प्रचार गरियो । जसरी नेपालमा पञ्चहरूले 'सबै पञ्च नेपाली सबै नेपाली पञ्च' भन्ने नारा लगाउँथे । यहाँ पञ्चहरूको बर्बरता र जर्मनीमा फासीवादी हिटलर नाजीहरूको बर्बरता उस्तै उस्तै थियो । यहाँ पञ्चायती व्यवस्थाविरुद्ध नेमकिपाले सङ्घर्ष थालेजस्तै जर्मनीमा हिटलरको ज्यादतीविरुद्ध कम्युनिस्टहरू उठ्न थाले । कम्युनिस्टहरूले आफ्नो शक्ति विस्तारमा जोडतोड मेहेनत गरे । हिटलर भने कम्युनिस्टविरुद्ध जालसाजीमात्रै गर्दै थिएनन् बरु संसद्बाटै कानुन र अध्यादेश जारी गर्दै थिए । यद्यपि, निर्वाचनमा कम्युनिस्टहरूको लोकप्रियता देखियो । संसदीय चुनावमा ८१ कम्युनिस्ट नेताहरू निर्वाचित भए । कम्युनिस्टहरूको त्यो जीत नाजीहरूको निम्ति ठुलो चुनौती थियो । यसै परिवेशमा सन् १९३३ फब्रुअरी ७ को राति ९:३० बजे संसद् भवनमा आगलागी भयो । त्यसको दोष कम्युनिस्टहरूमाथि थोपियो । आरोपको पुष्टिविना तत्कालै निर्वाचित सांसदहरू बर्खास्त गरियो । संसद्मा नाजीहरूले बहुमत देखाए ।

वास्तवमा नाजीहरू कम्युनिस्ट नेता रोजा लक्जेम्वर्ग र कार्ल लिब्नेख्तको हत्यापछि उदाएका हुन् । आक्रमण र नरसंहारको युद्धतिर जर्मनीलाई धकेल्नका लागि नाजीहरू सुरुदेखि उद्यत थिए । आफ्नो प्रभुत्व बलियो बनाउन तिनले समाजवादी र कम्युनिस्टहरू सिध्याउनतिर ध्यान केन्द्रित गरे । त्यतिबेला जर्मनीमा नाजीतर्फका संसदीय दलका नेता गोयरिङलाई प्रसिया राज्यको आन्तरिक मामिला मन्त्री बनाउनु पनि नाजीहरूको षड्यन्त्र थियो । प्रसियाली प्रहरी आफ्नो लगाममा ल्याउने चाल थियो ।

देशभित्र नाजीहरूको आतङ्क सुरु भइसकेको थियो । राज्यसत्ताको एउटा अङ्ग प्रहरी मोर्चा सम्हाल्ने गोयरिङ यसो भन्थे - "प्रहरीको बन्दुकको नालबाट निस्केको प्रत्येक गोली मेरो गोली हो । यदि त्यसलाई हत्या भनिन्छ भने म हत्यारा हुँ । मलाई दुई थरी कानुन थाहा छ किनभने यहाँ दुईथरी नै मानिस छन् । एकथरी हाम्रा समर्थक र अर्कोथरी हाम्रा विरोधी" । यो अभिव्यक्तिले नाजी शासन नाजीविरोधीप्रति कति क्रुर र निर्मम थियो भन्ने अनुमान गर्न सकिन्छ । हजारौँ लाखौँ सङ्ख्यामा युवाहरूलाई नाजी युवा सङ्गठन 'आँधीबेहरी दस्ता' मा संलग्न गराईंदै थियो । कम्युनिस्टहरूविरुद्ध त्यो युवा दस्ताको प्रयोग गरियो । नाजी सरकारले राइखस्टाग आगलागीको दोषारोपण गरी कम्युनिस्टहरूमाथि चारैतिर धरपकड गर्न थालेको थियो । निकै पहिले नै तयार गरिएको सूचीबमोजिम कम्युनिस्ट नेताहरू, सांसद, थुप्रै सामाजिक प्रजातन्त्रवादी नेताहरू वामपन्थी बुद्धिजीवीहरू र मजदुर नेताहरू पक्राउ गरिए । आगलागीको पहिलो रात नै ४०० भन्दा बढीलाई पक्राउ गरी 'आँधीबेहरी दस्ता' को व्यारेकमा लगेर यातना दिइएको थियो । त्यतिमात्र होइन संसदीय भवनको आगलागी जर्मनीभरि विद्रोह र आतङ्कवादी क्रियाकलापको सुरुआत भन्दै नाजी गोयरिङले भाषण दिएका थिए र कम्युनिस्टविरुद्ध 'राज्यविरुद्धको कम्युनिस्ट हिंसाबाट राज्य र जनताको सुरक्षा अध्यादेश' जारी गरेका थिए ।

जर्मनीमा जस्तै यता पनि ह्योजुको हत्यापछि छापामार शैलीमा नेमकिपाका नेता, कार्यकर्ताको घरघरमा धरपकड सुरु गरेका थिए । कुनै खोज र अनुसन्धानबिना नेमकिपालाई आरोप लगाई देशको प्रधानमन्त्री मरीचमान सिंहसहित सम्पूर्ण व्यवस्थापिका र कार्यपालिका सडकमा ओर्लेर व्यक्तिको नामै किटेर 'हत्यारालाई फाँसी दे' को नारा लगाइएको थियो । पञ्चहरूले सुनियोजित ढङ्गले सम्पूर्ण नेता कार्यकर्ताको घरमा एकैचोटि धरपकड गरेका थिए । देशैभरि जहाँजहाँ नेमकिपाको सङ्गठन छ त्यहाँ प्रहरीले निर्ममतापूर्वक नेमकिपाका नेता कार्यकर्तालाई दु:ख दिए । ६७ जना नेता र कार्यकर्ताविरुद्ध ज्यानमुद्दासमेत चलाइयो । सयौँ नेता कार्यकर्ता भूमिगत भए । केही नेताहरूले झूटा आरोपविरुद्ध प्रवासबाट सङ्घर्ष गरे ।

वास्तवमा भूकम्पपछि राहत वितरणको लागि गैरसहकारी संस्था पठाउनु र त्यसको नेतृत्व हिजो नेमकिपाबाट प्रधानपञ्च बनिसकेका तर जनतालाई धोखा दिइसकेका ह्योजूलाई पठाउनु शङ्कास्पद थियो । ह्योजु अवसरवादी र पैसाको लोभी थिए, धाँधली गरी धनी बन्ने स्वार्थ ऊसँग थियो । त्यसकारण, उनले भूकम्प पीडितलाई राहत नदिई पक्षपात गर्यो । जनता आक्रोशित भए । त्यो आक्रोसित भिडमा ह्योजुलाई सुम्पने पञ्चायती प्रहरी नै थियो । नेमकिपाका नेता कार्यकर्ताले ह्योजुलाई सुरक्षा दिइरहँदा प्रहरी मूकदर्शक बन्यो । नेमकिपाका जनप्रतिनिधिहरू प्रहरी चौकीमा ह्योजुको सुरक्षाका लागि आग्रह गर्न जाँदा फोर्स पुग्दैन भनी फर्काउनु पनि षड्यन्त्र थियो । ह्योजुलाई अस्पताल त पुऱ्याइयो तर औषधिउपचार र खानपिन गराइएन । त्यसकारण, उनको मृत्यु भएको तथ्य पछि बाहिरियो । त्यो पञ्च शासकहरूको चाल थियो भन्ने प्रमाण खुल्दै गयो । नेमकिपाले झूटो आरोपविरुद्ध राजनीतिसँगै कानुनी सङ्घर्ष गर्यो ।

जर्मनीको संसद् भवन आगलागीको अभियोग लगाइएका मुख्य अभियुक्त डच अराजकतावादी मारिनस भानडेर लुब थिए जो घटनास्थल मै अर्धनग्न अवस्थामा भेटिएका थिए । उनीसँगै अन्य चार जनालाई अभियोग लगाइएको थियो । ती सबै भने कम्युनिस्टहरू थिए । तर, ती चारै जना आगलागीको समयमा घटना स्थलमा थिएनन् । यता पञ्चहरूले पार्टी अध्यक्षले घरको झ्याल, चोकबाट 'ह्योजुलाई मार मार' भनेको दाबी गरेका थिए तर वास्तवमा अध्यक्ष टाइफाइड ज्वरोका कारण कोठामै हुनुहुन्थ्यो । कोठा मूल सडकभन्दा भित्र थियो । यसले पनि पञ्चहरूको झूट प्रस्टिन्थ्यो ।

'भक्तपुर काण्ड' मा पञ्चहरूले गरेको धाँधलीपूर्ण एकतर्फी सरजमिनजस्तै जर्मनी प्रहरी र आयोगहरूको छानबिन पनि एकतर्फी देखियो । सत्यतथ्य छानबिन हुँदा आगलागीमा नाजीहरूकै षड्यन्त्र पुष्टि हुँदै गयो । अध्ययनले भन्यो भानडेर लुब एक्लैले त्यति ठुलो संसद् भवन आगलागी गर्न नसक्ने सत्य पुष्टि भयो । संसद् भवन बाहिरका सबै ढोकाहरू बन्द अवस्थामा हुँदा संसद्भित्र भान डेर लुब कसरी प्रवेश गरे ? भन्ने शङ्का उब्जियो । नाजी मन्त्री गोयरिङको कक्षबाट संसद् भवन जाने गोप्य मार्ग थियो । त्यहीबाट प्रवेश गरेको प्रमाण बलियो बन्यो । आगलागीमा प्रज्वलनशील पदार्थसहित १० नाजी युवा दस्ताको प्रयोग भएको देखियो । आगलागी आरोपमा परेका कम्युनिस्ट नेताहरू डिमिट्रोभ, पोपोभ र टातेमसँग घटनाको समयमा आफू घटनास्थलमा नभएको पक्का प्रमाण थियो ।

भान डोर लुबलाई कम्युनिस्ट आन्दोलनसँग सम्बन्धित देखाउने राज्यको प्रयास फितलो थियो । लुबसँग राष्ट्रिय समाजवादी पार्टी (नाजी) को परिचयपत्र थियो । कुनै बेला कम्युनिस्ट आन्दोलनमा हिँडेको बताउने लुबलाई नाजीहरूले कम्युनिस्ट सिध्याउने हतियार बनाउन खोजेको पुष्टि भयो जसरी कर्णप्रसाद ह्योजु पञ्चहरूका निम्ति एउटा हतियार बनेको थियो ।

भान डेर लुबबाहेकका चार आरोपीहरू कम्युनिस्ट थिए तर आरोप पुष्टि गर्ने कुनै प्रमाण भेटिएन । सरकारी वकिलहरू नलिई डिमिट्रोमहरू आफैले आफ्नो पक्षमा वकालत गरे । तिनको भावना र नेमकिपाका नेता कार्यकर्ताहरूले गरेको बहस पैरवीबिच समानता अनुभव हुन्छ । नेमकिपाका नेता कार्यकर्ताहरू जस्तै डिमिट्रोभहरू पनि कत्ति पनि विचलित नभई आफ्नो अडानमा बसे । नाजीतिर फर्केर अदालतमा बहसको क्रममा उनले बोलेका थिए - "कम्युनिस्ट पार्टीविरुद्ध लड्ने तिमीहरूको अधिकारजस्तै तिमीहरूको सरकारविरुद्ध भूमिगत भएर लड्ने अधिकार जर्मन कम्युनिस्ट पार्टीलाई छ ।" उनले आफू कम्युनिस्ट हुँ भन्ने जिकिर धेरै पटक गरे तर कम्युनिस्ट भएकै कारण आफू दोषी नभएको तर्क राखे ।

आगलागीमा नाजीहरूको हात रहेको थुप्रै प्रमाणहरू भएको 'खैरो किताब' ले पनि गोयरिङ र गोयबल्सले नै आगलागी गराएको दाबी गरेको छ । राइखस्टाग आगलागीको विषयमा अलेक्ज्यान्डर बआर र विल्फ्रेड कुगेलको पुस्तक 'इतिहास कसरी बनाइन्छ' ले निर्णायक सत्य बताउँछ । ती विद्वानहरूले आगलागीमा नाजी संलग्नता मात्र होइन नाजीको पक्षमा न्यायालयको भूमिकासमेतलाई उजिल्याएको छ । नाजी सरकारले आफ्नो सत्ता जोगाउनकै निम्ति आगलागीमा भान डेर लुबको दोष पुष्टि गरी जेलमा हाल्यो र टाउको काटेर ज्यान सजाय दियो । यसरी राइखस्टाग आगलागी मुद्दाका धेरै तथ्य र घटनाहरूसँग 'भक्तपुर काण्ड'को समानता अध्ययन गर्न सकिन्छ ।

२०६७ फागुनमा प्रकाशित पुस्तक 'राइखस्टाग आगलागी मुद्दा' ले जर्मनीको इतिहासको एउटा कालखण्ड अवगत गराउनुका साथै 'भक्तपुर काण्ड' को तुलनात्मक अध्ययनमा सघाउँछ । त्यतिमात्र होइन विश्वको कुनै पनि भूगोलमा कम्युनिस्ट अर्थात् जनताका सेवकहरूविरुद्ध राज्यसत्ताबाट षड्यन्त्र हुनसक्छ भन्नेमा सचेत गराउँछ । आजको विश्वमा पुँजीवादी र साम्राज्यवादी तत्त्वहरूले कम्युनिस्टविरुद्ध गरिरहेको हमला र षड्यन्त्रको सूक्ष्म अध्ययनमा पुस्तकले सघाउँछ । यस पुस्तकमा सङ्ग्रहित अन्तर्राष्ट्रवादी नेता जर्जी डिमिट्रोभको सङ्क्षिप्त जीवन चर्चा निकै पठनीय छ । राइखस्टाग आगलागी मुद्दाबारे सत्य तथ्य जानकारी दिने यस पुस्तकका लेखक र अनुवादकप्रति आभार छ । पठनीय एवम् सङ्ग्रहनीय पुस्तकका लागि प्रकाशकप्रति साधुवाद छ ।



# कोन्ट्रा युद्धको डायरी, १९८५

● जेम्स फिलिप

(अगस्ट, १९८५ । शिकोपाइप, निकारागुआ ।

म र मेरी जहान लुसी निकारागुआमा थियौँ । सन् १९८५-८७ मा । १९८० को त्यो दशकमा त्यहाँ कोन्ट्रा युद्ध चलिरहेको थियो । हामी शान्ति पर्यवेक्षक टोलीका सदस्य थियौँ । हाम्रो काम थियो, ग्रामीण भेगमा बसोबास गर्ने जनसमुदायमाथि युद्धले पारेका प्रभावहरूको दस्तावेज तयार गर्ने; सकेसम्म जनतासँगै रहने; तथ्य जम्मा गर्न अमेरिकाबाट आउने प्रतिनिधि मण्डलको रहने-बस्ने बन्दोवस्त मिलाउने ।

यो आलेखमा एउटा घटनाको चर्चा छ । घटनाको छानबिनका क्रममा मैले तयार पारेका टिपोट र डायरीबाट यो आलेख तयार पारिएको हो । त्यो बेला मैले सबै पीडितहरूको नाम जम्मा गर्न खोजेको थिएँ । आज तिनको मृत्यु भएको ४१ वर्ष नाघेको छ । त्यसैले तिनलाई सम्झिन जरुरी छ । अमेरिकाको रेगन सरकार निकारागुआमा भइरहेका यस्ता घटनाबारे राम्रै जानकार थियो ।)

सन् १९८५ डिसेम्बर १६ को बिहान । लुसी र म अचुआपा भन्ने नगरमा थियौँ । हामी एकाबिहानै उठेका थियौँ । ७ बजेतिर इभान र एलेक्स नाउँका दुई ठिटा हामीलाई भेट्न आए । तिनीहरू त्यो दिनका लागि हाम्रा गाइड थिए । तिनले हामीलाई नगरबाट पश्चिमतिर पर्ने डाँडाहरूमा लगे । सडकको बाटो टुंगिएपछि खेतैखेत फन्किँदै गाउँले बाटो माथि लाग्यो । मनमोहक गाउँले परिवेश एकदम शान्त देखिन्थ्यो । मैदानमा चरिरहेका गाई, लहलहाउँदो मकै, मन्द हावा, पारिलो घाम । यस्तै दृश्य हेर्दै हामी एउटा घरमा पुग्यौँ । त्यो घरमा थिइन् - डोना जेल्फिदा रेयस कास्का । काठका खाँबामाथि खरले छाएको उनको घरमा दुईतिर मात्र फलेकका भित्ता राखिएको थियो । बाँकी दुईतिर घर हवाङ्गै थियो । उनको कथा मैले अक्षरशः टिपोट गरेँ ।

उनले भनिन्, “पचपन्न वर्षकी भएँ म । दुइटी छोरी छन्, साभिनो रेयस र भिभियाना कास्को । (१९८५) अगस्ट ११ गते बिहान ७ बजेको हुँदो हो । मैले नदीमा लुगा धुँदै थिएँ । जब म घर फर्कें, मेरा तीनैजना छोरा घरमा थिएनन् । तोलिन (३८ वर्ष), मिगुएल (३५ वर्ष) र गुइलेर्मो (२२ वर्ष) गायब थिए । मैले आँगनमा मिगुएलको बर्दी फालेको देखेँ । वर्षदिनअघि ऊ रक्षादलमा गएको थियो तर पछि फर्केको थियो । मैले घरभित्र मिगुएलका कागतपत्र र किताब जलाएको पाएँ । के भएको हो, मेलोमेसो पाइन । त्यही भएर बाटोमुनि छिमेकीकहाँ जाँदै थिएँ । बाटैमा यौटो केटो भेटियो । उसैले ‘कोन्ट्राहरू आएका थिए’ भन्यो । भोलिपल्ट छिमेकीहरूले मेरा छोराका लास भेटाए । तिनको शरीरमा अनुहार र कपाल थिएन । चिन्नै गाऱ्हो भयो । तर, मैले उनीहरूले लगाएको लुगा चिनेँ । तिनका हात पनि चिनेँ । त्यसपछि म तल अचुआपामा बस्न गएँ । तीन महिनापछि मात्र आफ्नो घर फर्कें ।”


कुरा सकेपछि उनी चुप लागेर अलिबेर लुसी र मसँग बसिन् । त्यसपछि जेल्फिदाले हामीलाई बताइन्, उनका छोरा तोलिन बहिरा रहेछन्; पोलियोले गर्दा उनी राम्ररी हिँड्न नसक्ने रहेछन् । त्यहाँबाट निस्केपछि मेरो दिमागमा एउटा प्रश्न उब्जियो । भर्खर छोरा गुमाएर एक्ली बनेकी उनलाई हामी कसरी ‘क्रिसमसको शुभकामना’ भन्न सक्थ्यौँ र ?

दुई गाइडसँगै हामी अझ अघि बढ्यौँ । बाटो अब अझ पहाडी र चट्टाने भेगतिर लाग्यो । घाम झन् चर्किँदै थियो । हामी एन्जेलिकाको घरमा पुग्यौँ । आसपासका अरू घर जस्तै एउटा सामान्य दाउराले बारेको घर थियो । भुइँ माटोले लिपेको थियो । हामी पुग्दा एन्जेलिका घरधन्दामा व्यस्त थिइन् । तर, एकैछिनमा उनले हाम्रा लागि आफूसँग प्रशस्त समय भएको भान गराइन् । धेरै बालबच्चा थिए उनका । धेरै त नातिनातिना थिए, हामीले अनुमान लगायौँ ।

एन्जेलिकाले भनिन्, अगस्ट ११ गते बिहानपख उनी घरमै थिइन् । उनकी बुहारी ग्रेगोरिया दौडिँदै एन्जेलिकाको घरमा आइन् । उनी रुँदै थिइन् । ग्रेगोरियाले भनिन्, “तिनीहरूले पाउलिनोलाई लगे । उनले मलाई नमार, तिमीहरूले भनेको ठाउँमा आफै जान्छु भनेका थिए ।” पाउलिनो थिए ग्रेगोरियाका लोग्ने । खाजा खाँदै गर्दा बिचैमा कोन्ट्राहरूले पाउलिनोको हात पछिल्तिर बाँधेर लगेको बताइन् उनले । शनिबारको दिन एन्जेलिकाले पाउलिनोको शरीर सनाखत गरिन् । उनले बताए अनुसार पाउलिनोको शरीरमा चक्कु हानेका दर्जनौँ घाउ थिए; उनको अनुहार चिन्नै नसक्ने गरी बिग्रेको थियो । उनले हात र लुगा देखेर छोराको लास पहिचान गरेकी थिइन् । हामीसँग बोल्दै गर्दा उनको गहभरि आँसु थियो । बिचबिचमा उनी मलिन हाँसो हाँस्थिन् ।

एन्जेलिकासँग बिदा भएर लुसी, म र हाम्रा दुई गाइड अघिकै बाटो फर्किन थाल्यौँ । बाटोमा पाउलिनो र ग्रेगोरियाको सुनसान घर थियो । त्यो घटनापछि ग्रेगोरिया एलसस सहरमा बसाइ सरेकी थिइन् । चर्को घाममा दुई घन्टा हिँडेपछि दिन ढल्दै गर्दा हामी अचुआपा आइपुग्यौँ । त्यहाँ हामीले हाम्रा दुई केटौले उमेरका गाइडलाई केही मिठाइ दियौँ र धन्यवाद भन्यौँ । त्यो दिन हामीले सुनेका कुरालाई उनीहरूले कसरी आत्मसात गरेका होलान् ? मनमा यो प्रश्न खेलिरह्यो ।

भोलिपल्ट बिहानै होजे सान्तोस आए । स्थानीय किसान थिए उनी । योजना मुताबिक बिहान ६ बजेतिर उनले हामीलाई हिजोकै सडकमा लगे । दुई घन्टाजति हिँडेपछि हामी मार्सेलिनोको घरमा पुग्यौँ । हामीसँग उनले भने, “अगस्ट ११ गते बिहान ११ बजे मेरो घरमा कोन्ट्रा पसे । म बाहिर गाईलाई रेखदेख गर्दै थिएँ । तिनीहरू मूल सडकबाट आएका थिए । तिनीहरूले अर्कै बर्दी लगाएका थिए । सान्डानिस्टा सेनाको भन्दा अलि फरक बर्दी थियो । हातमा एके-४७, फाल, मोर्टार र ग्रिनेड थियो । तिनीहरूले मलाई पछि धकेले र घरभित्र पसे । तिनीहरूले खान्की, लुगाफाटो, साबुन र अन्न लुटे । म घरभित्र पस्न के खोजेको थिएँ, तिनीहरूले मलाई च्याप्प समाते, बाहिर लगे र जबर्जस्ती आफूहरूसँगै हिँड्न भने । (



कोन्ट्राहरूले बेल्जियममा बनेको स्वचालित हतियार फाल र अमेरिकाको पेन्सिल्भानियामा बनेको ग्रिनेड प्रयोग गर्थे ।)”

“त्यसपछि मैले थुप्रै कोन्ट्राहरू पहाडबाट ओर्लिरहेको देखेँ । एउटा कोन्ट्रा इन्चार्जले निकारागुआका सबै सङ्गठन ध्वस्त पार्न चाहेको बतायो । सहकारी, सान्डानिस्टा समूह सबैलाई नष्ट गर्ने बतायो । तिनीहरू हामी किसानलाई तर्साउन चाहन्थे । तिनीहरूले मलाई एउटा भारी बोकाए र एउटा गरुङ्गो मोर्टार बोक्न भने ।”

थिए ।”

“रातिपख हाम्रो समूहमा म सुतिन । ठुलो झरी परेको थियो । हामीले अर्को समूहका हाम्रा साथीहरूको चित्कार र रोइलो सुन्यौँ । उनीहरूलाई धेरै यातना दिएर मारे । बिहान ५ बजेतिर कोन्ट्राहरूले हामीलाई छोडिदिए । हामी आआफ्ना घर फर्कियौँ ।”

आफ्नो अनुभव सुनाउँदै गर्दा मार्सेलिनो सुँक्कसुँक्क रुन थाले । केही मिनेट उनी चुपचाप यत्तिकै बसिरहे । उनकी जहानले हामीलाई तात्तातो सुक्खा रोटी थिइन् । साथमा गुलियो दूध पनि थियो । अपहरणमुक्त भएपछि मार्सेलिनो जहान र चार बालबच्चालाई लिएर अचुआपा बस्न आएका रहेछन् । उनको कहानीबाट हामीले विभिन्न जिल्लाका मानिसहरूबिच बढेको मेलमिलापबारे थाहा पायौँ । शारीरिक र मानसिक पीडामा पर्दा उनीहरूले एकअर्कालाई सहयोग गर्दा रहेछ ।

मार्सेलिनोको परिवारलाई त्यही छोडेर हामी अलि पर गयौँ । खोलापारि एउटा थुम्कोमाथि एउटा घर थियो । त्यहाँ होजे सान्तोसका साख्खै आमाबुबा थिए । उनीहरूले हामीलाई तात्तातो कफी खान दिए । त्यहाँबाट मास्तिर एउटा घरमा अर्को वृद्ध



“हामी दिनभरि हिँड्यौँ । दिउँसोपख एलबारो पुग्यौँ । त्यो अर्कै जिल्ला थियो । दिन ढल्दै गर्दा बास बस्नलाई हामी क्वेब्रादा कायुयामा अडियौँ । त्यो शिकोपाइपमा पर्छ त्यो । कोन्ट्राले मलाई कफी खान दिए । तिनले हामीलाई दुई समूहमा बाँडे । मजस्ता अरू किसानलाई पनि उनीहरूले बन्दी बनाएका थिए । एउटा समूहमा एलकारिजोका बर्नाडो रोचा थिए; एलकाकोका पाउलिटो क्रुज थिए; एलपोरभेनिरका अलिबेर्टो मार्टिनेज, दामिएन रेयस, जिजस भेलास्कोएजहरू थिए । अर्को समूहमा मैले चिनेकामध्ये अलकाकोका पाउलिनो भेलास्कोएज ( एन्जेलिकाका छोरा) र भिक्टोरियानो रेयस आरौज थिए । अचुआपाका बेनेडिटो ओसार्तो थिए । आन्तोलिन, मिगुएल र गुइलेर्मो रेयस कास्को ( जेल्फिदाका छोराहरू) थिए । डानियल मार्टिनेज जोडी थियो । उनीहरूका १२ जना छोराछोरी थिए । अगस्ट ११ को दिन कोन्ट्राहरूले एउटा छोरा मारेका थिए । उनका छोरा क्रान्तिकारी सान्डानिस्टा रक्षादलको लप्टन थिए । उनलाई बिचसडकमा गोली हानिएको थियो ।

बुबाले हामीलाई आफूसँगै आउन भने । तल्तिर एउटा भिरालो बाटो थियो । त्यो बाटो हुँदै हामीले दुईचार खोल्साखोल्सी तऱ्यौँ । केही गोठहरू कटेपछि हामी अर्को सुनसान टोलमा पुग्यौँ । हामीलाई कहाँ लग्दै होलान् भनेर मनमा खुल्दुली जाग्यो । अन्त्यमा एउटा थुम्कोपछाडि ससानो खोँचमा पुगेपछि हामी रोकियौँ । बाक्लो वनले छोपेको त्यो खोँचमा एउटा खोलो बगिरहेको थियो । बाहिर दिउँसोको चर्को घाम लागे पनि भित्र शितल थियो । त्यहाँ हामीले एघारवटा काठका क्रुस देख्यौँ । सबैमा निलो रङ पोतिएको थियो । त्यो ठाउँलाई शिकोपाइप भनिन्थ्यो ।

ती क्रुसमा अगस्ट ११ गते राति र अघिल्लो दिन कोन्ट्राहरूले मारेका व्यक्तिका नाम थिए । खोलामा हामीले ढुङ्गाहरूको थुप्रो लगाएको पायौँ । त्यहीनिर हत्याकाण्डको ६ हप्तापछि दुईजना गाउँलेले आधा सढेका लास भेटाएका थिए । अलि तल्तिर जाँदा मैले एकजोर जुत्ता र एउटा सेतो सर्ट भेटेँ । नजिकै झाडीमा दुइटा क्रुस थिए ।

नोटबुकमा मैले फेरि एकपल्ट मारिनेहरूको नाम टिपेँ, जुआन आरौज, एलिजियो रोचा हर्नान्डेज, एरिस्टाइड्स मोन्जारेज, पेद्रो मोन्जारेज, रामोन बेनेडिक्टो आसोर्तो, डानियल मार्टिनेज, भिक्तोरियानो रेयस, पाउलिनो भेलासक्वेज र आतोलिन, मिगुएल र गुइलेर्मो रेयस कास्को ।

त्यसपछि होजे सान्तोसले हामीलाई बेर्नाडोको घरमा लगे । मार्सेलोसँगै अपहरणमा परेर पछि छुटेका व्यक्ति थिए उनी । उनकी जहान घरबाहिरै थिइन् । तीन बालबच्चाको सुसार गर्दै थिइन् । बेनार्डो अचुआपा गएका थिए । उनैलाई पर्खिँदै थिइन् । साँझ पर्नुअघि उनी घर फर्के ।

उनले हामीलाई आफ्नो अनुभव सुनाए, “अगस्ट ११ गते बिहान ८ बजेको थियो । आमालाई भेट्न रियो ग्रान्डे जाने तर्खर गर्दै थिएँ । एलकाकोनिर बाटोमा मैले तीनजना व्यक्ति आइरहेको देखेँ । उनीहरूले सामान्य पाइन्ट र गाढा हरियो सैनिक सर्ट लगाएका थिए । बर्दी स्थानीय रक्षादलको जस्तो थियो ।”

“उनीहरूले मसित यो ठाउँको विषयमा जानकारी मागे । यहाँ कोको बस्छन् ? रक्षादलमा को-को छन् ? कति वटा राइफल छन् ? यस्तै प्रश्न थिए । मैले यस्ता कुरामा मलाई चासो छैन भनेँ । तिनीहरू कोन्ट्रा हुन् कि कोम्पास (सान्डानिस्टा) हुन् भन्ने मैले छुट्याउन सकिन । स्पष्ट नभए पनि मलाई कोम्पासले यस्ता प्रश्न गर्लान् भन्ने लागेन । तिनीहरूमध्ये एकजना मदेखि अलि चिढियो । मैले तिनीहरूले चाहे जस्तो गरिन । त्यही भएर । मैले ‘म दुःखी किसान हुँ, दिनकै घरबाट खेत र खेतबाट घर गर्छु, त्यो बाहेक अरू कुरा मलाई थाहा हुन्न’ भनेँ । तिनीहरूले मेरो घोडा खोसे । आमालाई भनेर लगिदिन थालेको सिँबी र एक दर्जन अण्डा खोसे । मेरो टोपी पनि खोसे ।”

“तिनीहरूले मलाई अलिबेर आफूसँगै हिँडाए । त्यसपछि एकजनाले मलाई सराप्यो र मलाई भुइँमा मुन्टो गाडेर पल्टिन भन्यो । मैले हात माथि उठाएँ र भनेँ, ‘के गरेको ?’ तिनले मेरो टाउको र कानमा राइफलको कुन्दाले हिर्काए । मेरा हात पछाडि बाँधे र जबर्जस्ती आफूसँगै हिँड्न भने । आइतबार दिनभरि र सोमबार पनि म तिनीहरूसँगै हिँडिरहेँ ।”

“त्यो बेला मैले अरू कोन्ट्राहरूले पनि डाँडाकाँडाबाट स्थानीय मान्छेलाई ल्याइरहेको देखेँ । अपहरण पर्नेमा हामी नौजना भयौँ । बिहानको ११ बजे हामीले एलबारो छिचोल्यौँ । मसँगै अपहरण पर्नेमध्ये केहीलाई मैले चिनेँ । तर कतिपयलाई चिन्न सकिन । केही कोन्ट्राले सान्डानिस्टाहरूले जस्तो गाढा हरियो नभई निलो बर्दी लगाएका थिए । तिनले ग्रिनेड लन्चर बोकेका थिए ।”

“शिकोपाइपनिर क्वेब्रादा कायुयामा हामीले रात बितायौँ । कोन्ट्राहरूले हामीलाई गोलो घेरा बनाएर उभ्याए । तिनीहरूले म र एलिबेर्तो मार्टिनेज मिलिसियामा हुनाले हामीलाई मार्ने बताए । रातभरि हामी जाग्राम बस्यौँ । बिहानपख त्यस्तै ६ बजेको हुँदो हो कोन्ट्राहरूले हामीलाई छोडिदिए । हामी आफ्ना घरघर गयौँ । मैले परिवार र चौपाया लिएर अचुआपा गएँ । कान दुखेर र नसा बाउँडिएर आज पनि मलाई सताइरहन्छ ।”

बेर्नाडोले कुरा सकेपछि केही बेर हामीले उनीसँगै बितायौँ । रात परिसकेको हुनाले हामी होजे सान्तोसको घरमा फर्कियौँ । उनका आमाबुबासँगै त्यो रात त्यही कटायौँ । लुसीसँग उनकी आमाले भनिछन्, “कति डरलाग्दा दिन थिए नानी । तिनीहरू गाउँमा पस्छन् कि भनेर हामी दिनरात तर्सिरहन्थ्यौँ ।” थकानले फतक्कै गलेका थियौँ । होजेका आमाबुबा र तिनका नातिनातिनाले प्रयोग गर्ने ठुलो कोठामा सुत्यौँ । भोलिपल्ट तीन घन्टा हिँडेर लुसी र म अचुआपा फर्कियौँ ।

यस्तै थियो कोन्ट्रा युद्ध, निकारागुआका गाउँले जनताका लागि । दुर्गम जिल्लाका ग्रामीण सहकारी समुदायमा बस्ने हुन् वा शिकोपाइपनिर बस्ने गाउँले अथवा सडकमा हिँडिरहेका यात्रु हुन्, सबैलाई कोन्ट्राहरूले एम्बुस थापेर मारे । ग्रामीण भेगका समुदाय वा व्यक्तिले ठुलो शारीरिक, भावनात्मक, सामाजिक, आर्थिक र मानसिक चोट व्यहोर्नुपऱ्यो । तिनका चोट वा आघात वर्षौं र दशकौँसम्म निको भएनन् ।

तर, यी अनुभवबाट बाँच्न र निको हुनका लागि सामुदायिक भावना कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरा पनि प्रस्ट हुन्छ । मार्सेलिनोले अन्य जिल्लाका मान्छेहरूलाई चिने । तिनका नामसहित तिनका जिल्ला पनि भने, एलकारिजो, एलकाको, एलपोर्भेनिर, एलबारो आदि । आफू बस्ने समाजका कुनाकाप्चाबारे उनी परिचित थिए ।

यस्तो कहालिलाग्दो स्थितिको सामना गरेका मानिसहरूको स्वाभिमान र सौहार्दताले मलाई सधैँ वशिभूत पार्छ । उनीहरूले हामीलाई आफ्ना सन्त्रासपूर्ण अनुभव सुनाए । त्यो पनि तातो कफी र गुलियो दूध दिएर । मेरो विचारमा स्वाभिमान र सौहार्दताजस्ता महत्त्वपूर्ण विधिमार्फत उनीहरूले युद्धका कठोर वर्षहरूमा पनि मानवताको दियोलाई निभ्न दिएनन् । आफ्नो देशमा अमेरिकाले मारकाट अभियान चलाइरहेको बेला उनीहरूले जीवनमुखी अभियान चलाए ।

(जेम्स फिलिप्स मानवशास्त्री हुन् । अध्ययनका क्रममा उनले मध्य अमेरिकामा ४० वर्ष बिताएका छन् । उनी सामाजिक परिवर्तन, राजनीतिक द्वन्द्व, मानवअधिकार, उपनिवेशवाद र शरणार्थीहरूका मुद्दा उठाउँछन् । उनका कैयन पुस्तक प्रकाशित छन् । ‘होन्डुरसको दोहन : प्रकृति दोहन, विस्थापन तथा बाध्यात्मक आप्रवासन’ (सन् २०२२) उनको पछिल्लो पुस्तक हो ।

***स्रोत : कोभर्ट एक्सन म्यागेजिन । सम्यक)***



# जापानको ‘अर्ध-गठबन्धन’ को खोजले क्षेत्रीय स्थिरतालाई जोखिममा पारेको छ

• हङ युनक्सिन

जापानका रक्षामन्त्री शिन्जिरो कोइजुमीले यसै साता अष्ट्रेलिया र भारतको द्विपक्षीय सैन्य सम्बन्धलाई सुदृढ पार्न भ्रमण गर्दैछन् । क्यानबेरामा, उनले र अष्ट्रेलियाका रक्षामन्त्री रिचर्ड मार्ल्सले गुप्तचर साझेदारी, रक्षा खरिद, जापानको मोगामी-वर्ग फ्रिगेटहरूसहित र अष्ट्रेलियाली दायराहरूमा संयुक्त हतियार परीक्षणलाई प्राथमिकता दिए । भारतमा, कोइजुमीको भारतीय रक्षामन्त्री राजनाथ सिंहसँगको छलफलले जापानको सहज निर्यात नियमहरूअन्तर्गत समुद्री सुरक्षा र रक्षा प्रविधि हस्तान्तरण विस्तारमा केन्द्रित थियो ।

कोइजुमीको यात्राको एउटा महत्त्वपूर्ण विवरणले ध्यान दियो: जापानी रणनीतिकारहरूका लागि अष्ट्रेलिया र भारत परम्परागत सहयोगी मात्र होइनन्, तर लामो समयसम्म सान्त्वनादायी आकस्मिक योजना अमेरिकाले एसिया-प्रशान्त क्षेत्रबाट फिर्ता हुनुपर्छ । कोइजुमीको अष्ट्रेलियाको रक्षा बलको संयुक्त अपरेशन कमाण्ड र भारतीय नौसेनाको पश्चिमी नौसेना कमाण्डको लगातार भ्रमणले मुख्यतया दुवै राष्ट्रको सुरक्षा क्षमता जापानलाई भविष्यमा भर पर्नका लागि पर्याप्त छ कि छैन भनेर मूल्याङ्कन गर्न मद्दत गर्‍यो ।

विशिष्ट नीतिगत उद्देश्यहरूलाई हेर्दा, कोइजुमीको यात्राले धेरै फरक लक्ष्यहरू हासिल गर्ने लक्ष्य राखेको थियो ।

पहिलो, जापानले अष्ट्रेलियालाई आफ्नो “प्रत्याक्रमण क्षमताहरू” को विकासका लागि साझेदार बनाउन खोज्छ, जुन मानक सैन्य सहयोगलाई पार गर्दछ । हालैका वर्षहरूमा, जापानले लगातार आफ्नो प्रत्याक्रमण क्षमताको विकास गरेको छ, मिसाइल रक्षा प्रणालीहरू मुख्य घटकको रूपमा सेवा गर्दै छन् । जापानको सीमित क्षेत्रले यसलाई अष्ट्रेलियातिर हेर्न बाध्य बनाउँछ, जसको फराकिलो भूभागले लामो दूरीका क्षेप्यास्त्रहरूका लागि आदर्श परीक्षणस्थल प्रदान गर्दछ ।

यसबाहेक, अष्ट्रेलियामा लामो दूरीको क्षेप्यास्त्र परीक्षण गरेर, जापानले दुई राष्ट्रहरूबिचको “अर्ध-गठबन्धन” सहयोगको स्तर प्रदर्शन गरेको मान्न सक्छ र सम्भावित विरोधीहरूलाई “सामूहिक प्रतिरोध” को स्पष्ट राजनीतिक सङ्केत पठाउन सक्छ । यदि जापानले अष्ट्रेलियामा लामो दुरीको मिसाइलको सफलतापूर्वक परीक्षण गर्‍यो भने, यसको मतलब अष्ट्रेलियाले “सामूहिक प्रतिरोध” प्रति प्रतिबद्धता प्रदर्शन गर्दै एक साधारण सुरक्षा साझेदारबाट “अर्ध-सहयोगी” मा रूपान्तरण गर्नेछ ।

दोस्रो, जापानले प्रमुख अन्तर्राष्ट्रिय हतियार निर्यातकर्ताको रूपमा आफ्नो रूपान्तरणलाई गति दिन अस्ट्रेलिया र भारतीय रक्षा बजारको लाभ उठाउने लक्ष्य राखेको छ । जापानको रक्षा खर्च विश्वव्यापी रूपमा शीर्ष १० मा रहेको छ, मुख्यतया रक्षा उपकरण र प्रविधिको स्थानान्तरणमा तीन सिद्धान्तहरूद्वारा लगाइएको प्रतिबन्धका कारण अन्तर्राष्ट्रिय हतियार बजारमा यसको स्थान धेरै पछाडि रहेको छ ।

यसलाई सम्बोधन गर्न, साने ताकाइचीको मन्त्रिपरिषद्ले अप्रिल २०२६ मा यी सिद्धान्तहरूलाई उल्लेखनीय रूपमा शिथिल बनायो । रक्षा मन्त्रालयले स्पष्ट रूपमा “सार्वजनिक-निजी साझेदारी” मोडेलमार्फत हतियार निर्यातलाई प्रवर्द्धन गर्ने प्रस्ताव गरेको छ र सङ्केत गरेको छ कि “समान विचारधारा भएका देशहरू” जापानी रक्षा निर्यातका लागि आदर्श लक्ष्य हुन् । अष्ट्रेलियामा, जापानले पहिले नै १० बिलियन डलर (४६.५ बिलियन येन) को मोगामी-क्लास फ्रिगेटहरूको लागि सम्झौता सुरक्षित गरिसकेको छ, जबकि भारतको विशाल नौसेना उपकरणले जापानी फ्रिगेटहरू, परम्परागत पनडुब्बीहरू र अन्य सैन्य हार्डवेयरको निर्यातको अर्को लक्ष्य प्रतिनिधित्व गर्दछ ।

तेस्रो, जापानले आफ्नो “अर्ध-गठबन्धन” नेटवर्कलाई दक्षिणपूर्वी एसियाली देशहरूभन्दा बाहिर फराकिलो एसिया-प्रशान्त क्षेत्रमा विस्तार गर्ने अवसर लिइरहेको छ । कोइजुमीको यात्रा निस्सन्देह सैन्य कूटनीतिको दायराअन्तर्गत पर्दछ, जसको प्राथमिक कार्य द्विपक्षीय सैन्य सहयोगलाई “अर्ध-गठबन्धन” स्तरमा उचाल्ने क्रममा सहयोग बढाउनु हो । जापानद्वारा परिकल्पना गरिएको “अर्ध गठबन्धन” मा, अष्ट्रेलियाले हतियार परीक्षण मैदान र सामुद्रिक खुफिया प्रदान गर्दछ, भारतले घरेलु रक्षा बजार प्रस्ताव गर्दै हिन्द महासागर दिशामा समुद्री सुरक्षाको जिम्मेवारी लिन्छ र जापानले हतियार, उपकरण र सैन्य प्रविधि उत्पादन गर्दछ ।

स्वाभाविक रूपमा, सहयोगको यो सञ्जाल औपचारिक गठबन्धनको बराबर हुँदैन र भारतले रणनीतिक स्वायत्तताप्रति आफ्नो प्रतिबद्धता कायम राख्छ । तैपनि, कोइजुमीको यात्राले अमेरिकाले एसिया-प्रशान्त क्षेत्रमा आफ्नो उपस्थितिलाई क्रमश: फिर्ता गर्दै जाँदा जापानले दृढ “अर्ध-गठबन्धन” फ्रेमवर्क निर्माण गर्न सक्रिय रूपमा प्रयास गरिरहेको देखाउँछ ।

जापानले निर्माण र विस्तार गर्न खोजेको “अर्ध-गठबन्धन” ढाँचाले एसिया-प्रशान्त क्षेत्रमा रणनीतिक स्थिरतामा योगदान पुर्‍याउने छैन भन्ने कुरामा जोड दिनुपर्छ । बरु, यसले क्षेत्रीय सुरक्षा परिदृश्यलाई ध्रुवीकरण गर्नेछ र जापानको सैन्य महत्वाकांक्षालाई उत्प्रेरित गर्नेछ । सुरुमा, अष्ट्रेलिया र भारतमा जापानी हतियार निर्यातले क्षेत्रीय हतियार दौडको जोखिमलाई अनिवार्य रूपमा बढाउनेछ । उही समयमा, संयुक्त जापान-अष्ट्रेलिया हाइपरसोनिक मिसाइल परीक्षण अन्तर-राज्यीय सैन्य सहयोगको उचित सीमाना बाहिर जान्छ, सजिलै छिमेकी देशहरूलाई हेजिङ्ग उपायहरू अपनाउन र सुरक्षा दुविधा सिर्जना गर्न उक्साउँछ ।

यसबाहेक, जापान, अष्ट्रेलिया र भारत बिचको सुरक्षा सहयोग “अर्ध-गठबन्धन” प्रणालीमा विकसित हुन सक्छ, जसले एसिया-प्यासिफिकको रणनीतिक स्थिरतालाई खेमाको राजनीतितर्फ अघि बढाउँछ ।

अन्तमा, आक्रामक युद्धहरू सुरु गर्ने देशको रूपमा, जापानसँग सहयोगीहरू खोज्ने रणनीतिक परम्परा छ; आज पनि त्यही तर्क लागू हुनसक्छ । यदि अष्ट्रेलिया र भारत जापानका “अर्ध-सहयोगी” बन्छन् भने, यसले अनिवार्य रूपमा एक पटक फेरि बाह्य विस्तारको लागि जापानको महत्त्वाकांक्षालाई जलाउनेछ । अन्तर्राष्ट्रिय समुदायले दोस्रो विश्वयुद्धपछिको युगको कडा विजयी शान्तिवादी अन्तर्राष्ट्रिय व्यवस्थालाई जोगाउन आफ्नो “अर्ध-सहयोगी” नेटवर्क फराकिलो बनाउने जापानको प्रयासलाई असफल बनाउनैपर्छ ।

(लेखक साङ्घाई युनिभर्सिटी अफ इन्टरनेशनल बिजनेस एण्ड इकोनोमिक्सका लेक्चरर हुनुहुन्छ ।)

**ग्लोबल टाइम्सबाट**

**अनुवाद : प्रकाश**





# सिन्ह्वाको टिप्पणी : अमेरिकी सार्वजनिक ऋण नियन्त्रण बाहिर

पेइचिङ, अगस्ट २० (सिन्ह्वा) । संयुक्त राज्य अमेरिकाको विशाल सङ्घीय ऋणले बिहीबार आधिकारिक रूपमा ४० ट्रिलियन अमेरिकी डलर नाघेको छ र अर्को ऐतिहासिक उच्च बिन्दुमा पुगेको छ ।

यो ऋणको माइलस्टोन एक आश्चर्यजनक सङ्ख्यामा मात्र सीमित छैन । यो एक वित्तीय समस्याको बारेमा चेतावनी हो जुन वाशिङगटनले दशकौँसम्म स्थगित गरेको छ । अमेरिकी ऋणको निर्माण फ्र्याङ्कनस्टाइनको राक्षससँग मिल्दोजुल्दो छ, यसको आफ्नै सिर्जनाको सृष्टि जुन यसको निर्माताको नियन्त्रणभन्दा बाहिर बढेको छ । एक पटक अस्थायी समाधानको रूपमा ऋण विश्वको शीर्ष अर्थतन्त्रको लागि स्थायी निर्भरता भएको छ, जसको गणना अन्तहीन रूपमा स्थगित भएको छ र विश्वव्यापी वित्तीय प्रणालीमा बढ्दो जोखिमहरू बढ्दै गएको छ ।

अमेरिकी ऋणको द्रुत वृद्धि आश्चर्यजनक छ । सङ्घीय ऋणमा १ ट्रिलियन डलर पुग्न संयुक्त राज्य अमेरिकालाई करिब दुई शताब्दी लाग्यो । तैपनि अर्को माइलस्टोनहरू द्रुतगतिमा बढ्दै गयो: २०२२ मा ३० ट्रिलियन डलर पार गर्नुअघि ऋण २००८ मा १० ट्रिलियन डलरबाट २०१७ मा २० ट्रिलियन डलरमा पुग्यो । यो थप १० ट्रिलियन डलर थप्न लगभग चार वर्ष लाग्यो ।

यो भन्दा बढी दु:खको कुरा यो हो कि ऋणको राक्षसले आफैंलाई खुवाइरहेको छ । हरेक नयाँ उधारो चक्र पछाडिको हिसाबलाई भविष्यमा धकेल्ने अर्को प्रयास हुन्छ ।

व्यवस्थापन खर्च, बढ्दो ब्याज लागत र दीर्घकालीन वित्तीय असन्तुलनले अमेरिकाको ऋण झनै बढेको छ, विदेशमा सैन्य विस्तारको लतले वित्तीय आगोमा थप इन्धन मात्र खन्याएको छ ।

२०२४ मा मात्रै, संरा अमेरिकाले आफ्नो सेनामा लगभग १ ट्रिलियन अमेरिकी डलर खर्च गर्‍यो, जुन विश्वव्यापी सैन्य खर्चको ३७ प्रतिशत हो । त्यो हेजेमोनिक रिफ्लेक्सको मूल्य अझै बढिरहेको छ: इरानसँगको युद्धको पाँच महिनापछि, पेन्टागनले द्वन्द्वको लागत ३७.५ बिलियन डलर पुर्‍यायो र दशौँ बिलियन थप खोजिरहेको थियो ।

अमेरिकी विदेशमा सैन्य साहसिक कार्यहरूले पीडा र विनाशको बाटो छोडेको छ भने, अमेरिकाको बढ्दो ऋण यसको सिमाना बाहिर बढ्दै गइरहेको छ । ब्रेटन वुड्स प्रणालीको जन्म भएको दशकौँपछि, डलर अझै पनि विश्वको प्राथमिक रिजर्भ मुद्रा बनिरहेको छ, जबकि अमेरिकी ट्रेजरी धितोपत्रहरू विश्वव्यापी वित्तीय बजारको मुटुमा बस्छन् ।




जब संरा अमेरिकाले मुद्रास्फीति र वित्तीय दबाबको सामना गर्न उच्च ब्याज दरहरू कायम राख्छ, पुँजी डलर-निर्धारित सम्पत्तिहरूमा प्रवाहित हुन्छ । यसले अन्य अर्थतन्त्रहरूलाई तिनीहरूको मुद्राहरू कमजोर पारेर, उधारो लागत बढाएर र वित्तीय अवस्थालाई कडा पारेर दबाब दिन सक्छ । अझ महत्त्वपूर्ण कुरा, अमेरिकी ऋणको अनियन्त्रित वृद्धिले अन्तर्राष्ट्रिय वित्तीय प्रणालीको स्थायित्वमाथिको विश्वास क्रमश: घट्दै गइरहेको छ । यस वर्षको सुरुमा अन्तर्राष्ट्रिय मुद्रा कोषले चेतावनी दिएझैँ बढ्दो अमेरिकी ऋणले अमेरिकी र विश्वव्यापी अर्थतन्त्र दुवैका लागि “बढ्दो स्थिरता जोखिम” खडा गरेको छ ।

४० ट्रिलियन डलर ऋण थ्रेसहोल्ड वाशिङगटनको लागि एक ताजा जगेडा कोष र बाँकी संसारको लागि एक नयाँ चेतावनीको रूपमा काम गर्छ । ऋणको फ्र्याङ्कनस्टाइन राक्षस रातारात सिर्जना भएको थिएन, तर दशकौँ राजनीतिक छनौटहरूमार्फत जसले दीर्घकालीन जिम्मेवारीलाई भन्दा अल्पकालीन लाभहरूलाई प्राथमिकता दिन्छ । कठिन सुधारहरू स्थगित गर्न निरन्तर उधारोले समस्यालाई अझ ठुलो र नियन्त्रण गर्न गाह्रो हुने अनुमति दिन्छ ।

पक्षपातपूर्ण विभाजनहरू झन् तीतो बढ्दै जाँदा वाशिङगटनका राजनीतिज्ञहरू आफ्नो देशको पुरानो ऋण समस्यालाई यसको जडलाई सम्बोधन गर्न असक्षम देखिन्छन् । तिनीहरू करहरू बढाउन इच्छुक छैनन् र मतदाताहरू, विशेषगरी धनीहरू, तर बढिरहेको रक्षा खर्चमा लगाम लगाउन समान रूपमा अनिच्छुक छन् । वाशिङटनले अवलम्बन गर्ने बढी सम्भावित पाठ्यक्रम भनेको विश्वव्यापी प्रभुत्वको महँगो खोजीमा वित्तपोषण गर्न ऋणमा ऋण थुपार्नु हो ।

गोथिक विज्ञान उपन्यासमा, फ्रान्केनस्टाइन र उनको राक्षसले अन्तत: एउटै भाग्यलाई भेटे, उनीहरूले गतिमा सेट गरेका बलहरूले नष्ट गरे । संरा अमेरिकाले यस्तै अन्त्यको जोखिममा छ: यसले सिर्जना गरेको ऋण राक्षसले अन्तत: प्राणी र यसको सृष्टिकर्ता दुवैलाई नष्ट गर्न सक्छ ।

त्यसकारण विश्वभरका देशहरूले नतिजाको लागि तयारी गर्नुपर्छ, आफ्नो वित्तीय लचिलोपनलाई बलियो बनाउनुपर्छ र अन्तर्राष्ट्रिय वित्तीय प्रणालीको कमजोरीहरूलाई कम गर्न मिलेर काम गर्नुपर्छ । वाशिङगटनले पाठ्यक्रम परिवर्तन गर्नको लागि दबाब धेरै उच्च छ ।

*-सिन्ह्वा*

# अन्तर्राष्ट्रिय युवा दिवस र भदौ ९ (कालो दिन) को सम्झना



रामप्रसाद प्रजापति

**अन्तर्राष्ट्रिय युवा दिवस**

हरेक वर्ष अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसको सन्दर्भ पारी नेपालमा पनि युवा दिवस मनाउने गरेको छ। युवा दिवसको मुख्य उद्देश्य युवाको भूमिका, नेतृत्व, सहभागिता, रोजगारी, उद्यमशीलता र अधिकारलाई प्राथमिकतामा ल्याउनु रहेको बताइन्छ।

यस वर्ष नेपालमा 'भिन्न परिवेश, साझा आकाङ्क्षा' भन्ने मूल नाराका साथ युवा दिवस मनाइँदै छ। अझ नेपाल



सरकार युवा तथा खेलकुद मन्त्रालयले तयार गरेको 'राष्ट्रिय युवा नीति २०८२' पनि छलफलको मुख्य विषय बनेको छ।

नेपालमा युवाका मुख्य चुनौती रोजगारी र विदेश पलायन रहेको देखिन्छ। करिब ८० लाख युवा विभिन्न बहानामा वैदेशिक रोजगारीमा रहेको अवस्था छ। युवाहरूको पहिलो विकल्प नै विदेश जानु बन्न पुगेको छ। समस्या विदेश जानु परेको भन्दा पनि देशभित्र आफ्नो क्षमता प्रयोग गर्ने पर्याप्त अवसर नहुनु हो।

दोस्रो, शिक्षालाई श्रमसँग जोड्न नसक्नु ठुलो चुनौती बनेको छ। उच्च शिक्षा हासिल गरेका युवाहरूले रोजगारी नपाउनु भनेको उनीहरूले प्राप्त गरेको शिक्षा अर्थात् ज्ञानको प्रयोग श्रम बजार अथवा रोजगारसँग तालमेल नखानु नै हो। त्यसैले शिक्षा श्रम र सीपपसँग जोड्नुको अर्को विकल्प छैन।

नेपालको संविधानको धारा ४२ (१) ले सामाजिक न्यायको हकअन्तर्गत राष्ट्र विकासमा युवा सहभागिता अभिवृद्धि गर्ने र युवाले राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको पूर्ण उपयोग गर्न सक्ने वातावरण सृजना गर्ने राज्यको नीति स्पष्ट गरेको छ। शिक्षा, स्वास्थ्य उपचार र रोजगारीलगायत क्षेत्रमा युवालाई विशेष अवसर दिने कुरा पनि उल्लेख छ।

त्यस्तै संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक हुने र रोजगारी रोज्ने स्वतन्त्रता पनि सुनिश्चित गरेको पाइन्छ।

त्यसैले युवा दिवसको अवसरमा युवाका विषयमा छलफल मात्र नभई युवाको अधिकार, राज्यको दायित्व र त्यसको कार्यान्वयनको अवस्थालाई कानुनी दृष्टिले समिक्षा गर्नु आवश्यक छ।

यदि नेपालको संविधानले रोजगारीको हक सुनिश्चित गरेको छ भने आज ठुलो सङ्ख्यामा नेपाली युवा रोजगारीका लागि विभिन्न बहानामा विदेश जानुपर्ने बाध्यता किन सृजना भयो ?

युवाको अधिकारलाई रोजगारीमा मात्र नभई गुणस्तरीय शिक्षा, व्यावसायिक तथा प्राविधिक सीप, उद्यमशीलताको असर, सामाजिक सुरक्षा, समान अवसर र नीति निर्माणमा अर्थपूर्ण सहभागिताको पनि आवश्यकता रहन्छ।

नेपालको संविधानको धारा ५१ (झ) ले राज्यले श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउँदै स्वदेशमै रोजगारी अभिवृद्धि गर्ने नीति लिएको पाइन्छ।

**प्रजातान्त्रिक आन्दोलनहरूमा युवा**

मनपरीतन्त्रको रूपमा रहेको राणा शासनविरुद्ध आवाज उठाउँदै नेपालमा २००७ सालमा प्रजातन्त्र स्थापना गर्नको लागि भएको आन्दोलनको अग्रपङ्क्तिमा युवाहरू नै थिए। युवाहरूकै जीवन बलिदानबाट देशमा प्रजातन्त्रको स्थापना भएकोमा दुईमत नहोला।

त्यस्तै, २०४७ सालमा पञ्चायती निरङ्कुश व्यवस्थाविरुद्ध भएको आन्दोलनमा पनि युवाहरूनै अग्रपक्तिमा थिए। प्रजातन्त्र स्थापनाको लागि भएको आन्दोलनको दोस्रो दिन फागुन ८ गते बिहानै भक्तपुरको प्रसिद्ध ङातापोल्हँ मन्दिर अगाडि टौमढी टोलमा निरङ्कुश पञ्चायती सरकारले चलाएको गोली लागी भक्तपुरका युवाहरूले सहादत प्राप्त गरेका थिए।

त्यसैगरी २०५९ सालदेखि सुरु भएको प्रतिगमनविरोधी आन्दोलन र २०६२/६३ मा भएको राजाको प्रत्यक्ष शासन व्यवस्थाविरुद्धको आन्दोलनहरूमा पनि युवाहरूको महत्त्वपूर्ण भूमिका रह्यो। १९ जना युवाहरूले ज्यान बलिदान गरेपछि जनप्रतिनिधिमूलक संस्था प्रतिनिधिसभाको पुनर्स्थापना भयो। सोही प्रतिनिधिसभाले देशमा राजतन्त्रको अन्त्य र लोकतन्त्र/गणतन्त्र स्थापनाको उदघोष गरे।

हालै गत वर्ष भएको युवाहरूको प्रदर्शनीपछि विकसित घटनाक्रमले नेपालमा सत्तामा परिवर्तन, निर्वाचन र निर्वाचनपछि युवाहरूको सरकार बनेको छ।

**भदौ ९ अर्थात् कालो दिनको सम्झना**

नेपालको राजनीतिक इतिहासमा नेपाल मजदुर किसान सङ्गठन (पछि नेपाल मजदुर किसान पार्टी) तथा अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ।

आजको दिनमा नारायणमान बिजुक्छेँ नेपाल मजदुर किसान पार्टीको मात्रै नेता होइनन्। उहाँ सम्पूर्ण नेपाली जनताको लागि इमान र वर्गीय हितका लागि जीवनभर निरन्तर सङ्घर्ष गर्दै आउने सादगी नेताका रूपमा देशभित्र र दक्षिण एसियामा प्रख्यात हुनुहुन्छ।



उहाँले २०१३ सालदेखि राजनीति गरेको र २०१९ सालदेखि नेतृत्व गरेको भक्तपुरलाई भ्रष्टाचाररहित इमानदारीताको टापुको रूपमा विकसित गर्दै अहिले शिक्षा र स्वास्थ्य उपचारको नमुना एवं सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नुभएको छ।

२०१३ सालदेखि गरिब किसान र मजदुर अर्थात् काम गरी खाने वर्गका जनताका पक्षमा पञ्चायती सरकारभित्र पनि गएर वर्गीय रूपमा किसान र मजदुरको हितमा भर्पाई आन्दोलन, बाली काट्ने आन्दोलन, सहकारी ठगी, भ्रष्टाचारविरुद्धको आन्दोलन, देशको सिमानासँग सम्बन्धित सुस्तामा भारतीय अतिक्रमणविरुद्ध आन्दोलनलगायतका काम गर्दै आएका अध्यक्ष रोहितले करिब १० वर्ष निर्वासित जीवन बिताउनुभयो। निर्वासनको समयमा अध्यक्ष रोहितमाथि गोली प्रहार गरी हत्याको प्रयास पनि भएको थियो।

अध्यक्ष रोहितले २०३१ साल माघ १० गते नेपाल मजदुर सङ्गठनको स्थापना गर्नुभयो। यसैबिच उनले २०३६ सालको जनमतसङ्ग्रहका लागि नेपालमा आई पञ्चायती व्यवस्थाको विरोध गर्दै प्रजातन्त्रको पक्षमा वकालत गर्नुभयो।

लेनिनवादी सिद्धान्तबमोजिम प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घसङ्गठनभित्र रहेर वर्गीय रूपमा गरिब तथा काम गरी खाने जनताको पक्षमा उहाँले निरन्तर सङ्घर्ष गर्दै आउनुभयो।

यसैबिच २०४५ भदौ ५ गते बिहान करिब ५ बजे उदयपुर केन्द्रबिन्दु भएको भूकम्प आयो। शक्तिशाली भूकम्पले भक्तपुरमा ठुलो क्षति भएको थियो।

भदौ ९ गते राहत वितरणको नाममा भक्तपुरमा प्रमुख जिल्ला अधिकारीको ठाउँमा पूर्वराष्ट्रिय पञ्चायत सदस्य कर्णप्रसाद ह्योजुलाई खाद्यान्नका कुपन वितरण गर्ने जिम्मेवारी दिइएको थियो। ह्योजुले पक्षपात गरेको भन्दै उनलाई बजार परिक्रमा गराएका थिए। ह्योजुलाई सकुशल प्रहरीको गाडीमा राखेका थिए। तर, पञ्चायत सरकारकै निर्देशनमा पुनः गाडीबाट निकालेर थप केही सय मिटर अगाडि प्रहरीले नियन्त्रणमा लिएर वीर अस्पताल पुऱ्याए। समयमै उपचार नगरी राति अबेर मृत्यु भएको घोषणा गरियो।

सोही रातिबाट नै नेपाल मजदुर किसान सङ्गठनका अध्यक्ष रोहितलगायतका नेता, कार्यकर्ताहरूलाई पञ्चायती व्यवस्थाले अमानवीय रूपमा कुटपिट, थुनछेक, पक्राउ सुरु गऱ्यो।

भक्तपुर नगर केही महिना मसानघाटझैँ सुनसान बन्यो। भक्तपुर नगरभित्र महिला, बालबालिका र वृद्धहरूबाहेक अरू कोही थिएनन्।

युवाहरूलाई देख्नेबित्तिकै पक्राउ, कुटपिट, अमानवीय व्यवहार हुने हुँदा पञ्चायती सरकारले घटनामा पक्राउ परेका व्यक्तिहरूलाई चरम अमानवीय यातना दिनुका साथै भक्तपुरका अधिकांश युवाहरू भूमिगत हुन बाध्य पारिएको थियो। धेरै युवाहरू पक्राउ परेको, पञ्चायती प्रहरीको दमन र अमानवीय रूपमा शारीरिक तथा मानसिक यातना भोग्न बाध्य भएका थिए।

नेपाल मजदुर किसान सङ्गठनका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) लगायत ६७ जनाविरुद्ध तत्कालीन मुलुकी ऐन ज्यानसम्बन्धी महलको दफा १३ (क) को ६ नं. अनुसार कारबाही माग गरी मुद्दा चलाइयो।

ह्योजूको शवयात्रा पनि सामान्य अन्त्येष्टिजस्तो देखिएन। तत्कालीन प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठ, राष्ट्रिय पञ्चायतका अध्यक्षलगायत उच्च सरकारी व्यक्तिहरूसमेत सहभागी भएको शवयात्रामा 'रोहितलाई फाँसी दे' भन्ने नारा लागेको थियो।

उक्त मुद्दा करिब २० महिनासम्म ठुलो राजनीतिक तनावको विषय बन्यो। अन्ततः २०४६ सालको जनआन्दोलनको सफलतापछि पञ्चायती व्यवस्था समाप्त भयो र बहुदलीय व्यवस्था पुनःस्थापित भयो। त्यसपछि २०४७ वैशाख ५ गते भक्तपुर काण्डसम्बन्धी मुद्दा सरकारले फिर्ता लियो। रोहितलगायत थुनामा रहेका व्यक्तिहरू रिहा भएका थिए।

भक्तपुर काण्डमा तत्कालीन पञ्चायती सरकारले ह्योजुको हत्या राजनीतिक कार्यकर्ताहरूको भिडले गरेको मिथ्या आरोप लगाएको थियो। वास्तविकता अर्कै थियो। वास्तवमा प्रमुख जिल्ला अधिकारीले वितरण गर्नुपर्ने भूकम्प पीडित राहत कुपन पूर्वराष्ट्रिय पञ्चायत सदस्य ह्योजुलाई वितरण गर्न लगाइयो। ह्योजुलाई प्रयोग गरेर रोहित र नेपाल मजदुर किसान पार्टीलाई समाप्त पार्ने राज्यस्तरको षड्यन्त्र पञ्चायती सरकारले गरेको थियो।

त्यही कालो दिनको स्मरणमा हरेक वर्ष कालो दिवस मनाउँदै आएको पाइन्छ। इतिहास दोहोरिन्छ तर फरक तरिकाले भन्ने भनाइजस्तै वर्गीय समाजमा व्यापक काम गरी खाने जनता, किसान, मजदुर, श्रमिकको शोषण गर्न पल्केकाहरूले जुनसुकै बखत नयाँ नयाँ बहानामा भक्तपुर काण्डजस्ता षड्यन्त्र गर्न सक्ने सम्भावना रहने भएकोले हरपल सचेत र सुसुक्षित हुन र निरन्तर वर्गीय शिक्षा, अध्ययन र सङ्घर्षलाई चालु राख्न आवश्यक रहेको अध्यक्ष रोहितले बताउँदै आउनुभएको स्मरण गर्न चाहन्छौँ।

*२०८३ भदौ ७*

---

# आधुनिक प्रविधिलाई ज्ञान तथा सिकाइको महत्त्वपूर्ण स्रोतको रूपमा उपयोग गर्नुपर्ने

भक्तपुर। नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ काठमाडौँ-रामेछाप सम्पर्क समितिको आयोजनामा विद्यार्थी भेला तथा प्रशिक्षण कार्यक्रम शनिबार सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका पूर्वअध्यक्ष रवीन्द्र ज्याख्वले सिकाइ निरन्तर चलिरहने प्रक्रिया भएकोले विद्यार्थीहरूले नयाँ-नयाँ विषय तथा प्रविधि सिक्न सधैँ अग्रसर हुनुपर्ने बताउनुभयो।

उहाँले आधुनिक प्रविधिलाई ज्ञान तथा सिकाइको महत्त्वपूर्ण स्रोतको रूपमा प्रयोग गर्न आग्रह गर्दै सामाजिक सञ्जालमा प्रसारित हुने भ्रामक समाचार तथा अप्रमाणित सामग्रीको पछि नलाग्न विद्यार्थीहरूलाई सचेत गराउनुभयो।

उहाँले भन्नुभयो, "सामाजिक सञ्जालका अल्गोरिदमले प्रयोगकर्ताको सोच तथा व्यवहारमा प्रभाव पार्न सक्छ। प्रविधिको प्रयोग विवेकपूर्ण र जिम्मेवारीसहितको हुनु जरूरी छ।"

भक्तपुरलाई विगतमा 'फोहोरको सहर'को रूपमा समेत चिनिने गरेको स्मरण गर्दै उहाँले भक्तपुरलाई ज्ञान-विज्ञानको केन्द्रका रूपमा विकास गर्न नेमकिपाले महत्त्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो। समाजवादी व्यवस्थामा शिक्षा र स्वास्थ्य निःशुल्क हुने हुँदा यसको अभ्यास भक्तपुरमा भइरहेको उहाँको भनाइ थियो।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाले भक्तपुर ज्ञान-विज्ञानको केन्द्रको रूपमा विकसित हुँदै गएको उल्लेख गर्दै विद्यार्थीहरूले यहाँ उपलब्ध विभिन्न शैक्षिक तथा बौद्धिक अवसरको सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ, काठमाडौँ-रामेछाप सम्पर्क समितिका अध्यक्ष राम श्रेष्ठले विद्यार्थीहरू पाठ्यपुस्तकमा मात्र सीमित नभई देश तथा विदेशमा भइरहेका समसामयिक घटना, विज्ञान, प्रविधि, राजनीति, अर्थतन्त्र तथा समाजका विविध पक्षबारे जानकारी हासिल गर्नुपर्ने बताउनुभयो।

उहाँले विद्यार्थीमा जिज्ञासा, अनुसन्धान तथा अध्ययनको संस्कार विकास गर्न आवश्यक रहेको उल्लेख गर्दै नेपालको जलस्रोत सम्भावना र विद्युत् उत्पादन क्षमताबारे विभिन्न अध्ययन तथा अनुसन्धानमा विद्यार्थीहरूको महत्त्वपूर्ण भूमिका रहेको चर्चा गर्नुभयो।

अध्यक्ष श्रेष्ठले विद्यार्थीहरूमा पठन संस्कृतिको विकास गर्ने उद्देश्यले विद्यार्थी सङ्घको पहलमा पुस्तकालय परिचयपत्रको व्यवस्था गरी पुस्तक उपलब्ध गराउने तथा आगामी दिनमा विभिन्न अतिरिक्त तथा सिर्जनात्मक गतिविधि सञ्चालन गर्ने जानकारी दिनुभयो।

कार्यक्रमका सभापति तथा नेपाल मजदुर किसान पार्टी, काठमाडौँ-रामेछाप सम्पर्क समितिका संयोजक धनबहादुर श्रेष्ठले शिक्षाको आवश्यकता, महत्त्व तथा विद्यार्थी जीवनमा यसको भूमिकाबारे प्रकाश पार्नुभयो।

---

# ललितपुरका प्रमुख जिल्ला अधिकारीलाई युवा सङ्घले बुझायो ज्ञापनपत्र

ललितपुर, ३ भदौ। एलपी ग्यासको सहज आपूर्ति, कालाबजारी तथा बढ्दो महँगी नियन्त्रण सम्बन्धमा नेपाल सरकारको ध्यानाकर्षण गराउन मङ्गलबार नेपाल क्रान्तिकारी युवा सङ्घ जिल्ला समिति ललितपुरले जिल्ला प्रशासन कार्यालय, ललितपुरका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझायो।

नेक्रायुसङ्घ ललितपुरका अध्यक्ष महेन्द्र व्रह्माचार्यको नेतृत्वमा गएको टोलीले नेपाल सरकारसमक्ष खाना पकाउने एलपी ग्यासको नियमित, पर्याप्त, पारदर्शी र सहज आपूर्ति तत्काल सुनिश्चित गर्न, ग्यासको कालोबजारी, कृत्रिम अभाव तथा तोकिएको मूल्यभन्दा बढी मूल्य असुल्नेमाथि कडा कानुनी कारबाही गर्न माग गरेको छ।

टोलीले खाद्यान्न, तरकारी, इन्धनलगायत दैनिक उपभोग्य अत्यावश्यक वस्तुको अस्वाभाविक मूल्यवृद्धि तत्काल नियन्त्रण गर्न, कालोबजारी, कृत्रिम अभाव र बिचौलियाको चलखेल नियन्त्रण गर्न नियमित, प्रभावकारी तथा परिणाममुखी बजार अनुगमन गर्न, अत्यावश्यक वस्तुको आपूर्ति तथा वितरण प्रणालीलाई पारदर्शी, व्यवस्थित, प्रभावकारी र उपभोक्तामैत्री बनाउन आग्रह गरेको छ। नेपालका नदीनालाबाट सरकार आफैले विद्युत् उत्पादन गरी नेपाली जनतालाई सहुलियत मूल्यमा बिजुली उपलब्ध गराई खाना पकाउने ग्यास आयातमा भइरहेको व्यापारघाटा घटाउन माग गर्दै युवा सङ्घले नेपाल सरकारको ध्यानाकर्षण गराएको छ।

# त:मुंज्याको सांस्कृतिक तथा साहित्यिक समिति गठन

भक्तपुर। ४६ औँ नेपालभाषा साहित्य त:मुंज्यालाई भव्य तथा व्यवस्थित रूपमा सम्पन्न गर्न सांस्कृतिक तथा साहित्यिक समिति गठन गरिएको छ।

नेपाल मजदुर किसान पार्टी जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईको उपस्थितिमा भएको भेलाले ग्व:साखलका अध्यक्ष उकेश कवांको संयोजनमा समिति गठन गरेको हो।

भेलाले नारायणप्रसाद मचामसीको संयोजकत्वमा १३ सदस्यीय सांस्कृतिक समिति तथा पुण्यराम कवांको संयोजकत्वमा ६ सदस्यीय साहित्यिक समिति गठन गरेको छ।

# जिल्ला जिल्लामा भक्तपुर काण्डको भर्त्सना






**कुनै पनि षड्यन्त्रविरुद्ध अझ सशक्त रूपमा लड्न पाठ सिक्नुपर्ने**

भक्तपुर। भक्तपुर नगरपालिका वडा नं. १० को छोरी-बुहारी समूहको आयोजनामा २०४५ साल भदौ ९ गते भएको भक्तपुर काण्डको स्मरणमा भर्त्सना कार्यक्रम भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले भक्तपुर काण्डले कुनै पनि षड्यन्त्रविरुद्ध अझ सशक्त रूपमा लड्नुपर्ने पाठ सिकाएको बताउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाले नगरवासीलाई शिक्षित बनाउन विभिन्न कलेज तथा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको बताउनुभयो।

ख्वप अस्पतालले जनतालाई निःस्वार्थ रूपमा स्वास्थ्य सेवा प्रदान गर्दै आएको स्पष्ट पार्दै उहाँले पार्टीको निरन्तर मेहनत, सङ्घर्ष र जनताको सेवाप्रतिको समर्पणकै कारण आज भक्तपुर विकास र समृद्धिको बाटोमा अगाडि बढेको काम देख्न नसक्नेहरूले पार्टीप्रति कुदृष्टि राखेको उहाँको भनाइ थियो।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय कोषाध्यक्ष रोशनमैयाँ सुवालले भक्तपुर काण्डमा धेरै निर्दोषले सजाय पाएको बताउँदै उक्त घटनाबारे नयाँ पुस्तालाई जानकारी गराउनुपर्नेमा जोड दिनुभयो।

नेमकिपाले महिलाहरूलाई शिक्षित बनाउन महिला साक्षरता कार्यक्रम सञ्चालन गरेको स्मरण गर्दै उहाँले भक्तपुर काण्ड नेमकिपालाई समाप्त पार्ने उद्देश्यले षड्यन्त्रपूर्वक रचिएको बताउनुभयो।

नेमकिपा वडा नं. १० समितिका अध्यक्ष लक्ष्मीप्रसाद चवालले २०४५ सालको भक्तपुर काण्डबारे नयाँ पुस्तालाई निरन्तर जानकारी गराइराख्नुपर्ने बताउनुभयो। त्यस्ता षड्यन्त्र पुनः दोहोरिन सक्ने भएकोले सचेत रहनुपर्ने उहाँको भनाइ थियो।

पूर्वउपप्रमुख चैत्यराज शाक्यले नेमकिपाको समूल नष्ट गर्न पञ्चायती राज्यस्तरबाट वि.सं. २०४५ भदौ ९ गते रचिएको षड्यन्त्र 'कालो दिन' को विरोध तथा भर्त्सना कार्यक्रम शनिबार ठुली ब्रह्मायणी सुडालमा गऱ्यो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी, भक्तपुर जिल्ला समितिका अध्यक्ष एवम् वाग्मती प्रदेशसभाका सांसद सुरेन्द्रराज गोसाईले नेमकिपाको अहिलेसम्म देश र जनताको निःस्वार्थ सेवाबाहेक अरु कुनै स्वार्थ नभएको स्पष्ट पार्नुभयो। उहाँले भक्तपुर काण्ड रचेर नेमकिपाविरुद्ध अनेक भ्रम फैलाई नष्ट गर्न खोज्दा पञ्चायती व्यवस्था आफै अन्त्य भएको बताउनुभयो। त्यसबेलाका पञ्चायती हिमायतीहरू अहिले कुनै पनि रूप र रङ बदलेर फेरि षड्यन्त्र गर्न सक्नेतर्फ सचेत हुनुपर्ने उहाँले बताउनुभयो। अहिले इतिहासलाई एक एक गरी केलाउन लेखेर, सुनाएर वा गीतमार्फत प्रस्तुत गरेर स्मरण गर्नुपर्ने र नयाँ पुस्तालाई समेत सिकाउनुपर्नेमा




बताउनुभयो।

नेमकिपाले तल्लो वर्गका जनतालाई माथि उठाउने उद्देश्यले काम गर्दै आएको उल्लेख गर्दै उहाँले आज भक्तपुर सुन्दर, शिक्षित र सभ्य नगरका रूपमा देश-विदेशमा परिचित हुनुमा नेमकिपाको भूमिका उल्लेखनीय रहेको बताउनुभयो।

महिला समूहले समाजलाई सही दिशा निर्देश गर्न महत्त्वपूर्ण सहयोग पुग्ने उहाँको भनाइ थियो।

भक्तपुर काण्डसँगै पञ्चायती व्यवस्थाको अन्त्यतर्फको आन्दोलनले गति लिएको उल्लेख गर्दै उहाँले नेमकिपाका जनप्रतिनिधिहरूले जनताको हितमा काम गर्दै आएको बताउनुभयो।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य राजवीर डङ्गोलले राजनीतिक रूपमा सङ्घर्ष गर्न सके मात्र आफ्नो पहिचान जोगाउन सकिने बताउनुभयो।

नेमकिपालाई समाप्त पार्ने उद्देश्यले षड्यन्त्रपूर्वक भक्तपुर काण्ड रचिएको उहाँले बताउनुभयो।

नेमकिपाले जनताको पक्षमा गरेको भक्तपुर काण्डको स्मरण गर्दै महिलाहरूको राजनीतिक चेतनाका लागि तालिम तथा प्रशिक्षण आवश्यक रहेको बताउनुभयो। छोरी-बुहारीबिच परिचयात्मक सम्बन्ध विस्तार गर्न यस्ता कार्यक्रम आवश्यक रहेको उहाँले बताउनुभयो।

छोरी-बुहारी समूहका प्रतिनिधि तारा शाक्यले स्वागत मन्तव्य राख्दै भक्तपुर काण्डका क्रममा महिलाहरूले धेरै दुःख र पीडा सहनु परेको बताउनुभयो। कार्यक्रममा समूहका सदस्य आभा प्रजापतिले पनि आफ्नो धारणा राख्नुभएको थियो।

कार्यक्रमका सभापति एवं वडा १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि यस्तै कार्यक्रममार्फत सबैलाई सङ्गठित र सचेत रहन आग्रह गर्नुभयो।

**क्रान्तिकारी महिलाहरूमाझ 'कालो दिन' को विरोध तथा भर्त्सना**

भक्तपुर। नेपाल क्रान्तिकारी महिला सङ्घ, ९ वडा एकाइ समितिले

उहाँको जोड छ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले पञ्चायती दमन, अन्याय अत्याचारले आफूसँगै धेरैलाई सताइएको बारे स्पष्ट पार्दै त्यसविरुद्ध लड्न महिलाहरूको योगदान अतुलनीय रहेको बताउनुभयो। उहाँले उपत्यका बाहिर जाँदा पनि विभिन्न पार्टीसँग नेमकिपाको तर्फबाट सैद्धान्तिक सङ्घर्ष गरेको स्मरण गर्नुभयो। उहाँले गरिबवर्ग एक दिन शासनसत्तामा पुग्ने बताउँदै हिजोको दुःखबाट सिकेर कुनै पनि षड्यन्त्रबाट टाढा रहनुपर्ने बताउनुभयो।

शिक्षक कृष्णप्रसाद धन्छाले भूमिगत जीवनको अनुभव बताउँदै पञ्चायती षड्यन्त्र र जालझेलको सबैतिर पर्दाफास भएकै कारण पञ्चायतको अन्त्य भएको स्पष्ट पार्नुभयो। उहाँले सत्य डग्दैन, झूट टिक्दैन भन्ने चरितार्थ भएको औँल्याउँदै पञ्चायती राज्यस्तरको षड्यन्त्रविरुद्ध महिला सङ्घको योगदानलाई सम्झिनुपर्ने बताउनुभयो।

राज्यलक्ष्मी प्रजापतिले भक्तपुर काण्ड दोहोरिन नदिन महिलाहरू हरेक कुरामा सचेत भइरहनुपर्ने बताउनुभयो। उहाँले आफूले बुझेको थाहा पाएको भक्तपुर काण्डको वास्तविक कुरा परिवार, आफन्तजन र छोराछोरीबिच छलफल हुनुपर्ने बताउनुभयो।

आयोजक समितिका अध्यक्ष सविना प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का अध्यक्ष रवीन्द्र ज्याख्व, छोरीमैयाँ सुजखु, जगतलाल मानन्धर, रामेश्वरी कोजु, कृष्णाश्वरी दुवाललगायतले बोल्नुभएको थियो।

किसान अग्रजहरूले भक्तपुर काण्डलाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गरेको उक्त कार्यक्रममा विभिन्न खेल तथा साङ्गीतिक प्रस्तुति पनि भएको थियो।

**चाँगुका महिलाहरूद्वारा 'भक्तपुर काण्ड' को विरोध एवम् भर्त्सना**

नेपाल क्रान्तिकारी महिला सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा 'भक्तपुर काण्ड' को विरोध एवम् भर्त्सना कार्यक्रम शुक्रबार सम्पन्न भयो।

कार्यक्रममा नेमकिपा भक्तपुरका उपाध्यक्ष न्हुछेभक्त फोजुले नेमकिपाले देश र जनताको निःस्वार्थ सेवा गरेकै कारण पञ्चायती सरकारलाई इर्ष्या र डाहा भई २०४५ भदौ ९ गते षड्यन्त्र गरी पार्टीलाई नष्ट गर्न खोजेको बताउनुभयो।

नेमकिपाले स्थापनाकालदेखि जनताको हितमा सफाइ अभियान, साक्षरता कार्यक्रम सञ्चालन गर्दै आइरहेको साथै शिक्षा-स्वास्थ्य-सम्पदा संरक्षणमा विशेष जोड दिँदै आएको बताउनुभयो।

वाग्मती प्रदेशसभा सदस्य गीता काफ्लेले वाग्मती प्रदेशमा भएका अनियमितता, विकृति, बेथिति र पक्षपातबारे पार्टीका प्रतिनिधिहरूले विरोध गर्दै जनतालाई सचेत गर्दै आएको बताउनुभयो।

उहाँले महिलाहरू राजनीतिकरूपमा सचेत र सङ्गठित हुन विश्व सर्वहारावर्गका नेताहरूको जीवन सङ्घर्ष र जीवनी अध्ययन गर्नु जरूरी रहेको बताउनुभयो।

आयोजक समितिका अध्यक्ष सानु लागेको सभापतित्वमा भएको कार्यक्रममा कविता श्रेष्ठले पनि बोल्नुभएको थियो।

**कैलालीमा 'भक्तपुर काण्ड' को विरोध तथा भर्त्सना**

कैलाली। नेमकिपा जिल्ला समिति कैलालीको आयोजनामा 'भक्तपुर काण्ड' को विरोध तथा भर्त्सना कार्यक्रम शनिबार लम्किचुहामा भयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेमकिपालाई समूल नष्ट गर्ने उद्देश्यले रचिएको भक्तपुर काण्डको विरोध तथा भर्त्सना गर्दै पञ्चायती व्यवस्था समाप्त हुनुमा भक्तपुर काण्डमा गरेको अन्याय पनि एक रहेको बताउनुभयो।

नेमकिपा कैलाली अध्यक्ष रमेशकुमार रावलले सङ्गठनलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औँल्याउँदै सङ्गठनको हरेक कार्यक्रममा उपस्थित हुनुपर्ने र पार्टी प्रकाशनहरू अध्ययन गर्नुपर्ने बताउनुभयो।

नेक्राशिसङ्घका केन्द्रीय सदस्य जे.टी.ले भक्तपुर काण्डमा भक्तपुरमा २० महिनासम्म पञ्चायती शासकहरूले दमन गरेको र गिरफ्तारमा परेका नेता-कार्यकर्ताहरूलाई अमानवीय यातना दिएको बताउनुभयो।

नेक्रामहिला सङ्घका केन्द्रीय सहसचिव तथा कैलाली अध्यक्ष लक्ष्मी पुनले भक्तपुर काण्डको बेला भक्तपुरका क्रान्तिकारी महिलाहरूले ठुलो साहसका साथ राज्यस्तरको खुला षड्यन्त्रविरूद्ध एकजुट भई डटेर काम गरेको स्मरण गर्नुभयो। कार्यक्रममा जीएस, गगनबहादुर थापा, ज्योति बडुवाल र एचबीले भक्तपुर काण्डको विरोध एवं भर्त्सना गर्नुभएको थियो।

**भैरहवामा 'भक्तपुर काण्ड' को भर्त्सना**

बुटवल। नेपाल मजदुर किसान पार्टी रूपन्देहीले शनिबार भैरहवामा भदौ ९ 'कालो दिवस'को भर्त्सना गर्दै एक कार्यक्रम सम्पन्न गऱ्यो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी रूपन्देहीका अध्यक्ष हरिसुन्दर वासीले राज्यस्तरबाट रचिएको षड्यन्त्र 'भक्तपुर काण्ड'को भर्त्सना गर्दै प्रतिक्रियावादीहरूबाट हुने राजनीतिक षड्यन्त्रहरूबारे नयाँ पुस्तालाई पनि सतर्क बनाउनु आवश्यक छ भन्नुभयो।

नेमकिपाले देशमा आमूल परिवर्तन ल्याउन व्यापक कामदार जनतालाई सचेत र सङ्गठित बनाएको देखेर आतिएको प्रतिक्रियावादी शासकहरूले नेमकिपा र नेमकिपाका अगुवाहरूलाई समूल रूपमा नष्ट गर्न खोजेकै कारण पञ्चायती व्यवस्थाको आयु छोटिएको चर्चा गर्दै अध्यक्ष वासीले नेपालमा कामदारवर्गको शासन स्थापना गर्न कठिनभन्दा कठिन दिनहरूमा पनि नेमकिपाले सङ्घर्ष गरिरहेको छ भन्नुभयो।

सुशासनको नारा दिएर आएको नयाँ सरकारले अरबौं कमाउनेहरूलाई प्रतिअरब दस- बान्ह करोड कर छुट र गरिबहरूको बिजुलीमा भ्याट लगाई कर थोपरेर कानुनी रूपमै कामदारवर्गलाई झन् दबाउन खोजेको उल्लेख गर्दै अध्यक्ष वासीले पुँजीवादी राज्य व्यवस्थाको रूप फेरिए पनि शोषण, दमन, अन्याय र अत्याचार नरोकिएको कारण वर्गसङ्घर्ष जारी रहने छ भन्नुभयो।

वर्गीय रूपमा सचेत जनताले मात्र नेपालमा आमूल परिवर्तन ल्याउन सक्ने स्पष्ट पार्दै उहाँले नयाँ पुस्तामा आलोचनात्मक चेतनास्तर उकास्नु पर्छ भन्नुभयो।

सुग्रीम साहनीले नेमकिपालाई दबाउन रचिएका षड्यन्त्रहरूका इतिहासको अध्ययनबाट नयाँ पुस्ता सावधान हुने उल्लेख गर्दै भक्तपुर काण्डको निन्दा गर्नुभयो।

माया चौधरीले भक्तपुर काण्डको षड्यन्त्र चिर्न कानुन व्यवसायीहरूको योगदान उल्लेखनीय रहेको चर्चा गर्दै सो काण्डमा यातना भोगेका पीडितहरूको पीडा पढ्दा अहिले पनि आङ सिरिङ हुन्छ भन्नुभयो।

कला ज्ञामीले पुँजीवादी व्यवस्थाको शिक्षामा रहेको वर्गीय विभेदका कारण कामदारवर्गका छोराछोरी अवसरबाट वञ्चित हुनुपरेको बताउँदै सबैलाई व्यक्तित्व विकासमा समान अवसर दिनुपर्छ भन्नुभयो।

**सङ्घर्षबाटै जनताको जीवनस्तर सुधार**

भक्तपुर। नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्न पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र भक्तपुर काण्ड (भदौ ९) को विरोध तथा भर्त्सना कार्यक्रम बिहीबार सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका सदस्य तथा नेपाल क्रान्तिकारी किसान सङ्घ केन्द्रीय समितिका उपाध्यक्ष गोविन्द दुवालले पार्टीले मोहियानी हक आन्दोलन, बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलनलगायत विभिन्न पक्षमा सङ्घर्ष गरेको कारण जनताको जीवनस्तरमा सुधार आएको बताउनुभयो।

उहाँले ठुला पार्टी भनाउँदाहरू, सामन्ती र शोषक प्रवृत्ति भएका व्यक्तिहरू सरकारको ओहदामा हाली मुहाली भएसम्म आम जनताले चाहेको जस्तो शासन व्यवस्था नहुने भएकोले समाजवादी व्यवस्थाको विकल्प नभएको बताउनुभयो।

पार्टीले देश र जनताको पक्षमा सडकदेखि सदनसम्म आवाज बुलन्द गर्दै आइरहेको उल्लेख गर्दै उहाँले सङ्घर्षलाई सिथिल पार्न कम्युनिस्ट भनाउँदाहरूको जनविरोधी क्रियाकलापबारे जनतामाझ उदाङ्ग्याउनुपर्ने बताउनुभयो।

नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले २०४५ सालको प्रतिशोधपूर्ण षड्यन्त्रको निन्दा गर्दै समाजमा अराजकता निम्त्याउन खोज्नेको गतिविधिको विरोध गर्नुपर्ने बताउनुभयो।

उहाँले सचेत र सङ्गठित भएर अघि नबढ्दा शत्रुले आफू र आफ्नो सङ्गठनलाई तिलाञ्जली दिन लगाउन अनेकन जालझेल गर्ने भएकोले त्यसतर्फ सचेत हुनुपर्ने बताउनुभयो।

उक्त कार्यक्रममा श्रीकृष्ण थापाले पनि बोल्नुभएको थियो।

## सन्दर्भ : श्रीलङ्काको 'अरागालया' आन्दोलन

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन – ३६

रामरतन चौधरी

दक्षिण एसियामा हिन्द महासागरको बिचमा रहेको सुन्दर टापु हो श्रीलङ्का। यसको क्षेत्रफल २५,३३२ वर्गमाइल रहेको छ। श्रीलङ्कालाई पहिले 'सिलोन' भनेर चिनिन्थ्यो। सन् १८१५ मा श्रीलङ्का बेलायती साम्राज्यको अधीनमा परेको थियो। डेढ शताब्दीको औपनिवेशिक ब्रिटिश शासनपछि सन् १९४८ मा यो देश स्वतन्त्र भएको थियो। यहाँको जनसङ्ख्या २ करोड २० लाख छ। श्रीलङ्कामा करिब ७४ प्रतिशत सिंहाली, १५ प्रतिशत तमिल, १० प्रतिशत मुस्लिम र अन्य ०.३ प्रतिशत छन्। श्रीलङ्का लामो समय गृहयुद्धको चपेटामा परेको थियो। सन् १९८३ देखि २००९ सम्म भारतको गुप्तचर संस्था 'रअ' को सहयोग प्राप्त पृथकतावादी लडाकु सङ्गठन 'लिबरेसन टाइगर्स अफ तमिल इलम' सँग श्रीलङ्काली सरकारले युद्ध गर्नुपरेको थियो। यो देश मानव विकास सूचकाङ्कमा दक्षिण एसियाली मुलुकहरूमध्ये सबैभन्दा उच्च स्थानमा रहेको थियो भने दक्षिण एसियामै दोस्रो उच्च प्रतिव्यक्ति आय (५००२ अमेरिकी डलर) भएको देश पनि हो। भौगोलिक अवस्थिति र गहिरो बन्दरगाहहरूको कारण श्रीलङ्कालाई अत्यन्त रणनीतिक महत्त्व बोकेको व्यापारिक केन्द्रको रूपमा पनि लिइन्छ। यसलाई 'समुद्री सिल्करोड' पनि भनिन्छ।

### 'अरागालया' (Aragalaya) आन्दोलन

श्रीलङ्कामा सन् २०२२ मार्चदेखि 'अरागालया' (Aragalaya) आन्दोलन भयो। स्थानीय सिंहाली भाषामा 'अरागालया' को अर्थ 'सङ्घर्ष' हो। राजनीतिक विश्लेषकहरूले उक्त आन्दोलनलाई पश्चिमा देशहरूले सामाजिक सञ्जालमार्फत 'सफ्ट कु' (Soft Coup) मार्फत सत्ता परिवर्तन गराइएको 'रङ क्रान्ति' (Colour Revolution) को संज्ञा दिएका छन्। 'रङ क्रान्ति' वास्तविक क्रान्ति होइन यसले स्रोत साधन कब्जा गरेका (कर्पोरेट अभिजात) वर्गलाई मात्र फाइदा पुर्‍याउँछ।

प्रदर्शनकारीहरूको मुख्य माग गोटावाया राजापाक्षे र राजापाक्षे परिवारका प्रमुख अधिकारीहरूको राजीनामा थियो। प्रदर्शनकारीहरूले 'गो होम गोटा', 'गो होम राजापाक्षे', 'अरागालयता जया वेवा' (सङ्घर्षको विजय) जस्ता नारा लगाएका थिए। डिसेम्बर २०२१ मा पथुम केर्नर नामका एक व्यक्तिले 'गो होम गोटा' जस्ता ह्यासट्यागहरू बनाएका थिए। प्रदर्शनकारीहरूले सरकारी कार्यालयहरूमा तोडफोड गरे। राष्ट्रपति भवन कब्जामा लिनुका साथै प्रधानमन्त्री निवासमा आगजनीसमेत गरे। आन्दोलनकै कारण तत्कालीन राष्ट्रपति गोटाबाया राजापाक्षे देश छाडेर भाग्न बाध्य भएका थिए।

### श्रीलङ्कामा आर्थिक सङ्कट

श्रीलङ्का सन् २०१० देखि नै विदेशी ऋणको चपेटामा पर्न थालेको थियो। सन् २०१९ देखि श्रीलङ्कामा आर्थिक सङ्कट सुरु भएको विश्लेषकहरू बताउँछन्। श्रीलङ्कामा कूल गार्हस्थ उत्पादनको ६० प्रतिशत हाराहारीमा रहेको सार्वजनिक ऋण सन् २०२१ सम्ममा कुल गार्हस्थ उत्पादनको १०१ प्रतिशत पुगिसकेको थियो। आर्थिक सङ्कट गहिरिँदै गएपछि राजापाक्षे सत्ताविरुद्धमौका छोपेर बसेको अमेरिका र पश्चिमाहरूले श्रीलङ्काली जनतालाई सरकारविरुद्ध प्रदर्शन गराउन उक्साए।

सन् २०२० मा कोभिड-१९ महामारीको बेला उत्पन्न विश्वव्यापी मन्दी, २०२२ को सुरुमा साम्राज्यवादी अमेरिकाले थोपरेको रूस-युक्रेन युद्धको कारण उत्पन्न खाद्य तथा ऊर्जा सङ्कट र मूल्यवृद्धिलगायत विश्वव्यापी प्रभावहरूले श्रीलङ्काको आर्थिक सङ्कटलाई झन् गहिरो बनायो। श्रीलङ्काको मुख्य आम्दानी पर्यटनबाट हुन्थ्यो। तर, पर्यटन व्यवसाय पनि कोभिडको कारण धरासायी भयो।

यही बेला श्रीलङ्काली सरकारले कृत्रिम मल र कीटनाशकहरूको प्रयोगमा प्रतिबन्ध लगाएर सम्पूर्ण कृषि प्रणालीलाई अर्गानिक बनाउने निर्णय गर्‍यो। बिनातयारी चालेको सरकारको यस्तो असफल कदमले श्रीलङ्काको चामल र चिया उद्योगहरूको उत्पादनमा ठुलो गिरावट आयो। चामल उत्पादनमा मात्रै २० प्रतिशतले गिरावट आयो। त्यसबेला श्रीलङ्काको सरकार ४५० मिलियन अमेरिकी डलरको चामल आयात गर्न बाध्य भयो। सन् २०२१ मा त श्रीलङ्कामा खाद्य आपत्काल नै घोषणा गरिएको थियो।

ऊर्जा सङ्कटको कारण श्रीलङ्काली जनता सवारी साधनमा पेट्रोल भर्न लामो लाइन बस्न बाध्य भए। घण्टौँसम्म लाइनमा बस्दा कतिपय श्रीलङ्काली जनताको मृत्यु भएको समाचार पनि आयो। श्रीलङ्काली जनताले दैनिक सात आठ घण्टा लोडसेडिङ खप्नुपर्‍यो। कालोबजारीको कारण दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि भयो। भ्रष्टाचार बढ्यो। सरकारले इन्धन, औषधि, खाद्यान्नजस्ता आधारभूत वस्तुसमेत उपलब्ध गराउन सकेन। इन्धन अभावको कारण श्रीलङ्काको शिक्षा मन्त्रालयले सरकारी र निजी विद्यालयहरूसमेत बन्द गर्ने निर्णय गर्‍यो। सन् २०१९ मा कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत रहेको बजेटघाटा सन् २०२१ सम्ममा १० प्रतिशत पुग्यो। बजेटघाटालाई पूर्ति गर्न ऋण बढाउनेभन्दा बाहेकको अर्को उपाय सरकारले पहिल्याउन सकेन।

सरकारले लोकप्रियताको लागि नै भए पनि जनतासँग उठाउने कर कटौती गर्ने नीति लिएको थियो। तर, अन्तर्राष्टिय मुद्राकोषले ब्याज दर बढाउनुपर्ने, कर बढाउनुपर्ने र सामाजिक खर्च घटाउनुपर्ने सल्लाह दिएको थियो। यो कुरा सरकारले मानेन। आइएमएफको सल्लाहविपरीत श्रीलङ्काको केन्द्रीय बैङ्कले पैसा छाप्न थाल्यो। यो विषयले पनि अमेरिका र पश्चिमा मुलुकहरू श्रीलङ्काका तत्कालीन शासकहरूसँग रुष्ट भएका थिए।

### आर्थिक सङ्कटको दोष चीनमाथि

अमेरिका र पश्चिमा सञ्चार माध्यमहरूले 'चिनियाँ ऋण पासोको कूटनीति' भनेर चीनलाई दोष दिने समाचारहरू प्रकाशित गरे। पश्चिमाहरूको सहयोगमा श्रीलङ्कामा सञ्चालित गैरसरकारी संस्थाहरूले पनि चीनविरुद्ध यस्तै प्रचार अभियान सञ्चालन गरी जनता भड्काउने काम गरे। यथार्थमा श्रीलङ्काको विदेशी ऋणमध्ये १० प्रतिशत मात्र चीनको हिस्सा थियो भने बाँकी ९० प्रतिशत अमेरिका, युरोपेली युनियन, जापान र भारतलाई तिर्नुपर्ने थियो।

पश्चिमी पुँजीपतिहरूले श्रीलङ्कालाई ऋण दिन आनाकानी गरेपछि राजापाक्षेले चीनसँग ऋण सहयोग लिने निर्णय गरेका थिए। जसले श्रीलङ्काको सडक, पावर प्लान्ट, रेलवे विस्तार, बन्दरगाह, अन्तर्राष्ट्रिय विमानस्थल र क्रिकेट रङ्गशालासहित विभिन्न पूर्वाधारका परियोजनाहरू अगाडि बढाउन सहज भएको थियो। यो विषय पश्चिमाहरूलाई पचेन।

### श्रीलङ्कामा 'नेपोटिजम'

श्रीलङ्कामा आर्थिक सङ्कट उत्पन्न हुनुमा 'परिवारवाद' पनि एउटा कारण रहेको विश्लेषकहरू बताउँछन्। श्रीलङ्कामा २८ वर्षयता राजापाक्षे परिवारका राष्ट्रपति, प्रधानमन्त्रीलगायत ९ जना सदस्य मन्त्री बने भने सरकारका ३० वटा पदमध्ये ७ वटा पद उनीहरूकै अधीनमा थियो। राजापाक्षेले सन् २०१९ मा चुनाव जितेर राष्ट्रपति भएसँगै त्यहाँको राजनीतिमा राजापाक्षे परिवारको एकाधिकार बढ्यो। सत्ता स्वादमा उनका परिवार चुर्लुम्म डुबे। देश ओरालो लाग्यो। यो विषय पनि रङ्ग क्रान्तिका प्रायोजकहरूलाई आगोमा घिउ बराबर भयो।

---

# सरकार र प्रतिनिधिसभाको सम्बन्ध

● सुवर्ण श्रेष्ठ

नेपालको संविधान २०७२ अनुसार सङ्घीय संसद्को तल्लो सदन प्रतिनिधिसभा हो। यसमा कुल २७५ सदस्य हुन्छन्। सदस्यहरूको चयन मिश्रित निर्वाचन प्रणालीबाट ५ वर्षका लागि हुन्छ। प्रत्यक्ष निर्वाचनबाट १६५ जना सदस्यहरू एकल मतदान क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने प्रणालीमार्फत चुनेर आउँछन् भने समानुपातिक निर्वाचनबाट ११० सदस्यहरू एउटै देशव्यापी निर्वाचन क्षेत्रबाट बन्द सूचीको आधारमा समानुपातिक प्रणालीबाट चुनेर आउँछन्। २०८२ फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का १८२ जना, नेपाली काङ्ग्रेसका ३८ जना, नेकपा (एमाले) का २५ जना, नेपाली कम्युनिस्ट पार्टीका १७ जना, श्रम संस्कृति पार्टीका ७ जना, राष्ट्रिय प्रजातन्त्र पार्टीका ५ जना र स्वतन्त्र १ जना निर्वाचित भएका हुन्।

प्रतिनिधिसभाको अधिकारी वा प्रमुख व्यक्ति सभामुख हो। व्यवस्थापिका प्रक्रियामा सभामुखको भूमिका महत्त्वपूर्ण हुन्छ। संसद्को बैठकको अध्यक्षता गर्ने, सु-व्यवस्था कायम राख्ने, निष्पक्ष रूपमा बहस र छलफल सुनिश्चित गर्नेलगायतका कामहरू सभामुखको हुन्छ। प्रतिनिधिसभाले देशको लागि आवश्यक सङ्घीय कानुन बनाउँछ, भइरहेको कानुन परिमार्जन गर्छ र पेस भएका विधेयकहरू पारित गर्न सक्छ। त्यस्तै, राजस्व र व्ययसम्बन्धी अर्थ विधेयक अनिवार्य रूपमा प्रतिनिधिसभामा मात्र दर्ता गर्नुपर्छ र पारित गरिन्छ।

प्रतिनिधिसभाले बहुमत प्राप्त संसदीय दलको नेता वा बहुमत पुर्‍याउन सक्ने सदस्यलाई प्रधानमन्त्री चयन गर्दछ। अर्थात्, सरकार गठन गर्दछ। साथै सरकारमाथि नियन्त्रण राख्न अविश्वासको प्रस्ताव दर्ता गर्ने र पारित गर्ने अधिकार पनि प्रतिनिधिसभालाई छ। सरकार प्रतिनिधिसभाप्रति उत्तरदायी र जवाफदेही हुनुपर्छ। प्रधानमन्त्री र मन्त्रीहरूसँग देशका समसामयिक मुद्दा र सरकारी कामबारे प्रश्न सोध्ने र जवाफ माग्ने अधिकार हुन्छ। सरकारले पेस गर्ने वार्षिक बजेटमाथि छलफल गरी पारित गर्ने अधिकार हुन्छ। कानुनबमोजिम बाहेक कुनै कर लगाउन र सरकारले ऋण लिन नपाउने व्यवस्थाको नियमन पनि प्रतिनिधिसभाले गर्दछ।

राष्ट्रपति, उपराष्ट्रपति, प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीशहरू संवैधानिक निकायका प्रमुख र सदस्यहरूविरुद्ध महाभियोग प्रस्ताव दर्ता गर्ने र पारित गर्ने अधिकार प्रतिनिधिसभालाई हुन्छ। सरकारले घोषणा गरेको सङ्कटकालीन अवस्था वा आदेशलाई अनुमोदन गर्ने अधिकार पनि प्रतिनिधिसभालाई हुन्छ।

नेपालको संविधान र प्रतिनिधिसभा नियमावलीअनुसार प्रधानमन्त्री प्रतिनिधिसभाप्रति पूर्ण रूपमा उत्तरदायी हुनुपर्छ। यदि प्रधानमन्त्रीले प्रतिनिधिसभालाई टेरेनन्, संसद्प्रति जवाफदेही भएनन् वा संसद्को उपेक्षा गरेमा प्रतिनिधिसभासँग प्रधानमन्त्रीलाई तह लगाउने र पदबाट हटाउनेसम्मका संवैधानिक र कानुनी उपायहरू छन्।

संविधानको धारा १०० (४) बमोजिम प्रतिनिधिसभाका एकचौथाइ सदस्यले प्रममाथि संसद्को विश्वास छैन भनी अविश्वासको प्रस्ताव दर्ता गर्न सक्छन्। तर, प्रधानमन्त्री नियुक्त भएको पहिलो २ वर्षसम्म र १ पटक राखेको अविश्वासको प्रस्ताव असफल भएको १ वर्षभित्र अविश्वासको प्रस्ताव पेस गर्न सकिने छैन। अविश्वासको प्रस्ताव बहुमतबाट पारित भएमा प्रधानमन्त्री स्वतः पदमुक्त हुन्छन्। यदि प्रधानमन्त्री गठबन्धन सरकारको नेतृत्वमा छन् र सत्ता साझेदार दलहरूलाई उनले टेरेनन् भने ती दलले समर्थन फिर्ता लिन सक्छन्। यस्तो अवस्थामा ३० दिनभित्र प्रधानमन्त्रीले धारा १०० (२) बमोजिम पुनः विश्वासको मत लिनुपर्दछ। विश्वासको मत लिन नसकेमा प्रम स्वतः पदमुक्त हुन्छन् अर्थात् सरकार विघटन हुन्छ।

प्रधानमन्त्रीले संसद्लाई बेवास्ता गरेमा संसद्ले सरकारले ल्याएको वार्षिक बजेट र अन्य महत्त्वपूर्ण विधेयकहरू अस्वीकृत वा असफल गरिदिन सक्छ। बजेट फेल (असफल) हुनु भनेको सरकार अल्पमतमा पर्नु हो। यस्तो अवस्थामा प्रधानमन्त्रीले राजीनामा दिने वा विश्वासको मत साबित गर्नुपर्दछ।

प्रतिनिधिसभाका विभिन्न विषयगत समितिहरूसँग प्रधानमन्त्री र मन्त्रीहरूलाई बोलाएर स्पष्टीकरण सोध्ने अधिकार हुन्छ। समितिले सरकारी निर्णय रोक्न वा सच्याउन निर्देशन दिन सक्छन्। निर्देशन पालना नगरेमा संसद्मा विशेषाधिकार हननको मुद्दा चल्न सक्छ।

संसद्ले प्रधानमन्त्रीलाई रोस्टममा उभ्याएर देशको मुद्दामा जवाफ दिन बाध्य पार्छ।

सरकार अथवा प्रधानमन्त्रीलाई पनि संसद्ले सहयोग गर्नुपर्दछ। प्रधानमन्त्रीलाई संसद्बाट सहयोग भएन, सरकारका विधेयक र बजेट पारित हुन सकिएन वा संसदीय गतिरोध उत्पन्न भयो भने प्रधानमन्त्रीले पनि आफूसँग भएको हक-अधिकार प्रयोग गर्न सक्छन्। प्रधानमन्त्रीले आफूमाथि संसद्को विश्वास छ भन्ने कुरा स्पष्ट गर्न जुनसुकै बेला प्रतिनिधिसभामा विश्वासको मतको प्रस्ताव राख्न सक्छन्। यदि बहुमतले विश्वासको मत दियो भने प्रधानमन्त्रीले संसद्लाई आफ्नो योजनाअनुसार काम गर्न दबाब दिन सक्छन्।

संसद्ले बजेट वा नीति तथा कार्यक्रम पारित गरेन र प्रधानमन्त्रीलाई काम गर्नै दिएन भने धारा ७७ (१) (क) बमोजिम राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएर पदबाट हट्न सक्छन्। यसपछि नयाँ सरकार गठनको प्रक्रिया सुरु हुन्छ। अर्थात्, प्रधानमन्त्रीले असन्तुष्ट दलहरूलाई फकाउन वा नयाँ दलहरूसँग समीकरण बनाएर मन्त्रिमण्डल पुनर्गठन गर्न सक्छन्। यदि आफ्नै दलका सांसदहरूले सहयोग नगरेका हुन् भने प्रधानमन्त्रीले संसदीय दलको नेताको हैसियतमा ह्विप जारी गर्न लगाउन सक्छन्। ह्विप जारी उल्लङ्घन गर्ने सांसदको पदसमेत जान सक्छ।

सरकारले महँगी बढेको अनुपातमा सरकारी तलब भत्ता खाने कर्मचारी, शिक्षक, सेना, प्रहरी, प्राध्यापकलगायतका पेसाकर्मीहरूको तलब–भत्ता वृद्धि गर्‍यो तर महँगी नियन्त्रण गर्न ठोस कदम चालेको देखिँदैन। तलब–भत्ता पाउने नागरिकहरूको सङ्ख्याभन्दा २० औँ गुणा अन्य नागरिकहरूलाई पनि महँगीले असर पारेकै छ तर तिनीहरूलाई सम्बोधन हुने गरी कुनै कार्यक्रम अगाडि आएको देखिँदैन। यसको अर्थ यो रास्वपाको सरकार बहुमत जनताको हित र कल्याणको पक्षमा नभएको कुरा नागरिकहरूले गर्न थालेका छन्।

वैकल्पिक सरकार गठन हुने अवस्था रहेन भने धारा ७६ (७) बमोजिम प्रमको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी ६ महिनाभित्र नयाँ निर्वाचनको घोषणा गर्न सक्ने व्यवस्था छ। तर, प्रधानमन्त्रीले आफूलाई रिस उठेको वा संसद्ले सामान्य सहयोग नगरेकै भरमा सिधै संसद् विघटन गर्न पाउँदैनन्। अर्थात्, संसद्बाट वैकल्पिक सरकार बन्ने सम्भावना भएसम्म संसद् विघटन गर्न मिल्दैन।

वर्तमान सरकारका प्रमुख प्रधानमन्त्री बालेन्द्र शाहलाई सभामुखबाट संसद्मा उपस्थित हुन रुलिङसमेत गर्नुपरेको अवस्था छ। प्रतिनिधिसभाको निर्वाचनको बेलामा थिति बसाल्ने सङ्कल्पको वाचापत्रअनुसार बहुमतले सांसदहरू निर्वाचित गर्न सफलता पाएको रास्वपाका नेताहरू नै प्रधानमन्त्री र सभामुख छन्। हुन त निर्वाचनको समयमा केही मतदाताहरूले घोषणापत्र, वाचापत्रको आधारमा रास्वपालाई मतदान गरेका थिएनन्, अबको प्रधानमन्त्री बालेन्द्र भनी मतदान गरेका थिए। निर्वाचनपूर्व बालेन्द्र शाह काठमाडौँ महानगरपालिकाका स्वतन्त्र उम्मेदवार भई निर्वाचित प्रमुख हुन्। दलको उम्मेदवार र स्वतन्त्र उम्मेदवारबिच धेरै कुरामा फरक हुन्छ।

रास्वपाको चुनाव चिह्न घण्टी भएको र बालेन्द्र शाह रास्वपाको उम्मेदवार भएकाले अधिकांश मतदाताहरूले आफ्नो निर्वाचन क्षेत्रमा को उम्मेदवार छ भन्ने थाहा नै नपाई बालेन्द्र शाहलाई प्रम बनाउन घण्टी चिह्नमा मतदान गरे।

२०४६/०४७ को जनआन्दोलनपछि प्रजातान्त्रिक व्यवस्थापन पुनः स्थापना भयो। २०४८ सालदेखि २०८२ सालसम्म नेका, एमाले, माओवादी, राप्रपा, मधेस आधारित दललगायत केही अन्य दलका सांसदहरूले देशमा शासन चलाए। पुँजीवादी शासन प्रणाली भएकोले जनताले अपेक्षा र आशा गरेअनुसार देशको विकास भएन, रोजगारी सिर्जना भएन, देशभित्र शान्ति सुरक्षा कायम भएन, भ्रष्टाचार र पक्षपातले जरा गाड्यो।

नयाँ नयाँ उद्योग, कलकारखाना, व्यापार व्यवसायमा राम्रो प्रगति हुन सकेन। सार्वजनिक संस्थानहरू क्रमशः निजीकरण गरिए। रोजगारीको लागि करोडौँ युवाहरू बिदेसिन बाध्य भए। आर्थिकरूपमा देश कमजोर हुँदै गयो। शिक्षित युवाहरूले सरकारमा गएकै पार्टीहरू र नेताहरूको कारण आफूहरूले दुःख पाएको, बिदेसिनु परेको ठहर गरे। निर्वाचनबाट मात्र ती दल र नेताहरूलाई पाठ सिकाउन सकिन्छ भनेर फागुन २१ को निर्वाचनमा रास्वपालाई जिताइयो।

निर्वाचनको परिणामसँगै रास्वपाभित्र द्वन्द्व, पदको लागि विवाद भएको कुरा बाहिरिएको छ। सरकार गठन र मन्त्रीहरूको हेरफेरले यी कुरालाई प्रस्ट पार्छ।

रास्वपाका 'वरिष्ठ नेता' बालेन्द्र साहले संसदीय व्यवस्थामा संसदीय आचरण गरेनन् भनी आफ्नै पार्टीका सांसदहरूले विरोध गरेका छन्। हाल सभामुख डोलप्रसाद अर्यालले रूलिङसमेत गरेको समाचार बाहिर आएको छ।

रास्वपाको वाचापत्रमा उल्लेख भएअनुसार सरकारले काम गरेको देखिँदैन। सरकारमा गएको ४/५ महिना नबित्दै सरकारले नै ग्याँसको सिलिन्डर बिक्री वितरण गर्‍यो। हजारौँ मानिस ग्याँसको लाइनमा ३/४ घण्टा बस्नु पर्‍यो। ग्याँसको आपूर्ति बढाएको भनी सरकार र आयल निगमले भनिरहे पनि ग्याँस सहज रूपमा पाइरहेको छैन। कृषिप्रधान देशमा धान रोप्ने समयमा रासायनिक मल पर्याप्त नहुँदा ५/१० किलो मलको लागि कृषकहरू लाइन बस्न बाध्य भएका छन्। विदेश जानेहरूको लाइन, रोजगारीको लागि आवेदन दिन लाइन जतातत्तै लाइन नै लाइन देखिएको छ, किन ? यसको अर्थ रास्वपा भन्ने एउटा र गर्ने अर्कै पार्टी हो भन्दा फरक नपर्ला।

रास्वपाको सरकारले राजस्व वृद्धि गर्न शिक्षा र स्वास्थ्यमा समता कर लगायो। उक्त कुरा उल्लेखित बजेट पारित पनि भयो। तर, प्रमले शिक्षा कर खारेज गरेको देखियो। यस्तो अधिकार प्रमलाई हुँदैन र छैन पनि। कि त संसदीय प्रक्रियाअनुसार बजेट संशोधन गरेर ल्याउनुपर्थ्यो, त्यसो गरेको/भएको देखिएन।

सरकारले महँगी बढेको अनुपातमा सरकारी तलब भत्ता खाने कर्मचारी, शिक्षक, सेना, प्रहरी, प्राध्यापकलगायतका पेसाकर्मीहरूको तलब-भत्ता वृद्धि गर्‍यो तर महँगी नियन्त्रण गर्न ठोस कदम चालेको देखिँदैन। तलब-भत्ता पाउने नागरिकहरूको सङ्ख्याभन्दा २० औँ गुणा अन्य नागरिकहरूलाई पनि महँगीले असर पारेकै छ तर तिनीहरूलाई सम्बोधन हुने गरी कुनै कार्यक्रम अगाडि आएको देखिँदैन। यसको अर्थ यो रास्वपाको सरकार बहुमत जनताको हित र कल्याणको पक्षमा नभएको कुरा नागरिकहरूले गर्न थालेका छन्।

# सम्पदा संरक्षणमा एउटा थप उदाहरणीय इन्द्रायणी द्योछेँ भवन




भक्तपुर । भक्तपुर नगरपालिकाको बजेट तथा स्थानीय जनताको आर्थिक सहयोगमा पुनर्निर्माण सम्पन्न भएको भक्तपुर नपा वडा नं. २ खौमास्थित इन्द्रायणी द्योछेँ (इल्मा अजिमा) को उद्घाटन भाद्र ४ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले जनताको व्यापक सहभागिता र सहयोगमा सम्पदा पुनर्निर्माण सम्पन्न हुनु सबैका लागि उत्साह र ऊर्जा प्राप्त भएको बताउँदै सम्पदा संरक्षणमा पुर्‍याइएको योगदान उदाहरणीय भएको बताउनुभयो ।

उहाँले पुरानो सम्पदा आफैँले संरक्षण र पुन:निर्माण गर्न सक्ने उदाहरण भक्तपुरले प्रस्तुत गरेको उल्लेख गर्दै विदेशी सहयोगबिना पनि जनताको सहभागितामा सम्पदा संरक्षण गर्न सकिन्छ भन्ने सन्देश प्रवाह भएको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले यस प्रकारका कार्यको प्रचारप्रसारसँगै दस्ताबेजीकरण गर्नुपर्नेमा जोड दिँदै जनप्रतिनिधि र जनता दुवै सम्पदा संरक्षणमा सचेत हुनुपर्ने र सम्पदा पुनर्निर्माणमा हेलचेक्र्याइँ गर्न नहुने धारणा राख्नुभयो ।

अध्यक्ष बिजुक्छेँले युनेस्कोका नियमहरू विभिन्न देशका अनुभव र जानकारीका आधारमा बन्ने उल्लेख गर्दै पुनर्निर्माण कार्यमा स्थानीय मौलिकता र प्राचीन प्रविधिलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “झूटो इतिहास रचेर अपराध गर्नु हुँदैन ।”

कार्यक्रमका सभापति तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सम्पदाको सहर तथा विश्व सम्पदा सूचीमा सूचिकृत भक्तपुरमा रहेको इन्द्रायणी द्योछेँको पुनर्निर्माणमा धेरै व्यक्ति तथा सङ्घ संस्थाको सहयोग रहेको बताउँदै उपभोक्ता समिति, अनुगमन समिति, द्योछेँ पुन: निर्माणमा आर्थिक स्वर्णलगायतका सामग्री सहयोग र श्रमदानमा सहभागी सबै सहयोगीप्रति धन्यवादज्ञापन गर्नुभयो ।

भक्तपुर नगरपालिकाले हालसम्म करिब १८५ वटा सम्पदा पुनर्निर्माण तथा संरक्षणका कार्य सम्पन्न गरिसकेको उल्लेख गर्दै उहाँले मूर्त र अमूर्त दुवै सम्पदालाई प्राथमिकताका साथ संरक्षण गर्दै आएको बताउनुभयो ।

भक्तपुर जीवित सांस्कृतिक सङ्ग्रहालय तथा नाचगानको राजधानीका रूपमा चिनिँदै आएको बताउँदै उहाँले संस्कृति र सम्पदालाई नयाँ पुस्तामा पुस्तान्तरण र हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले सम्पदा पुन:निर्माण सम्पन्न कार्यको समीक्षा र सिंहावलोकन पनि महत्त्वपूर्ण पाटो भएको बताउँदै भक्तपुर नगरपालिकाले विश्वले हेर्नलायक काम गरिरहेको बताउनुभयो ।

संसारका विभिन्न स्थानमा पुराना सम्पदा हटाउने र नष्ट गर्ने कार्य भइरहेको उल्लेख गर्दै उहाँले त्यसविरुद्ध त्यहाँका जनता नै प्रतिकारमा उत्रिरहेका उदाहरणहरू प्रस्तुत गर्नुभयो ।

सभ्यता बचाउने र नष्ट गर्नेबिच सङ्घर्ष भइरहेको अवस्थामा भक्तपुरले आफ्नो इतिहास, संस्कृति र सभ्यतालाई सम्पत्तिका रूपमा ग्रहण गरी संरक्षण गर्दै आएको उहाँले स्पष्ट पार्नुभयो ।

सांसद गोसाईले विदेशी सहयोगबिना पनि सम्पदा पुनर्निर्माण सम्पन्न गर्न सकिन्छ भन्ने उदाहरण भक्तपुरले प्रस्तुत गरेको बताउँदै आफ्नै खुट्टामा उभिएर गरिएको विकास दिगो र स्वाभिमानी हुने धारणा राख्नुभयो ।

भक्तपुरको विकास मोडलबारे एक दिन इतिहास लेखिने र यसले नेपाली सभ्यता र पहिचानलाई अझ उँचो बनाउने बताउँदै उहाँले जनताको सहभागितामा सार्वजनिक सम्पत्तिको संरक्षण भइरहेको हुँदा सम्पदा, संस्कृति र इतिहास जोगाउने अभियानलाई निरन्तरता दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुरमा संस्कृति र संस्कार जीवित रहेको बताउँदै सांस्कृतिक धरोहर भक्तपुरलाई जीवन्तता दिने काम गरिरहेको उल्लेख गर्नुभयो । उहाँले भक्तपुर नगरको स्वरूप नै यसको पहिचान र विशेषता भएको बताउँदै द्योछेँ निर्माणमा मौलिक प्रविधि प्रयोग भएको बताउनुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत संस्कृति महाशाखाका प्रमुख सौभाग्य प्रधानाङ्गले भक्तपुरको उत्कृष्ट गहनाका रूपमा रहेको इन्द्रायणी द्योछेँको पुनर्निर्माण सम्पन्न हुनु सुखद कार्य भएको बताउँदै सम्पदा पुनर्निर्माणले भौतिक सम्पदा पुनर्जीवित हुनुका साथै मौलिकता र प्रामाणिकता जोगिएको तथा शिल्पकला पनि पुनर्जीवित भएको बताउनुभयो ।

भक्तपुरमा उपभोक्ता समितिमार्फत सम्पदा पुनर्निर्माण गर्ने मोडल प्रभावकारी रहेको उल्लेख गर्दै उहाँले पुरानो प्रविधि र परम्परागत प्रविधिको प्रयोगलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले उपभोक्ता समितिमार्फत गरिएका काम उदाहरणीय रहेको उल्लेख गर्दै स्थानीय सरकारसँग सहकार्य गर्दै नागरिकलाई सहज सेवा प्रवाह र सुशासन कायम गर्न प्रशासन प्रतिबद्ध रहेको बताउनुभयो ।

इन्द्रायणी द्योछेँ पुनर्निर्माण उपभोक्ता समितिका अध्यक्ष विनोदचरण रायले द्योछेँ पुनर्निर्माणसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै आर्थिक सहयोग तथा विभिन्न व्यक्तिबाट प्राप्त स्वर्णलगायत सहयोगबारे जानकारी गराउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले उपभोक्ता समितिमार्फत स्थानीय जनताको सक्रिय सहभागितामा गुणस्तरीय सामग्री प्रयोग गरी द्योछेँको पुनर्निर्माण सम्पन्न भएको बताउनुभयो । स्थानीयवासीले नि:स्वार्थ रूपमा मन्दिर तथा सम्पदा संरक्षणमा सहयोग पुर्‍याएको उहाँले उल्लेख गर्नुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले धन्यवादज्ञापन गर्नुभएको थियो भने भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

उद्घाटन कार्यक्रममा बाल विकास इङलिश सेकेन्डरी स्कूलका विद्यार्थीहरूले ‘फूल सुन्दर हुन्छ’ गीत प्रस्तुत गरेका थिए ।

इन्द्रायणी द्योछेँको उद्घाटन कार्यक्रम सुरु हुनुअघि भक्तपुर नगरपालिका-१, सिद्धपोखरीबाट नगर प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा परम्परागत बाजागाजासहित जनप्रतिनिधि, कर्मचारी, स्थानीय बासिन्दा, भक्तजन तथा विभिन्न सांस्कृतिक समूहको सहभागितामा र्‍याली भएको थियो । र्‍यालीअघि भनपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा र भनपा वडा नं. २ का वडा सदस्य श्यामसुन्दर मातांले पनि बोल्नुभएको थियो । र्‍याली खौमास्थित इन्द्रायणी द्योछेँ पुगेपछि उद्घाटन कार्यक्रम सुरु भएको थियो ।

इन्द्रायणी द्योछेँ पुनर्निर्माणको लागि हालसम्म ३ करोड ५६ लाख ९७ हजार ४६७ रुपैयाँ ४६ पैसा खर्च भएको छ । द्योछेँ पुनर्निर्माणको लागि विभिन्न व्यक्ति तथा संस्थाबाट ४५ लाख ९४ हजार १३३ रुपैयाँ ७८ पैसा चन्दा प्राप्त भएको उपभोक्ता समितिले जनाएको छ । भनपाबाट २ करोड ७६ लाख ३ हजार ३ सय ३३ रूपैयाँ ६८ पैसा प्राप्त भएको बताइएको छ ।

द्योछेँ पुन: निर्माणको लागि सुनको लागि १८ लाख, पित्तलको पाता, झन्डा, झल्लर आदिको लागि रु. १७ लाख सहयोग प्राप्त भएको थियो । त्यस्तै, द्योछेँको मर्मत सम्भार गर्न अक्षय कोष स्थापना गर्न हालसम्म रु. २० लाख सहयोग उठिसकेको उपभोक्ता समितिले जनाएको छ ।

उपभोक्ता समितिका अध्यक्ष विनोदचरण रायका अनुसार प्रत्येक वर्षको चैत २० गते बुसारां हुनेछ र सोही समयमा आवश्यक भए मर्मत सम्भार गरिनेछ । स्मरणीय छ, उक्त द्योछेँको शिलान्यास २०७६ जेठ २९ गते भएको थियो ।

हालसम्म विभिन्न व्यक्तित्व तथा सहयोगदाताबाट सहयोग प्राप्त हुने क्रम जारी रहेको बताइएको छ । भाद्र ५ गते दिउँसो २ बजेदेखि सहयोगी सबैलाई प्रसाद ग्रहण गर्ने कार्यक्रम राखिएको थियो ।


## बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## हार्दिक श्रद्धाञ्जली



**जन्म**
२०१० असोज ०६

**निधन**
२०८३ भदौ ०६

‘श्रमिक’ साप्ताहिकका शुभचिन्तक, समाजसेवी एवम् कला र संस्कृतिप्रेमी भरतपुर-२ निवासी **विजयप्रकाश तण्डुकार**को निधनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**‘श्रमिक’ साप्ताहिक परिवार**

कविता

## त्यो कालो दिन

✍ माया




*सत्यको जीत हुने*
*कसले रोक्न सक्ला ?*
*जनताको जीत हुने*
*कसले ठेग्न सक्ला ?*
*षड्यन्त्र त क्षणिक हो*
*२०४५ साल भदौ ९ गते*
*जनताविरुद्ध तिमीले*
*षड्यन्त्र बुन्यौ, थुन्यौ*
*जनआन्दोलन २०४६ मा*
*तिम्रो त्यो षड्यन्त्र*
*बालुवाको घरझैँ*
*भत्कियो, चकनाचुर भयो*
*तिमी आफै खरानी भयो*
*त्यसैले,*
*षड्यन्त्रको जालो नबुन्नु !*
*त्यसमा तिमी आफै फस्ने*
*होस गर !*
*त्यो कालो दिनको*
*विरोध एवम् भर्त्सना*
*भइरहनेछ, याद गर !*

(नेमकिपाविरुद्ध २०४५ साल भदौ ९ गते तत्कालीन पञ्चायती शासकहरूले रचेको षड्यन्त्र भक्तपुर काण्ड कालो दिनको विरोध एवम् भर्त्सनामा पोखिएका केही हरफ)

## सरकारी सम्पत्ति जलाएर कसरी परिवर्तन होला ?

गत भदौ २३ र २४ गतेको उपद्रोपछि सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई नेपालको संविधानविपरीत अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गरियो । यो काम नेकाबाट राष्ट्रपति भएका रामचन्द्र पौडेलबाट गराइएको हो । त्यतिबेला राष्ट्रपति पौडेलले संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री पदमा नियुक्ति गर्न नसक्ने अडान राखेनन् । यसकारण, आजको यो सङ्कटमा नेका र राष्ट्रपति पौडेल जिम्मेवार हुनु स्वाभाविक हो ।

त्यतिबेला राष्ट्रपति पौडेललाई ‘राष्ट्रपति कार्यालयबाट घिसारेर ल्याउने’ भनी संविधानविपरीत बोलेकाहरूलाई राष्ट्रपति पौडेलले ‘कारबाही गर्नू’ भन्न सकेनन् भने त्यस्ता व्यक्तिहरूलाई राष्ट्रपति स्वयम् साक्षी बनेर मन्त्रीको सपथ खुवाइयो । त्यतिबेला नेका, एमाले, माओवादी सरकारप्रति लक्षित गर्दै ‘गाडीको लस्कर लगाएर अब ट्याँट्याँ र टु टु गर्न पाइन्न, जनताको सरकार आयो’ भनी व्यङ्ग्य गर्नेहरू यतिखेर राणा शासनजस्तै गाडी लस्कर लगाएर सिंहदरबारमा ट्याँट्याँ र टु टु गर्दै सवार भइरहेका छन् ।

गत भदौ २४ गते संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत देशभरि आगजनी गरिएको बेला सिल्भर लाइभ हस्पिटलका सञ्चालक अभिषेकराज सिंहसहित सुशीला कार्की, ओम अर्याल बानेश्वरको युरोपेली सङ्घको अग्लो घरमा बिहानदेखि राति अबेरसम्म बसे र धुवाँको मुस्लो हेर्दै विध्वंसको समाचार बनाइरहेको पनि सार्वजनिक भयो । त्यो राति देश जलिरहँदा नेपाली सेनाका एक जर्नेलले अभिषेकराजलाई फोन गरी सुशीला श्रीमान्को खोजी भएको, सेना र प्रहरीको सुरक्षामा तीनैजनालाई घर घर पुर्‍याइएको, भदौ २६ गते राति ११ बजेतिर कर्फ्युको बेला काठमाडौँ मल्ल होटलअगाडि एकजनासँग सुशीला कार्कीको भेटपछि भदौ २७ गतेलाई उनी अन्तरिम सरकारको प्रममा नियुक्ति हुने सुनिश्चित भएको पनि सार्वजनिक भयो । के यी सबै परिघटनाले भदौ २३ र २४ गतेको उपद्रव प्रायोजित नै भएको पुष्टि हुँदैन र ?

गत फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनपछि रास्वपाको झन्डै दुईतिहाइको सरकार गठन भयो । यसबारे वरिष्ठ पत्रकार अनिल गिरीले माउन्टेन टेलिभिजनमा खुलासा गरे, “एक लाख नेपाली सेनामध्ये ८० हजारको सङ्ख्या परिचालन गरी रास्वपाका बालेनलाई प्रम बनाउन सक्ने सेनापतिले भदौ २४ गते सिंहदरबार जलाइएको बेला किन निभाउन सकेनन् ?” सन् २०२३ मा श्रीमतीसहित सडक जाममा परेका तत्कालीन कामनपाका प्रमुख बालेनले ‘सिंहदरबार जलाइदिने’ भनी सामाजिक सञ्जालमा स्टाटस लेखेको र त्यसबेला सिल्भर लाइभ हस्पिटलका सञ्चालक अभिषेकले ‘दमकल पनि नपठाउने’ सञ्जालमा थप गरेको सार्वजनिक भएको थियो । यसले पनि सिंहदरबार जलाउने योजना प्रायोजित विध्वंस भएको पुष्टि हुँदैन र ?

रास्वपाको बालेन सरकार गठन भएको साढे पाँच महिना भयो । यतिबेला सुनसरीमा सामाजिक दङ्गा भड्कियो भने गोली लागेर सुनसरी र सिराहामा चार जना नेपालीको मृत्यु भयो । गत भदौ २३ र २४ गतेको नेका-एमालेको ओली सरकारको गोली र गत साउन महिनामा रास्वपाका बालेन सरकारको गोलीमा के फरक छ र ? यो प्रश्न उठ्नु स्वाभाविक हो । रास्वपा सरकारमा खाना पकाउने ग्यासको अभाव बढ्यो भने भर्खरै बारामा ३ वर्षकी बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भयो । यो घटना पञ्चायतकालको नमिता र सुनिता काण्ड र नेका-एमाले-माओवादी सरकारको पालाको निर्मला पन्तको बलात्कारपछि हत्याभन्दा थप पीडादायी किन होइन ? तर, ठीक यही बेला रास्वपाको बालेन सरकार निजी भ्रमण भनी गाडी लस्कर लगाउँदै ट्याँ ट्याँ र टु टु गर्दै मुस्ताङ पुगे । संरा अमेरिकी सरकारका एक दूत माइक हर्करसँग युरेनियम खनिजबारे छलफल गर्न मुस्ताङमा बालेनको यो निजी भ्रमण भएको सार्वजनिक भयो । नेका, एमाले, माओवादी, राप्रपा, रास्वपा, मधेस आधारित दलका सरकारहरूले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको हितमा युरेनियम खनिजको निम्ति एमसीसी सम्झौता गरेको थप पुष्टि भएन र ? गत भदौ २३ र २४ गतेको विध्वंस हुनुमा नेका, एमाले र माओवादी पनि जिम्मेवार हुने पुष्टि भएन र ?

# छ्यालिसौँ तःमुंज्याको तयारी : लेखकहरूको भेला

भक्तपुर। भक्तपुर नगरपालिका वडा नं. ७ गोल्मढीमा हुन गइरहेको ४६ औँ नेपालभाषा साहित्य तःमुंज्या आयोजक समितिको आयोजनामा साहित्यकारहरूको भेला शनिबार भयो।

भेलामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे वर्षभरि भएको घटनाहरूलाई साहित्यमार्फत उजागर गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

संसारलाई दादागिरी देखाउने संरा अमेरिकी राष्ट्रपति ट्रम्प इरानसँग भागी हिंड्नुपरेको र भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादले गर्दै आएको कुकृत्यहरू पनि तःमुंज्यामा वाचन हुने साहित्यको विषयवस्तु हुनुपर्ने सुझाव उहाँले दिनुभयो।

वाग्मती प्रदेशसभा सदस्य एवं नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले भाषा आन्दोलनकै रूपमा तःमुंज्यालाई लानुपर्ने उल्लेख गर्दै शासकवर्गले नेपालभाषालाई निमिट्यान्न पार्न खोजिरहेको अवस्थामा नयाँ पुस्तालाई मातृभाषाको प्रयोगमा प्राथमिकता दिँदै जानुपर्ने आवश्यकता औँल्याउनुभयो।

विदेशीको निर्देशनमा होइन आफ्नै जनताको बुलबुट्टामा क्रान्ति गर्न सकेमात्र क्रान्ति स्थिर हुने उहाँले बताउनुभयो।

नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष आशाकुमार चिकंबञ्जारले नेपालभाषाको शब्द भण्डारलाई बढाउनुपर्ने, भाषा अनुवाद गर्दा भावानुवाद हुनुपर्ने, प्रतीक र बिम्ब प्रयोग गर्दा स्थानीय भाषामा प्रयोग हुने विषयलाई मनन गर्नुपर्ने बताउनुभयो।

ग्साखलका अध्यक्ष उकेश कवांको सभापतित्वमा भएको उक्त कार्यक्रममा साहित्य समितिका संयोजक पुण्यराम कवां र सचिव पुरुषोत्तम ग्वाछ्वाले पनि बोल्नुभएको थियो।

# नेक्राशिसङ्घ सूर्यविनायक नगर समिति पुनर्गठन

भक्तपुर। नेपाल क्रान्तिकारी शिक्षक सङ्घ सूर्यविनायक नगर समितिको आयोजनामा भाद्र ७ गते शिक्षक भेला भयो।

नेमकिपाका केन्द्रीय सदस्य उकेश कवांले शिक्षकले विद्यार्थीलाई आदर्श समाजको लागि तयार गर्नुपर्ने उल्लेख गर्दै विद्यार्थी वर्गलाई वैज्ञानिक चिन्तन र भौतिकवादी दृष्टिकोणले सुसज्जित बनाउनुपर्ने विचार व्यक्त गर्नुभयो। उहाँले शिक्षक स्वयम् प्रविधिसित अद्यावधिक हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

नेमकिपा सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले विद्यार्थीलाई इतिहास सँगसँगै सच्चा चरित्र विकासमा शिक्षकहरूले सहयोग गर्नुपर्ने, विद्यालय राम्रो गर्न खोज्दा पनि कैयौँ अड्चन आउने भएकोले शिक्षकहरू सचेत र सजग रहनुपर्ने बताउनुभयो।

नेक्राशिसङ्घ केन्द्रीय समितिका सदस्य जगन्नाथ सुजखुले आइतबारे बिदाले गरिब जनताका छोराछोरीलाई प्रत्यक्ष असर गर्ने भएकोले आइतबारलाई रचनात्मक कार्यक्रम गरी उपयोग गर्नुपर्ने सुझाव दिनुभयो।

नेक्राशिसङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाले शिक्षक समाजको अवयव भएकोले राजनीतिबाट अलग हुन नसक्ने र सही मार्ग शिक्षकले मात्र दिन सक्ने भएकोले शिक्षकलाई राजनीतिबाट अलग राख्न खोज्नु गलत हो भन्नुभयो।

समितिका अध्यक्ष केपी छुस्याकीको सभापतित्वमा भएको उक्त भेलाले सुरेश बखुन्छेको अध्यक्षतामा नयाँ कार्य समिति गठन गरेको थियो।

# समाजवादी व्यवस्था अपरिहार्य पञ्चायती मतियारहरूको षड्यन्त्र 'भक्तपुर काण्ड'

भक्तपुर। नेपाल मजदुर किसान पार्टी चानपा- ४ चाँगुको आयोजनामा नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्न पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र भक्तपुर काण्ड ( २०४५ साल भदौ ९) को विरोध तथा भर्त्सना कार्यक्रम भाद्र ६ गते सम्पन्न भयो।

उक्त विरोध तथा भर्त्सना कार्यक्रममा नेमकिपा जिल्ला समिति भक्तपुरका उपाध्यक्ष न्हुछेभक्त फोजुले नेमकिपा र नेमकिपाका जनप्रतिनिधिहरूले फोहोर नगरलाई स्वच्छ र सफा सुन्दर नगरमा परिणत गरेको, कामदारवर्गका जनतालाई प्रौढ शिक्षा, साक्षरोत्तर शिक्षा र महिला शिक्षाद्वारा साक्षर बनाइएको, पुर्खाले सिर्जेका सम्पदाहरू संरक्षण गर्ने कार्य गरेको, शिक्षाको विकास र प्रचार गरेको, मोहियानी हकबाट बञ्चित भएका किसानहरूलाई मोहियानी हक प्रदान गराउन विभिन्न कार्य गरेको र गुठी जग्गा रैतानी परिणत गर्न गुठी जग्गा कमाउने किसानहरूलाई सहयोग गर्ने जस्ता जनताको हितमा कार्य गरेको कारण तत्कालीन पञ्चायती व्यवस्थाका मतियारहरूले भक्तपुर काण्ड रचेको बताउनुभयो।

समाजवादी व्यवस्थामा मात्र शिक्षा र स्वास्थ्य सेवा निःशुल्क हुने, योग्यताअनुसार काम, कामअनुसार ज्याला, व्यक्तित्व विकासमा समान अवसर, काममामको ग्यारेन्टी हुने, ज्येष्ठ नागरिक तथा बालबालिकाहरूको सम्मान, संरक्षण र भलाइ हुने हुँदा समाजवादी व्यवस्था अपरिहार्य भएकोमा उहाँले जोड दिनुभयो।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालले भक्तपुर काण्डबारे प्रकाश पार्दै आफूलगायतका अन्य साथीहरूले प्रहरी हिरासतमा भोगेको यातना, दुःख कष्टबारे विस्तृत जानकारी दिनुभयो। उहाँले नेमकिपाले मोहियानी हक प्रदान गर्ने, मोहियानी हक सुरक्षा गर्ने, बाली काट्ने र भर्पाई आन्दोलन नगरेका भए किसानहरूको आर्थिक अवस्था नसुध्रिने र छोरा छोरीहरूलाई उच्च शिक्षा हासिल गराउन नसकिने अवस्था सृजना हुन्थ्यो भन्नुभयो।

नेमकिपा, चानपा- ४ चाँगुका अध्यक्ष श्रीभक्त भडेलको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा मधुबहादुर थापा र धनवीर श्रेष्ठले भक्तपुर काण्ड र समसामायिक विषयमा आफ्ना अनुभवहरू सुनाउनुभएको थियो।

**सञ्चार...**

प्रमुख प्रजापतिले 'सञ्चार माध्यममा भक्तपुर नपा' र 'सञ्चार माध्यममा भक्तपुर नपा २' पुस्तकलाई भक्तपुर नगरपालिकाका लागि ऐनासरह भएको धारणा राख्दै पत्रकार, लेखक र सम्पादकहरूले नगरपालिकाका कामको कसरी मूल्याङ्कन गरेका छन् भन्ने बुझ्न पुस्तकले सहयोग मिलेको उल्लेख गर्नुभयो।

भक्तपुर नगरपालिकाकी उपप्रमुख रजनी जोशीले सम्पूर्ण सञ्चारकर्मी तथा लेखकहरूप्रति भक्तपुर नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो।

उहाँले भक्तपुर नगरपालिकाले अवलम्बन गर्दै आएका असल अभ्यासहरू देशभरकै लागि उदाहरणीय बनेको बताउनुभयो।

भक्तपुरको हरेक गतिविधि र विकास निर्माणमा जनताको निरन्तर साथ र सहयोग रहेकै कारण नगरपालिकालाई काम गर्न सहज भएको उहाँले बताउनुभयो।

'भक्तपुर मासिक' का सम्पादक लक्ष्मणराज जोशीले पुस्तकको समीक्षा गर्दै भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा, खेलकुद, सहकारी आदि विषयमा थुप्रै पुस्तकहरू प्रकाशन गरिसकेको बताउनुभयो।

पत्रकारहरूले विभिन्न विषयमा लेखेका सामग्री समेटिएका पुस्तक प्रकाशन हुनु महत्त्वपूर्ण कार्य भएको बताउँदै उहाँले विगतमा राष्ट्रिय पत्रिकाहरूमा भक्तपुरका समाचार प्रायः प्रकाशित नहुने र प्रकाशित भए पनि तोडमोड गरेर छापिने गरेको उल्लेख गर्नुभयो।

पत्रकार र पत्रकारिता सरकारको सेवक नभई जनताको आवाज भएको उहाँले बताउनुभयो।

भक्तपुर नगरपालिकाका पूर्वप्रमुख प्रशासकीय अधिकृत राममणि भट्टराईले भक्तपुर नगरपालिकाको सबैभन्दा महत्त्वपूर्ण पक्ष सांस्कृतिक धरोहर नै भएको बताउँदै भक्तपुरको सांस्कृतिक धरोहरसँगै शिक्षा र स्वास्थ्य क्षेत्र पनि थपिँदै गएको उल्लेख गर्नुभयो।

आफू भक्तपुर नगरपालिकामा कार्यरत रहँदा केही सम्झनलायक काम गरेको स्मरण गर्दै उहाँले नगरपालिकाका कामलाई आयमूलक रूपमा पनि अगाडि बढाउनुपर्ने धारणा राख्नुभयो।

नेपाल पत्रकार महासङ्घ भक्तपुरका अध्यक्ष सुन्दर शिल्पकारले सञ्चारकर्मीलाई सम्मान गरेकोमा भक्तपुर नगरपालिकालाई धन्यवाद दिँदै 'सञ्चार माध्यममा भक्तपुर' पुस्तकले सञ्चारकर्मीहरूको कामको मूल्याङ्कन गरेको बताउनुभयो।

भक्तपुर नगरपालिकाले गरेका कामको प्रचारप्रसारमा पत्रकारहरूले निःस्वार्थ रूपमा काम गरेको बताउँदै पत्रकारहरूका लागि यो कार्यक्रम निकै विशेष रहेको बताउनुभयो।

कवि तथा शिक्षक हरिहर तिमिल्सिनाले भक्तपुर सबै पक्षमा सबल देखिएको बताउँदै फोहोरमैला आफै व्यवस्थापन गर्ने भक्तपुर नगरपालिकाको कदम प्रशंसनीय छ भन्नुभयो।

नेपाल पत्रकार महासङ्घ भक्तपुरका पूर्वअध्यक्ष पुष्कर बुढाथोकीले पत्रकारिताको सिलसिलामा भक्तपुरसँग जोडिएपछि यहाँका समाचार सम्प्रेषण गर्दाका अनुभव सुनाउँदै भक्तपुरका संस्थागत अभ्यासहरू नमुनायोग्य रहेको बताउनुभयो।

'नयाँ पत्रिका' राष्ट्रिय दैनिककी पत्रकार शान्ति तामाङले भक्तपुर नगरपालिकाको कामकारबाहीले आफूलाई भक्तपुरका विषयमा लेख्न प्रेरित गरेको र भक्तपुरको मौलिकता अन्य ठाउँमा नपाइने बताउनुभयो।

स्वतन्त्र पत्रकार उपेन्द्र लामिछानेले भक्तपुरका हरेक गल्ली, चोक र आँगनले नगरलाई सुन्दर बनाएको बताउनुभयो।

भक्तपुरले शिक्षा क्षेत्रमा गरेको काम तथा सम्पदा संरक्षण र संरचना निर्माणको काम उदाहरणीय रहेको र नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँको 'सय वर्षपछिको भक्तपुर' पुस्तक नै भक्तपुरको विकासका लागि मार्गदर्शन बनेको छ, उहाँले भन्नुभयो।

स्वतन्त्र पत्रकार मकर श्रेष्ठले पत्रकारका लेखहरू सङ्ग्रह गरी पुस्तक प्रकाशन गर्नु सराहनीय कार्य भएको बताउँदै पत्रकारहरूले लेखेका समाचार र लेखकै आधारमा भक्तपुर नगरपालिकाको कामबाट अन्य स्थानीय तहले पनि सिकेको उल्लेख गर्नुभयो।

नेमकिपाको पहिचान र नगरको सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माणबाट भक्तपुर चिनिने गरेको धारणा राख्दै उहाँले पुस्तक प्रकाशन पनि पत्रकारिताको महत्त्वपूर्ण पाटो भएको बताउनुभयो।

'नागरिक दैनिक'का पत्रकार कृष्ण किसीले पुस्तकको समीक्षा गर्दै देशका ७५३ वटा स्थानीय तहमध्ये भक्तपुर नगरपालिका कामका हिसाबले अग्रस्थानमा रहेको र पुस्तक प्रकाशनको कार्यलाई अझ व्यापक बनाउँदै लैजानुपर्ने बताउनुभयो।

पत्रकार रमेश गिरीले पुस्तकका बारेमा बोल्दै विगत २२ वर्षदेखि भक्तपुर नगरपालिका र यहाँका विभिन्न गतिविधिसम्बन्धी समाचार लेख्दै आएको स्मरण गर्दै भक्तपुरका गतिविधिसँग सम्बन्धित समाचारका दस्ताबेजहरू खोजी गरी पुस्तक प्रकाशन गर्ने योजना रहेको जानकारी दिनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुर नगरपालिकाले गरेका काम जनतासमक्ष पुऱ्याउने महत्त्वपूर्ण भूमिका पत्रकारहरूले निर्वाह गरेको बताउनुभयो।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो।

लेख-रचना, समाचार लेख्ने विभिन्न पत्रपत्रिकाका सम्पादक, पत्रकार तथा लेखकहरूलाई कार्यक्रममा अतिथिहरूबाट मायाको चिनो र प्रशंसापत्र प्रदान गरिएको उक्त कार्यक्रममा रेडियो टेलिभिजन सञ्चार कर्मीहरू छुटेकोबारे पनि चर्चा गर्नुभएको थियो।

**कर तिर्ने संस्कृतिको विकास गरौं**

- ❖ कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- ❖ प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रूपमा बिल-बिजक लिऔं र दिऔं,
- ❖ कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
- ❖ डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- ❖ करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- ❖ पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- ❖ करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं।

कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

**एकक्षण** — प्रधान

# दैनिक पत्रिकाहरू हेर्दै जाँदा ...

विद्यालय जीवनको बेला हामीलाई विद्यार्थीहरू 'राजनीतिमा लाग्नु हुन्न, लागेमा जीवन बर्बाद हुन्छ' भनी शिक्षक, अभिभावक र बुद्धिजीवी भनाउँदाहरू भन्थे। तर, शिक्षकहरू आफै राजनीतिक दलहरूमा लागेर राम्रो ठाउँमा सरूवा गरेर काठमाडौँमा घर बनाए, ठुलाबडा भए तथा आफ्ना छोराछोरी र नातागोतालाई देश र विदेशका ठाउँ ठाउँमा पुऱ्याए। हाम्रा अभिभावकहरू पनि आ-आफ्ना छोराछोरीको लागि ठुलबडासँगै गुहार्थे। बुद्धिजीवी भनाउँदाहरू धेरै पढेर वा सिकेर विश्वविद्यालयका उच्च पदमा जान, मनोनीत हुन र राजदूत नियुक्ति हुनको लागि सबै प्रकारका उपायहरू लगाउँथे।

तर केहीले प्रश्न गर्छन् - "के योग्य व्यक्तिहरू योग्य ठाउँमा जान कोसिस गर्नु नराम्रो हो र ? देशको इज्जत र गौरवसँग जोडिएको पदमा शासकका नातागोता, जँड्याहा, घुस्याहा र अयोग्यहरू पुगेमा के देशको गरिमा रहला ?"

मध्यपूर्वका कति देशमा हाम्रा दूतावासहरू खुलेका छन्। काममा कसरी ढिलाइ भयो भन्ने प्रश्नको उत्तरमा सुनिन्थ्यो - "हाम्रा दूतावासहरूमा त्यहाँको भाषा बोल्ने र लेख्ने तथा राम्रो अङ्ग्रेजी लेख्न र बोल्न सक्ने कर्मचारीहरू नै छैनन् ! फेरि कति राजदूतहरू बिहानै रक्सी र जाँड खाएर बस्थे; कति व्यापार र आफ्ना नातागोताको काम गरेरै भ्याउँदैनथे ! सरकार एवं जनताको के काम गर्लान् !"

निश्चय पनि सबै त्यस्ता होइन होला ! यसमा प्रमुख दोषी - शासक र सरकारमा जाने राजनीतिक दलका नेताहरू हुन्; निर्वाचनको बेला पुँजीवादी राजनीतिक दलहरूलाई करोडौँ रुपैयाँ दिने साहुमहाजन, ठेकेदार, कानुनविरोधी व्यापारी वा तस्कर, विदेशमा युवा-युवती पठाउने गल्लावाल तथा विदेशी वा बहुराष्ट्रिय कम्पनीका एजेन्टहरू हुन्।

देश र जनताको सेवामा लागेमा छोराछोरी बर्बाद हुन्छ भनी गलत प्रचार गर्नेहरू पनि यी नै छटु र ठगहरूका हाँगाबिँगा हुन् भनी मानिसहरू चर्चा गर्छन्। यस्ता कुरा त धेरै चेत्नेहरूबाटै आउने भए, तर यहाँ मारवाडीहरूको कुरा उल्लेख छैन।

देश र जनतालाई बर्बाद पार्नेहरूमा शासक र शासक दलहरूकै सिंढी चढेर ठुलठुला ठाउँमा पुग्नेहरू कर्मचारी मात्र के कम छन् र ! सबै बहादुर हुन् 'परराष्ट्रबाटै हराए ५०० ट्राभल डकुमेन्ट - १५ वर्षसम्म गुपचुप !' ( कान्तिपुर, ६ भदौ २०८३)

"पूर्वसञ्चारमन्त्री खरेलले स्मार्ट टेलिभिजनको फाइल दुई महिना रोकेको खुलासा'। सञ्चार सचिव र प्राधिकरण अध्यक्ष भन्छन्, "मन्त्रीले फाइल रोक्दा स्मार्टको सम्पत्ति मूल्याङ्कन गर्न सकिएन।" (राजधानी, ४ भदौ २०८३)

'१७ अर्ब छुट दिएर यूटीएलको लाइसेन्स नवीकरण गर्न चलखेल', '३० अर्ब ८० करोड दायित्व बोकेको यूटीएललाई १३ अर्बमै हिसाब मिलाउने तयारी', 'लाइसेन्स नवीकरण गरिदिए ४ अर्ब लगानी थप्ने यूटीएलको आश्वासन', 'राष्ट्र बैङ्कको अनुमतिबिनै यूटीएलमा विदेशी लगानी भएको अदालतको ठहर', 'राष्ट्र बैङ्कको स्वीकृति नलिई विदेशी लगानी', 'प्रधानमन्त्री डा. बाबुरामको पालामा राजकिशोरको सेटिङमा एकीकृत लाइसेन्स।' ( राजधानी ५ भदौ २०८३)

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रथम आयुक्त प्रेमकुमार राईका अनुसार 'आयोगसँग उपलब्ध जनशक्ति, समय र प्रविधिले भ्याएसम्म अनुसन्धान टुङ्ग्याएर अभियोजन प्रक्रिया अघि बढाइने छ।' समाचारको शीर्षक छ - 'कार्कीसहित सबै पूर्वप्रधानमन्त्रीविरूद्ध भ्रष्टाचारमा अनुसन्धान'।

५ भदौको 'नयाँ पत्रिका' को शीर्षक थियो -'११ हजार बचतकर्ताको डेढ अर्ब हिनामिनामा मुछिएका तामाङलाई एमालेले बनायो मन्त्री', बिनाविभागीय मन्त्री बनाइएका ज्ञानबहादुर तामाङ आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय लिने लबिङमा।'

'सवारी साधनमा ५ वर्षमा बाहिरियो ४७० अर्ब' (अन्नपूर्ण, ३१ साउन २०८३) यस समाचारले थाहा हुन्छ - आफ्नो देशको आम्दानी घट्दै जाने र मीथल्ला उपभोक्ताहरूको साधनहरूमा आयात बढाउँदा देशको उत्पादन गर्ने क्षेत्रमा पुँजी लगानी नहुँदा देश झन् झन् गरिब हुँदै जाने स्वतः सिद्ध छ।

नेपाली जनताले आफ्नो देशको जलविद्युत्‌मा बत्ती, खाना पकाउने, सडक बत्ती र अन्य दैनिक जीवनका वस्तु र यातायातसमेत विद्युत्‌बाट हुने आशाका समाचारले दङ्ग थिए। तर, हिजो-आजको ग्यासको लाम र मूल्यवृद्धिले नेपाली जनता ठगिएको मात्रै होइन नेपाल भारतको नयाँ उपनिवेश भएको अनुभव गर्दै छन्।

'नेपाली बिजुलीको सदाबहार बजार भारत बने ?' शीर्षक (कान्तिपुर, ८ भदौ २०८३) को समाचारले नेपाल एक एक पाइला गरेर जलविद्युत्‌कै कारण नेपाल भारतीय एकाधिकार पुँजीको 'नवउपनिवेश' बन्दै छ भन्ने कुरा कुनै दुविधा छैन। नेपाल विदेशी पुँजीका एजेन्टहरूबाट सचेत हुनुपर्छ। सबै सचेत होऔँ।

**देश...**

गोसाईको सभापतित्वमा भएको सो कार्यक्रममा संस्थाका संस्थापक सल्लाहकार लक्ष्मीभक्त कवां, संस्थाका अध्यक्ष कृष्णनारायण मचामसी, संस्थाका प्रबन्धक दिनेश ग्वाछा, सदस्य रोशन मचामसी, उपसमितिका सदस्यहरू ललिता गोसाई र गंगा मचामसीले जनताका नेता कार्यकर्ताहरूलाई दुःख दिनको लागि रचिएको भक्तपुर काण्डको विरोध गर्नुभएको थियो।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३